# राजस्व सुधार कार्ययोजना

# २०७९/८०–२०८१/८२

आठबिसकोट नगरपालिका




# आठबिसकोट नगरपालिका

## रुकुम पश्चिम

## २०७९

# विषय सूची


## परिच्छेद एक: परिचय १

१.१ पृष्ठभूमी १
१.२ राजस्व सुधार योजनाको औचित्य २
१.३ राजस्व सुधार कार्ययोजनाका उद्देश्यहरु ३
१.४ राजस्व सुधार कार्ययोजना तर्जुमा विधि र प्रक्रिया ४
१.४.१ सन्दर्भ सामग्री संकलन तथा समिक्षा ४
१.४.२ स्थलगत सर्वेक्षण पूर्व तयारी छलफल ४
१.४.३ अभिमुखीकरण तथा राजस्व सुधार कार्ययोजना तयारी कार्यशाला ५
१.४.४ सूचना/तथ्याङ्क संकलन ५
१.४.५ सूचना/तथ्याङ्कको विश्लेषण ५
१.४.६ मस्यौदा कार्ययोजना तयारी ६
१.४.७ मस्यौदा प्रतिवेदन उपर छलफल तथा सुझाव संकलन ८
१.४.८ अन्तिम प्रतिवेदन तयारी, छलफल एवं स्वीकृति ८
१.५ अध्ययनको सिमा ८

## परिच्छेद दुई: नगरपालिकाको सक्षिप्त परिचय ९

२.१ नगरपालिको गठन तथा नामांकरण ९
२.२ प्रशाशनिक विभाजन ९
२.३ भौगोलिक तथा प्राकृतिक अवस्था १०
२.४ वडागत रुपमा घरधुरी तथा जनसंख्या १०
२.५ आर्थिक अवस्था ११
२.६ गाउँपालिकाको मानवीय संशाधन १४
२.७ भौतिक सम्पतिको अवस्था १६

## परिच्छेद तीन: स्थानीय तहको राजस्व अधिकार तथा आय सम्भाव्यता १९

३.१ स्थानीय तहको राजस्व अधिकार सम्बन्धी संवैधानिक तथा कानूनी व्यवस्था १९
३.२ आन्तरिक आय परिचालनको वर्तमान अवस्था २५
३.३ आन्तरिक राजस्व संकलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण २६
३.३.१ कर राजस्व २७
३.३.२ गैरकर राजस्व ३७

## परिच्छेद चार: आय संकलनको संस्थागत क्षमता तथा अवस्था ५१

४.१ राजस्व परिचालन सम्बन्धी नीति ५१

४.१.१ राजस्व परिचालन संस्थागत तथा नीति विश्लेषण ५१
४.२ आय संकलनको संस्थागत क्षमता ५५
४.२.१ स्थानीय राजस्व परामर्श समिति ५५
४.२.२ राजस्व शाखा तथा राजस्व प्रशासन ५६
४.३ नगरपालिकाको आन्तरिक आय परिचालन ५६
४.४ विगतको राजस्व संकलनको अवस्था ५८
४.५ राजस्व परिचालनमा रहेका सवालहरू ५९
**परिच्छेद पाँच: राजस्व सुधार कार्ययोजना ६२**
५.१ नगरपालिकाको राजस्व सुधार कार्ययोजना ६२
**परिच्छेद छ: आगामी तीन वर्षको आय प्रक्षेपण ६७**
६.१ राजस्व सुधार कार्ययोजनाका आधारमा राजस्व प्रक्षेपण ६७
६.२ नगरपालिकाको आगामी तीन आर्थिक वर्षको राजस्व प्रक्षेपण ७१
**परिछेद सात: अपेक्षित आय ७९**
**परिच्छेद आठ: अनुगमन तथा मूल्यांकन ८०**
**अनुसूचीहरु ८३**
अनुसूची १: सन्दर्भ सामग्रीहरूको सूची ८४
अनुसूची २: राजस्व सुधार कार्ययोजनाका सूचकहरु ८७
अनुसूची ३: विषयगत विश्लेषणसँग सम्बन्धित तथ्याङ्क संकलनको नमूना फाराम ९०
अनुसूची ४: वस्तुगत विश्लेषणसँग सम्बन्धित तथ्याङ्क संकलनको नमूना फाराम ९४
अनुसूची ५: आय प्रक्षेपणको ढाँचा १००

## तालिका सूची

तालिका १: वडा अनुसार जनसंख्या विवरण ११
तालिका २: हाल कार्यरत कर्मचारी र कार्यरत शाखा १५
तालिका ३: गाउंपालिकाको भौतिक सम्पतिको विवरण १६
तालिका ४: नगरपालिकाको स्वमित्व वा भोगचलनमा रहेका जग्गा १७
तालिका ५: नगरपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था २५
तालिका ६: सम्भाव्य सम्पत्ति करदाता तथा सम्पत्ति कर २८
तालिका ७: व्यवसाय सम्बन्धी विवरण ३२
तालिका ८: वार्षिक सवारी कर दर ३६

तालिका ९: नगरपालिकामा पार्किङ गरेका सवारी साधनलाई वार्षिक पार्किङ शुल्क लगाउन सक्ने सम्भावना ४२
तालिका १०: नगरपालिकाको स्वामित्वमा भएका सम्पत्तिहरु ४९
तालिका ११: राजस्व परिचालनको संस्थागत तथा नीतिगत विश्लेषण ५२
तालिका १२: राजस्व परामर्श समिति ५५
तालिका १३: गाउँपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था ५६
तालिका १४: विगत ३ वर्षको आय विवरण ५९
तालिका १५: कर राजस्व सूधार कार्ययोजना ६२
तालिका १६: गैरकर राजस्व सुधार कार्ययोजना ६४
तालिका १७: गैरकर राजस्व सुधार योजना ६५
तालिका १८: आगामी तीन आ.व.का लागि राजस्व प्रक्षेपण ६७
तालिका १९: नगरपालिकाको आगामी ३ आर्थिक वर्षको आन्तरिक राजस्वको प्रक्षेपण ७२
तालिका २०: नगरपालिकाको अपेक्षित आय संक्षेपमा ७९
तालिका २१: अनुगमन कार्यान्वयन योजना ८१

## चित्र सूची

चित्र १: गाउँपालिकाको भौगोलिका अवस्थिति १०
चित्र २: नेपालको संविधानले अनुसूची ८ अनुसार स्थानीय तहलाई वित्तीय अधिकार १९
चित्र ३: तहगत राजस्व अधिकार २०
चित्र ४: राजस्व तथा करका विभिन्न शीर्षकहरु २७
चित्र ५: अनुगमन मूल्यांकन चक्र ८०

# परिच्छेद एकः परिचय

## १.१ पृष्ठभूमी

नेपालको संविधानले राज्य शक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले गर्ने गरी तीनवटै तहको सरकारको कार्य जिम्मेवारी निर्धारण गरेको छ । संविधानले तीन तहका सरकारहरुबीच अधिकार बाँडफाँड गरी उक्त अधिकारको कार्यान्वयनका लागि वित्तीय स्रोतको व्यवस्था गरेको छ। नेपालको संविधान (भाग १९, अनुसूचि ८) मा आफ्नो अधिकार क्षेत्र भित्रको विषयमा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसार पसार, पूँजी तथा श्रम बजार, छिमेकी प्रदेश वा स्थानीय तहलाई प्रतिकुल नहुने गरि कानून बनाई कर लगाउन सक्ने व्यवस्था गरिए अनुरुप स्थानीय तहहरुले राजस्व अधिकारको प्रयोग गरि कर तथा गैरकर संकलनका आधारभुत मान्यता अनुरुप राजस्व, कर, शुल्क र दस्तुर उठाउन सक्नेछन। अनुदान र राजस्व अधिकार बाहेक स्थानीय तहले संविधान र सङ्घीय कानून बमोजिम राजस्व बाँडफाँड बापत रकम प्राप्त गर्नसक्ने र नेपाल सरकारको पूर्व स्वीकृतिमा ऋण लिन सक्ने कानूनी व्यबस्था समेत गरिएको छ । त्यसैगरि स्थानीय सरकार संचालन ऐन २०७४ र अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ ले स्थानीय सरकारलाइ विभिन्न किसिमका राजस्वको श्रोत, संभाव्य राजस्वको पहिचान, संकलन, राजस्व बाँडफाँडको अधिकारको प्रत्यायोजन गरेको छ । खासगरि स्थानीय तहको उद्देश्य भनेको स्थानीय सरकारलाई वित्तीयरुपमा सवल बनाउने, स्थानीय सरकारको खर्च व्यवस्थापन गर्ने र स्थानीय तहमा सुशासनको प्रत्याभूती गराउने पनि हो ।

अन्तरसरकारी वित्तीय हस्तान्तरण अन्तर्गत संघ तथा प्रदेश सरकारबाट वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदान स्थानीय तहले प्राप्त गर्दछन् । त्यसैगरी संघ तथा प्रदेश सरकारबाट असुल हुने राजस्व तथा प्राकृतिक स्रोतबाट प्राप्त हुने रकमको निश्चित प्रतिशत स्थानीय सरकारलाई बाँडफाँड हुने प्रावधान रहेको छ । यी अनुदान तथा राजस्व बाँडफाँडबाट प्राप्त रकमले मात्र स्थानीय तहको खर्च आवश्यकता पुरा हुन सक्दैन । खर्च आवश्यकता र स्रोतका बीच अन्तर कम गर्न राज्यको राजस्व अधिकारको समेत तहगत सरकारबीच बाँडफाँड गरिएको छ । संघीय वित्त व्यवस्थाका मान्यता अनुसार स्थानीय तहलाई विभिन्न कर तथा गैर करहरु लगाउने र उठाउने गरी राजस्व अधिकार समेत संबैधानिक रुपमै प्रदान गरिएकोछ । नेपाल सरकारको पूर्व स्वीकृतिमा स्थानीय तहहरुले आफ्नो बजेट व्यवस्थापन गर्न ऋण लिन सक्ने कानूनी व्यवस्था समेत गरिएको छ । नेपाल सरकारले ऋण लिने पूर्व स्वीकृतिको आधार सम्बन्धित स्थानीय सरकारको आन्तरिक स्रोतको परिमाण र दिगोपनालाई मानिएको छ ।

स्थानीय तहहरुले आफूलाइ तोकेको कार्य र जिम्मेवारी पुरा गर्नको लागि वित्तीय दृष्टिले सक्षम हुनु पर्दछ । वर्तमान अवस्थासम्म अधिकांश स्थानीय तहहरु संघ र प्रदेशबाट प्रदान गरिएको बाह्य श्रोतमा निर्भर रहेको देखिन्छ ।संविधान र कानूनबाट प्राप्त अधिकारलाई उपयोग

गर्ने क्रममा स्थानीय सरकारहरु प्रदेश र संघको मुख मात्रै ताक्ने र आन्तरिक श्रोत र राजस्व परिचालनमा लामो समय उदासिन हुने हो भने त्यसले दीर्घकालमा स्थानीय सरकारको स्वायत्तता र दिगोपनमा प्रश्न उठ्न सक्ने कुरालाई नजर अन्दाज गर्न मिल्दैन । यसबाट छुट्कारा पाउनको लागि स्थानीय तहहरुको आन्तरिक राजस्व परिचालन क्षमतामा कानून सम्मत ढगंले बृद्धि गर्नुपर्ने अपरिहार्य आवश्यकता रहन्छ । उल्लेखित कार्य गर्नको लागि स्थानीय तहहरुसँग राजस्व सुधार कार्य योजनाको खाँचो देखिन्छ ।

यही खाँचोलाई पूरा गर्ने सन्दर्भमा कर्णाली प्रदेश अन्तर्गत रुकुम (पश्चिम) जिल्लाको आठबिसकोट नगरपालिकाको आन्तरिक आय परिचालनमा सुधार ल्याउनको लागि राजस्व सुधारका कृयाकलापहरु पहिचान गर्न र पहिचान गरिएका कृयाकलापहरुको कार्यान्वयनबाट स्थानीय तहको आन्तरिक आयमा पर्न सक्ने प्रभाव समेतका आधारमा आगामी ३ आर्थिक वर्षको राजस्वको प्रक्षेपण गर्ने कार्यलाई मार्गदर्शन गर्न यो राजस्व सुधार कार्ययोजना तर्जुमा गरिएको छ । यो कार्ययोजनाल स्थानीय तहलाई आन्तरिक आय परिचालनमा सुधार ल्याउन र राजस्व प्रक्षेपणलाई यथार्थपरक र बैज्ञानिक बनाई बजेट तर्जुमा प्रक्रियालाई थप व्यवस्थित गर्न मद्दत मिल्ने विश्वास लिईएको छ ।

## १.२ राजस्व सुधार योजनाको औचित्य

सरकारले बिभिन्न क्षेत्रमा गर्ने विकासका कार्यलाई व्यवस्थित गरी जनताको चाहना अनुरुप सेवा प्रवाहलाई प्रभावकारी बनाउन ठूलो मात्रामा लगानी वा पूँजिको आवश्यक देखिन्छ । हाल नेपालको राज्य सञ्चालनमा संघ, प्रदेश र स्थानीय गरी तीन तहबाट हुने व्यवस्था नेपालको संविधानले व्याख्या गरेको छ । स्थानीय सरकारलाई विकास निमार्णको लागि संघ र प्रदेश सरकारबाट विभिन्न प्रकारका अनुदान तथा राजस्व बाँडफाँडबाट उपलब्ध हुन्छ । यसका साथै स्थानीय तहमा पनि बिभिन्न शीर्षकमा राजस्व उठाउने अधिकार दिइएको हुन्छ । जसअन्तर्गत विभिन्न कर तथा सेवा शुल्कका साथै दण्ड जरिवाना जस्ता कर पनि लगाउने अधिकार प्रदान गरिएको छ । साथै स्थानीय सरकारले अन्य स्वदेशी तथा वैदेशिक संघसंस्थाहरुबाट अनुदान रकम, सहयोग पनि प्राप्त गर्न सक्ने छ । यसका साथै स्थानीय सरकारले आन्तरिक रिन पनि लिन सक्ने कानूनी व्यवस्था छ । उक्त कार्यको लागि वित्त आयोगको सिमा र अधिकारभित्र रही रिन लिन सक्ने प्रावधान रहेकोछ ।

माथि उल्लेखित विभिन्न संवैधानिक अधिकारभित्र रही स्थानीय सरकार संचालन गर्न गाउँपालिका तथा नगरपालिकालाई आन्तरिक आय परिचालन गर्न सक्ने प्रशस्त अधिकार र क्षेत्रहरु दिएको भएता पनि ती अधिकारलाई व्यवस्थित तथा न्यायोचित तरिकाले पूर्ण रुपमा परिचालन गर्न सकिरहेका छैनन । यसको संम्भाबित प्रमुख कारणहरुमा स्थानीय तहको नयाँ संरचना भएकोले त्यसका लागि आवश्यक नीति तथा कार्यविधि, संगठनात्मक व्यवस्था, सूचना तथा

तथ्याङ्कको उपयुक्त व्यबस्थापन नहुनु, सूचनाहरु अद्यावधिक नहुनु, आयको सम्भाव्यता अध्ययन नहुनु, नियन्त्रण प्रणालीको स्थापना आदिको स्थापना तथा अभ्यासको कमी हुनु रहेको छ ।

उल्लेखित अवस्थाहरूमा सुधार ल्याउनका लागि आन्तरिक आयको अवस्था विश्लेषण गरी सुधारका मार्गहरुपय पहिचान, राजस्व बृद्धिका संभावनाहरुको खोजी गर्नु, राजस्व प्रशासनको विद्यमान संगठनात्मक संरचनाको विश्लेषण गर्दै सुधारका ठोस आधारहरु पहिल्याउन र आगामी ३ आर्थिक वर्षको  राजस्वको  प्रक्षेपण गर्नु नितान्त आवश्यक हुनेहुँदा यस प्रतिवेदनमा कर्णाली प्रदेश अन्तर्गत रुकुम (पश्चिम) जिल्लाको आठबिसकोट नगरपालिकाको राजस्व सुधार कार्ययोजना तयार पारिएको छ ।

## १.३ राजस्व सुधार कार्ययोजनाका उद्देश्यहरु

आठबिसकोट नगरपालिकाको आन्तरिक आयको विद्यमान अवस्था, आन्तरिक स्रोतको संभावना तथा देखिएका समस्याहरूलाई न्यूनीकरण गर्न यस कार्ययोजना तयारी गर्नु तथा सोका आधारमा आगामी तीन वर्षको आय प्रक्षेपणमा नगरपालिकालाई सहयोग पुऱ्याउनु नै यस कार्यक्रमको मुख्य उद्देश्य रहेको छ । यस कार्यक्रमका सहायक उद्देश्यहरू देहाय अनुसार रहेका छन् :

(क) स्थानीय तहका जनप्रतिनिधीहरु तथा कर्मचारीहरुलाई राजस्व सुधार कार्यायोजना सम्बन्धी अभिमुखीकरण गर्ने ।

(ख) विभिन्न शीर्षकका कर र यसका आधार तथा विगत तीन वर्षको आन्तरिक आयको अवस्थाको विश्लेषण गर्ने ।

(ग) आन्तरिक आय वृद्धिको लागि आयका प्रमुख स्रोतहरूको सम्भावना र यथार्थ असुलीमा भएको फरकको पहिचान गर्ने ।

(घ) स्थानीय तहको राजस्व प्रशासनको सँगठनात्मक संरचना, राजस्व सङ्कलन तथा विलिङ्ग पद्धति र आन्तरिक नियन्त्रण प्रणाली सहित स्थानीय तहको समग्र राजस्व प्रशासन तथा यसको कार्यकुशलताको विश्लेषण गर्ने ।

(ङ) स्थानीय तहको आन्तरिक आय वृद्धिका सम्भावनाहरु पहिचान गरी आय सुधार कार्ययोजना र प्रक्षेपण सहितको आन्तरिक आय सुदृढीकरण कार्ययोजना तयार गर्ने ।

(च) नयाँ सम्भावनाहरुको पहिचान गर्दै स्थानीय तहले अपनाउनु पर्ने सुधार रणनीति सहितको राजस्व सुधार कार्ययोजना तयार गर्ने ।

(छ) स्थानीय तहको विद्यमान आर्थिक ऐन, नियमावली लगायतका कानूनी तथा संस्थागत व्यवस्थाको पुनरावलोकन गरी आगामी आर्थिक वर्षमा सुधारको लागि सुझाव प्रदान गर्ने ।

## १.४ राजस्व सुधार कार्ययोजना तर्जुमा विधि र प्रक्रिया

यस राजस्व सुधार कार्ययोजना तर्जुमालागि अवलम्बन गरिएका विधिहरूलाई देहाय अनुसार प्रस्तुत गरिएको छ :

### १.४.१ सन्दर्भ सामग्री संकलन तथा समिक्षा

राजस्व सुधार कार्ययोजनासँग सान्दर्भिक विभिन्न सामग्रीहरुको संकलन तथा अध्ययन गरियो । यस अध्ययन कार्यको लागि पहिलो चरणमा परामर्शदाता समूहबाट विभिन्न स्रोतहरू मार्फत सन्दर्भ सामाग्रीहरू संकलन, अध्ययन तथा पुनरावलोकन गरिएको थियो । जस मध्ये नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४ (संशोधन सहित), अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४, राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन २०७४, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी ऐन २०७६, सार्वजनिक निजी साझेदारी तथा लगानी ऐन २०७५, आपूर्ति नीति २०६९, औद्योगिक व्यवसाय ऐन २०७३ (संशोधन २०७६), कम्पनी ऐन, २०६३ (संशोधन २०७५), उपभोक्ता हित संरक्षण ऐन, २०७५, सहकारी ऐन २०७५, केहि नेपाल ऐनलाई संसोधन गर्न बनेको ऐन २०७५, नेपाल सरकाको वार्षिक बजेट वक्तब्य र आर्थिक ऐनहरु, प्रदेश सरकारको वार्षिक बजेट वक्तव्य र प्रदेश आर्थिक ऐनहरु, स्थानीय तहको ऐन २०७४/७५, स्थानीय तहको आर्थिक ऐनको नमुना २०७४, एकिकृत सम्पत्ति कर व्यवस्थापन कार्यविधि २०७४, नेपाल सरकारको आर्थिक ऐन २०७५, प्रदेश तथा स्थानीय कर सम्बन्धि अध्ययन तथा सुझाव प्रतिवेदन २०७५, स्थानीय तहको वस्तुगत विवरण (प्रोफाइल), संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका प्रगति प्रतिवेदनहरु, आदि रहेका छन् ।यसैगरी प्रदेश सरकार अन्तर्गतका सम्बन्धित सन्दर्भ सामग्रीहरुमा कणार्ली प्रदेश आर्थिक ऐन, औद्योगिक व्यवसाय ऐन, २०७५ आदि रहेका छन् । यस क्रममा अध्ययन तथा पुनरावलोकन गरिएको मुख्य मुख्य सामग्रीहरू अनुसूची १ मा दिइएको छ ।

### १.४.२ स्थलगत सर्वेक्षण पुर्व तयारी छलफल

नगरपालिकामा कार्ययोजना तर्जुमाका लागि आवश्यक तथ्याङ्क/सूचना संकलन गर्न जानुभन्दा पहिले प्रदेश सुशासन केन्द्र सुर्खेतमा मिति २०७८ चैत्र १७ मा एक दिवसीय छलफल कार्यक्रम राखिएको थियो । उक्त छलफल कार्यक्रममा क्युव-पाथवे-भूगोल जेभीबाट तयार पारिएको प्रश्नावली तथा चेकलिष्टका बारेमा विस्तृत छलफल भयो र उक्त छलफलमा प्रदेश सुशासन केन्द्रका तर्फबाट दिनुभएका सुझावहरूलाई समेत सम्बोधन गरी प्रश्नावली तथा चेकलिष्टलाई अन्तिम रुप दिइएको थियो । उक्त कार्यक्रममा क्युव-पाथवे-भूगोल जेभीका तर्फबाट विषय विशेषज्ञले राजस्व सुधार कार्ययोजना सम्बन्धि सैद्धान्तिक र व्यवाहारिक पक्षहरूको बारेमा प्रस्तुतिकरण गर्नुभएको थियो र उक्त प्रस्तुतिकरणमा उठेका जिज्ञासाहरूलाई सम्बोधन पनि गर्नुभएको थियो ।

### १.४.३ अभिमुखीकरण तथा राजस्व सुधार कार्ययोजना तयारी कार्यशाला

नगरपालिकामा कार्य प्रारम्भ गर्नुभन्दा पहिले राजस्व सुधार कार्ययोजना तर्जुमाको लागि क्युव-पाथवे-भूगोल जेभीबाट खटिने फिल्ड अनुसन्धान टोलीले स्थानीय तहका प्रमुख तथा उप-प्रमुख, स्थानीय तहको राजस्व परिचालन सम्वन्धि काम गर्ने कर्मचारीहरु र राजस्व परामर्श समितिका पदाधिकारीहरुलाई राजस्व सुधार कार्ययोजना तयारी सम्बन्धमा मिति २०७९/०१/१४ मा अभिमुखीकरण गर्ने कार्य गरेको थियो ।

### १.४.४ सुचना/तथ्याङ्क संकलन

राजस्व सुधार कार्ययोजनासँग सम्बन्धित विभिन्न सन्दर्भ सामग्रीको अध्ययन तथा विश्लेषण पश्चात् परामर्शदाताहरूबाट सूचना तथा तथ्याङ्क संकलनका लागि आवश्यक फारामहरूको विकास गरिएको थियो । नगरपालिकाको राजस्व सुधार कार्यक्रमको सन्दर्भमा तथ्याङ्क संकलनको लागि प्रयोग गरिएको फाराम अनुसूची-२ मा प्रस्तुत गरिएको छ । अध्ययनका क्रममा नगरपालिका कर्मचारीहरुको समन्वयमा निम्न विषयसँग सम्बन्धित सूचना तथा तथ्याङ्कहरू संकलन गरियो:

- गत वर्ष तथा चालु वर्ष चैत्र मसान्तसम्मको यथार्थ आय विवरण,
- राजस्व प्रशासनिक व्यवस्था तथा सूचना प्रवाह सम्बन्धी विवरण,
- चालु वर्षको आर्थिक ऐन तथा नीति तथा कार्यक्रम र बजेट,
- आन्तरिक आय संकलनको अवस्था, स्रोत, क्षेत्र तथा दर सम्बन्धी विस्तृत विवरण,
- आन्तरिक आय संकलनको संभावित नयाँ क्षेत्रहरू सम्बन्धी तथ्याङ्क तथा सूचना ।

संकलन गरिएका कुनै सूचना तथा तथ्याङ्कहरु नमिल्दा र असगंतिपूर्ण देखिन गएमा त्यसलाई पुन: प्रमाणीकरण गरिएको थियो । यसरी प्रमाणिकरण गरिसकिएको सूचना तथा तथ्याङ्कहरुलाई कार्ययोजनाको उद्देश्यहरु अनुसार तालिकाकरण गरिएको थियो । वस्तुगत विश्लेषणको लागि आवश्यक तथ्याङ्क नगरपालिका कार्ययोजना दिग्दर्शनको अनुसूची-३ अनुसार र विषयगत विश्लेषणको लागि आवश्यक तथ्याङ्क अनुसूची-४ अनुसार संकलन गरिएको थियो ।

### १.४.५ सूचना/तथ्याङ्कको विश्लेषण

राजस्व सुधार कार्ययोजनाका लागि आवश्यक सूचना तथा तथ्याङ्कहरु संकलन गरिसकेपछि त्यस्ता सूचना तथा तथ्याङ्कहरुलाई विश्लेषण गरिएको थियो । सूचना तथा तथ्याङ्क विश्लेषणको लागि तथ्याङ्कीय तथा गुणात्मक विश्लेषण विधि दुबैलाई प्रयोगमा ल्याइएको थियो । राजस्व सम्बन्धी नीतिगत व्यवस्थाको विश्लेषण गरी सुधारका उपायहरु पहिचानको लागि गुणात्मक विश्लेषण विधि प्रयोग गरिएको थियो भने राजस्वको बृद्धिदर तथा विद्यमान दायराको विश्लेषण तथ्याङ्कीय विधिद्वारा गरिएको थियो ।

स्थानीय तहको राजस्व अधिकार, हाल गरिरहेको आय संकलन अवस्था तथा राजस्व सुधार कार्ययोजना कार्यान्वयन पश्चात् आय संकलनमा पार्ने प्रभावहरुको मूल्याङ्कनलाई ध्यान दिदैं आगामी तीन वर्षको आय प्रक्षेपण गरिएको छ । यसरी तयार गरिने प्रक्षेपणले आठबिसकोट नगरपालिकाका बजेट तर्जुमा गर्न सहयोग पुग्ने छ । यसैगरी आठबिसकोट नगरपालिकाको विगतको आयको बृद्धिदरको विश्लेषण गरी आय संकलनको अवस्थालाई विश्लेषण गरिएको छ । शुरु र अन्तिम विन्दुको आधारमा वार्षिक बृद्धिदरको गणना गर्न निम्न शुत्रको प्रयोग गरिएको थियो ।

$$CAGR = \left(\frac{\text{Ending Value}}{\text{Beginning Value}}\right)^{\left(\frac{1}{\text{Number of Years}}\right)} - 1$$

जहाँ, CAGR =औसत वार्षिक बृद्धिदर

Ending Value= अन्तिम वर्षको यथार्थ रकम

Beginning Value= पहिलो वर्षको यथार्थ रकम

आय प्रक्षेपणसँग सम्बन्धित तथ्याङ्कको विश्लेषण अनुसूची-४ अनुसार गरिएको थियो ।

### १.४.६ मस्यौदा कार्ययोजना तयारी

राजस्व सुधार कार्ययोजनाका लागि आवश्यक सूचना तथा तथ्याङ्कहरु संकलनगरिसकेपछि त्यस्ता सूचना तथा तथ्याङ्कहरुलाई विश्लेषण गरिएको थियो । सूचना तथा तथ्याङ्क विश्लेषणको लागि तथ्याङ्कीय तथा गुणात्मक विश्लेषण विधि दुबैलाई प्रयोगमा ल्याइएको थियो । राजस्व सम्बन्धी नीतिगत व्यवस्थाको विश्लेषण गरी सुधारका उपायहरु पहिचानको लागि गुणात्मक विश्लेषण विधि प्रयोग गरिएको थियो भने राजस्वको बृद्धिदर तथा विद्यमान दायराको विश्लेषण तथ्याङ्कीय विधिद्वारा गरिएको थियो ।

स्थलगत अध्ययनबाट प्राप्त सूचना तथा तथ्याङ्कहरूलाई तथ्याङ्कीय तथा गुणात्मक विधिहरूको विश्लेषणका आधारमा मस्यौदा तयार गरिएको छ । लेखनको कार्य सकेसम्म भाषागत विज्ञता भएका व्यक्तिले गर्दा राम्रो हुने हुँदा लेखनको जिम्मेवारी कसले लिने हो पूर्व तयारी चरणमै निश्चित गरिएको थियो ।

प्रतिवेदनको विषयसूची निम्न अनुसार छ ।

**परिच्छेद – एक : परिचय**

१.१ पृष्ठभूमी

१.२ राजस्व सुधार योजनाको औचित्य

१.३ योजनाले राखेका उद्देश्यहरु

१.४ योजना तर्जुमा विधि र प्रक्रिया

१.५ योजनाका सीमाहरु

**परिच्छेद – दुई : गाउँ/नगरपालिकाको संक्षिप्त परिचय**

२.१ गाउँ/नगरपालिकाको संक्षिप्त परिचय .

२.२ गाउँ/नगरपालिकाको मानव संसाधनको अवस्था .

२.३ गाउँ/नगरपालिकाको भौतिक सम्पत्तिको अवस्था .

**परिच्छेद – तीन : स्थानीय तहको राजस्व अधिकार तथा आय सम्भाब्यता .**

३.१ स्थानीय तहको राजस्व अधिकार सम्बन्धी संवैधानीक तथा कानूनी व्यवस्था .

३.२ गाउँ/नगरपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था

३.३ आन्तरिक राजस्व संकलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण

३.३.१ स्थानीय कर राजस्व

३.३.२ गैर कर राजस्व

**परिच्छेद – चार : आय संकलनको संस्थागत क्षमता तथा संकलन अवस्था**

४.१ राजस्व परिचालन सम्बन्धी नीति

४.२ आय संकलनको संस्थागत क्षमता

४.३ गाउँ/नगरपालिकाको आन्तरिक आय परिचालन

४.४ राजस्व परिचालनमा रहेका सवालहरू

**परिच्छेद – पाँच : राजस्व सुधार कार्ययोजना**

५.१ गाउँ/नगरपालिकाको राजस्व सुधार कार्ययोजना

**परिच्छेद – छ : आगामी तीन वर्षको आय प्रक्षेपण**

६.१ राजस्व सुधार कार्ययोजनाका आधारमा राजस्व प्रक्षेपण

६.२ गाउँ/नगरपालिकाको आगामी तीन आर्थिक वर्षको राजस्व प्रक्षेपण

**परिच्छेद – सातः अपेक्षित नतिजा**

**परिच्छेद – आठः अनुगमन तथा मूल्यांकन**

**अनुसूचीहरुः**

अनुसूची १ तथ्याङ्क संकलन सूची

| |
|---|
| अनुसूची २ विषयगत विश्लेषणको नमूना फाराम<br>अनुसूची ३ बस्तुगत विश्लेषणको नमूना फाराम<br>अनुसूची ४ आय प्रक्षेपणको ढाँचा |

१.४.७ मस्यौदा प्रतिवेदन उपर छलफल तथा सुझाव संकलन

राजस्व सुधार कार्ययोजना तर्जुमाका उपरोक्त चरणहरु पश्चात् तयार गरिएको राजस्व सुधार कार्ययोजनाको मस्यौदा प्रतिवेदन सम्बन्धित सरोकारवालाहरु समक्ष प्रस्तुत गरी सुझाव लिइने छ । यसका लागि परामर्श कार्यशाला/बैठकको आयोजना गरिएको थियो । यस्तो छलफलबाट प्रतिवेदनमा भएका कमजोरीहरुलाई सच्याउन र प्रतिवेदनका विषयमा सरोकारवालाहरुलाई जानकारी प्रदान गर्न पनि सहयोग पुग्नेछ ।

१.४.८ अन्तिम प्रतिवेदन तयारी, छलफल एवं स्वीकृति

माथि उल्लेखित चरणहरुपश्चात् तयार गरिएको राजस्व सुधार कार्ययोजनाको मस्यौदा प्रतिवेदनबाट प्राप्त भएका सुझावहरुलाई यथोचित सम्बोधन गरी प्रतिवेदनलाई अन्तिम रुप दिइनेछ र स्थानीय राजस्व परामर्श समिति मार्फत कार्यपालिकामा पेश गरी कार्यपालिकाबाट स्वीकृत गराइने छ । कार्यपालिकाबाट प्रतिवेदन स्वीकृत गराउँदा प्रतिवेदन कार्यान्वयनका लागि आवश्यक पर्ने बजेट विनियोजन गर्ने कार्यमा पनि सहजता आउने अपेक्षा गरिएको छ ।

## १.५ अध्ययनको सिमा

यस नगरपालिकाको राजस्व सुधार कार्ययोजना निम्न अनुसारको सीमामा रही तयार गरिएको छ ।

- राजस्व प्रक्षेपण गर्ने क्रममा आधिकारिक एवं प्रमाणिक तथ्याङ्क नभएको अवस्थामा सहभागीहरुसँगको अर्न्तक्रियाबाट सम्पुष्टि गरिएको थियो ।
- यस राजस्व सुधार कार्ययोजना नगरपालिकाको कार्यालयबाट प्राप्त अभिलेख तथा दस्तावेज,स्थानीय पदाधिकारीहरु तथा सम्बन्धित कर्मचारीहरु र अन्य सरोकारवालाहरुसँग गरिएको छलफल, गोष्ठी, अन्तर्क्रिया तथा कार्यशालाबाट प्राप्त सल्लाह, सूझाव र सूचनाको आधारमा तयार गरिएको हो ।
- नगरपालिकाको गठन भएको तीन वर्ष पनि पुरा नभएको र अभिलेख पनि व्यवस्थित भैनसकाले ऐतिहासिक प्रवत्ति देखिने तथ्याङ्कीय विश्लेषणका लागि आवश्यक तथ्याङ्क र सूचनाको अभावमा पूर्णरुपमा तथ्याङ्कीय विधिको प्रयोग गरी राजस्व प्रक्षेपण गर्न सकिएको छैन ।

# परिच्छेद दुई: नगरपालिकाको सक्षिप्त परिचय

परिच्छेद दुईमा नगरपालिकाको संक्षिप्त परिचय, अवस्थिति, मावन शंसाधन साथै भौगोलिक, आर्थिक तथा सामाजिक अवस्था तथा नगरपालिकाको संस्थागत क्षमतालाई पनि चित्रण गरिएको छ ।

## २.१ नगरपालिको गठन तथा नामांकरण

कर्णाली प्रदेश अन्तर्गत रुकुम (पश्चिम) जिल्लामा पर्ने आठबिसकोट नगरपालिकाराज्य पुर्नसंरचना गर्दा साविकका साविकका गा.वि.स.हरु गोतामकोट, स्यालाखदी, आठविसकोट, आठविसडाँडागाउँ, घेत्मा र मग्मा (७, ८) समेटेर वि.सं.२०७३ मा गठन गरिएको हो । यो रुकुम जिल्लाको उत्तरपश्चिममा ठुलीभेरी नदीको किनारमा अवस्थित छ आठबिसकोटको ठुलाकोट मध्यकालीन बाइसे राज्य आठबिस को राजधानी थियो । बि.स.१६०० सालमा रुकुमे राजा दारे जैतमका छोरा कालु बमले दरवार बनाई राज्य स्थापना गरेका थिए । यिनै कालु बमका बाह्रौ पुस्ताका राजा रणउद्दीम शाहीका पालामा बि.स. १८४३ सालमा आठबिस राज्य नेपालमा बिलय भएको थियो भन्ने कुरा बंशावलीमा उल्लेख छ ।राजा काटिएकाले यस क्षेत्रको रेखदेख गर्न सेरो खारो खाने गरी राजाका भैयाद पर्ने हित कल्चु शाही र दण्ड उठती खान पाउने गरी धन्नु मल्ललाई नियुक्त गरियो । भागेर सुवाकोट पुगी मावलीमा लुकेका रणउद्दीम शाहीका छोरा राजकुमार विभूति शाहीले आफ्नो राज्य फिर्ता लिन जुम्लाका शोभान शाहीसङ्ग मिलेर बिद्रोह गरे तर सफल हुन सकेनन् र जोगीको भेष धारण गरेर भागे भन्ने कुरा स्थानीयले बताउँछन् । करीब १२ वर्ष पछि आठबिस फर्की घरजम गरी बसेकोतथा त्यसको पनि सोही ठाउँमा राज्य रहेकोले/दरवार रहेकोले सोही नामबाट आठबिसकोट नगरपालिका नामांकरण गरिएको स्थानीय बुढापाकाको भनाई छ ।

## २.२ प्रशाशनिक विभाजन

कर्णाली प्रदेश अन्तर्गत रुकुम (पश्चिम) जिल्लाका ६ वटा स्थानीय तहहरूमध्ये जनसंख्या र क्षेत्रफल दुवै आधारमा ठूलो स्थानीय तहको रूपमा आठबिसकोट नगरपालिका रहेको छ। आठबिसकोट नगरपालिकाको क्षेत्रफल ५६०.३४ वर्ग किलोमिटर रहेको छ जुन क्षेत्रफलको हिसाबले देशकै दोस्रो ठूलो हो।यस नगरपालिकालाई प्रशासनिक विभाजनका आधारमा हेर्दा जम्मा १४ वटा वडामा विभाजन गरिएको छ । आठविसकोट नगरपालिका वडा नं. ९ स्थित राडीज्यूलामा नगरपालिकाको केन्द्र अवस्थित रहेको छ । ठूलोभेरी नदीको किनारामा अवस्थित यस राडिज्यूला आठविसकोट नगरपालिका क्षेत्रभित्रका व्यापारिक क्षेत्रमध्ये एक मुख्य क्षेत्र हो ।

## २.३ भौगोलिक तथा प्राकृतिक अवस्था

भौगोलिक हिसाबले यो नगरपलिका जिल्लाको पश्चिमी भागमा २८ डिग्री ४७ मिनेट १२ सेकेन्ड उत्तरी अक्षांश र ८२ डिग्री २३ मिनेट २७ सेकेन्ड पूर्वी देशान्तरसम्म फैलिएको छ । यस नगरपालिकाको पूर्वमा सिस्ने गाउँपालिका, पश्चिममा जाजरकोट जिल्ला, उत्तरमा डोल्पा जिल्ला र दक्षिणमा बाँफिकोट गाउँपालिका पर्दछ । यो नगरपालिकाको क्षेत्रफल ५६०.३४ वर्ग कि.मी. रहेको छ । गिजागाडखोला तथा ठूलीभेरीको काखमा अवस्थित यो ज्यूलाको वरीपरी पहाडले घेरेर झण्डै उपत्यका बनाएको मनोरम दृश्यावलोकन गर्न सकिन्छ । वन जंगल, नदीनाला, खनिज आदि यहाँको प्रमुख प्राकृतिक सम्पदा हुन् ।

आठबिसकोट नगरपालिका




चित्र १: नगरपालिकाको भौगोलिका अवस्थिति

## २.४ वडागत रुपमा घरधुरी तथा जनसंख्या

राष्ट्रिय जनगणना २०६८ अनुसार यस नगरपालिकामा ६४२१ घरधुरी रहेको छ । साथै नगरपालिकाको कुल जनसंख्या ३३६०१ रहेकोमा पुरुषको जनसंख्या १६६२३ र महिलाको १६९७८ जनसंख्या रहेको छ । उक्त जनगणना अनुसार वडा नं ११ मा सबैभन्दा बढी जनसंख्या रहेको छ भने वडा नं १ मा सबैभन्दा कम जनसंख्या रहेको छ । हालको औषत घरपरिवारको आकार ५.२३ र लैङ्गिक अनुपात ९७.९१ रहेको छ । यस नगरपालिकाको जनघनत्व ५९.९७ जना

प्रति व.किमी छ । यस नगरपालिकाको वडा अनुसार जनसंख्या तथा घरधुरी विवरण तलको तालिका नं. १ मा दिइएको छ ।

तालिका १: वडा अनुसार जनसंख्या विवरण

| वडा नं. | घरधुरी संख्या | जनसंख्या | | |
|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा |
| १ | १८९ | ५२५ | ५५५ | १,०८० |
| २ | २८० | ७४७ | ८०० | १,५४७ |
| ३ | ३८३ | १,०१२ | १,०५६ | २,०६८ |
| ४ | ४३२ | १,११३ | १,०९५ | २,२०८ |
| ५ | ५४६ | १,४५९ | १,४२२ | २,८८१ |
| ६ | ३८३ | १,००९ | ९४२ | १,९५१ |
| ७ | ३०७ | ७८२ | ७९५ | १,५७७ |
| ८ | ३६७ | ९५३ | ९१९ | १,८७२ |
| ९ | ६६१ | १,६४२ | १,६९६ | ३,३३८ |
| १० | ५७१ | १,४०१ | १,४५० | २,८५१ |
| ११ | ८६४ | २,१३३ | २,२१० | ४,३४३ |
| १२ | ५७६ | १,४९९ | १,५९७ | ३,०९६ |
| १३ | ३२५ | ९२३ | ९२२ | १,८४५ |
| १४ | ५३७ | १,४२५ | १,५१९ | २,९४४ |
| **जम्मा** | **६४२१** | **१६६२३** | **१६९७८** | **३३६०१** |

**स्रोत:** राष्ट्रिय जनगणना, इण्टड

## २.५ आर्थिक अवस्था

**पेशागत विवरण:** यस नगरपालिकाकाको जानकारी पुस्तिका, २०७६ अनुसार नगरपालिकाका बासिन्दाको मूल आय श्रोत कृषि हो र रोजगारीको मूल श्रोत कृषि, दोश्रोमा रेमिटेन्स, तेश्रोमा व्यापार व्यवसाय, चौथोमा ज्याला मजदुरी र पाँचौंमा नोकरी तथा छैटौंमा स्थानीय सीपमा आधारित रहेको पाइन्छ ।

**कृषि:** यस नगरपालिकाको प्रमुख पेशाको रुपमा कृषि रहेको छ ।यस नगरपालिकाले सुरुदेखि नै कृषि क्षेत्रलाई निकै महत्व दिँदै आएको पाइन्छ । कृषिलाई निर्वाहमूखी अवस्थाबाट निर्यातमूखी बनाउने सन्दर्भमा फलफूल खेतीको विस्तारमा विशेष जोड दिएको पाइन्छ । यस नगरपालिकाले किवी, टर्कीस ओखर, आँप, सुन्तला, कागती, टिमुर, अलैची लगायत विभिन्न फलफूल र मसलाजन्य खेतीलाई नीति तथा कार्यक्रममा प्राथमिकता दिएको पाइन्छ । कृषकहरुको हितलाई ध्यानमा राखी सहुलियतपूर्ण कर्जा कार्यक्रम अगाडि बढाइएको छ ।

**पशुपालन:** यस नगरपालिकामा पशुपालन आयस्रोतको महत्वपूर्ण अंगको रुपमा रहेको छ । यस नगरपालिकामा उन्नत जातका भेडा, बाख्रा वितरण लगायतका कार्यक्रमहरु कार्यान्वयन गरिएको छ । पशुपन्क्षीहरुको नश्ल सुधार कार्यक्रम जारी रहेको पाइन्छ । दुग्ध उत्पादनका लागि व्यवसायिक भैसीपालन गर्न विभिन्न प्रोत्साहन कार्यक्रमहरु कार्यान्वयनमा रहेको पाइन्छ ।

**पर्यटन (प्रशिद्ध स्थलहरु):** यस नगरपालिकाले आफ्नो क्षेत्रभित्रका समग्रपर्यटन क्षेत्रको पहिचान गरी पर्यटन पूर्वाधारको विकासमा निरन्तर लागि रहेको पाइन्छ । यसैक्रममा आत्रेय ऋषीको आश्रमस्थल गोतामकोट नेपालभित्रका १०० पर्यटकीय गन्तव्य स्थलभित्र पर्न सफल भएको छ । त्यसैगरी साईकुमारी, काँडादह, लाकाने गुफा, साततले गुफा लगायतका क्षेत्र यस नगरपालिका क्षेत्रभित्रका पर्यटकीय सुन्दर गन्तव्यको रुपमा विस्तार हुने क्रम जारी छ ।

**सिंचाई:** यस नगरपालिका क्षेत्रभित्र रहेको कृर्षियोग्य जग्गामा उपलब्ध गराइएको सिंचाई सुविधाका लागि प्रदेश तथा संघीय सरकारसँगको समन्वयमा होली, चिला, अनाह, चोवाखोला, भेरीखोला, सालागारखोला गैरी चौर लगायत दर्जनभन्दा वढी सिंचाई आयोजनाहरु निर्माण सम्पन्न हुने क्रममा रहेको पाइन्छ । पिपलचौर सिंचाई योजना निर्माण सम्पन्न भई सकेको छ । यी सिंचाई आयोजनाबाट यस क्षेत्रको कृषि उत्पादन वृद्धिका लागि थप सहयोग पुग्नेछ ।

**यातायात पहुँच:**

यस नगरपालिकाका प्रायः सवै वडा (१,२,३ बाहेक) मा कच्चि मोटरबाटो पुगीसकेको छ । कच्चि बाटो भए पनि बर्खायामको पहिरोको रोकावट बाहेकका समयमा दैनिक बस सेवा सञ्चालनमा रहेका छन । प्रतिशतको हिसावले हेर्दा नगरपालिका भरिमा ८० प्रतिशतको घरले सहज रुपमा प्रयोग गर्ने गरेर बाटो सुविधा पुगेको छ । यातायातका साधनहरुमा बस, जीप ट्रक, ट्याक्टर र मोटरसाईकल लगायतका संचालन हुने गरेको पाइन्छ । नगरपालिकाका बजार केन्द्रसम्मको सुविधामा २ घण्टा भन्दा कम पैदल यात्रा तथा ४०–४५ मिनेट जति कच्चि मोटर बाटोको यात्राले नै उद्यमीको उत्पादनलाई आन्तरिक तथा बाह्य बजार संजालमा आबद्ध गर्न सहज हुदै गएको छ । यस नगरपालिकामा नगर सडक गुरुयोजना समेत निर्माण भै कार्यान्वयनको चरणमा रहेको छ ।

**उद्योग, व्यापार तथा व्यवसाय:** राष्ट्रिय आर्थिक गणना, २०७५ अनुसारयस नगरपालिकामा जम्मा ६०४व्यवसायिक फर्म रहेको पाइन्छ । यस नगरपालिकाको प्रमुख व्यापारीक केन्द्रहरुमा बिभिन्न किसिमका पसलहरु रहेका छन् । खासगरीकिराना पसल, कपडा पसल, मासु पसल, तरकारी तथा फलफुल बिक्री केन्द्र, दुध चिस्यान तथा विक्री केन्द्र, निर्माण सामाग्री पसल, औषधी पसल वा क्लिनिक, मर्मत सेवा केन्द्र, इलेक्ट्रिक तथा इलेक्ट्रोनिक्स पसल, सुनचाँदी पसल, चिया, खाजा वा नास्ता पसल र कस्मेटिक तथा व्युटी पार्लर लगायतका व्यापार व्यवसायहरू संचालनमा रहेका छन । त्यसैगरी यस नगरपालिकामा कृषि तथा वनजन्य कच्चा पदार्थमा

आधारित उद्योगहरु स्थापना संचालनमा आएका छन । फलफूलमा आधारित कर्णाली वेबरेज प्रा.लि.. ले दैनिक १२५ कार्टुनका दरले स्थानीय फलफूलबाट वाइन उत्पादन सुरु गरेको छ । ग्रामेन्ट, दुग्ध संकलन केन्द्र, ड्राइफुड तथा काष्ठ जस्ता उद्योगहरु पनि संचालनको क्रममा रहेका छन ।

**मुख्य व्यापारिक केन्द्रहरुः** यस नगरपालिकाको मुख्य व्यापारिक केन्द्रहरुमा राडीज्यूला, सिमबजार, चिसापानी, छोटे बगर, त्रिवेणी आदि रहेका छन ।

**विद्युत सुविधाः** राष्ट्रिय जनगणना २०६८ अनुसार यस नगरपालिकामा वत्तीको लागि उपयोग गरिने इन्धनको रुपमा बिजुली, सोलार, मट्टितेल लगायतका रहेका छन् । जसमध्ये २९.८६ प्रतिशत घरपरिवारले सोलार,२.४९ प्रतिशत घरपरिवारले मात्र विद्युत र वाँकी परिवारले अन्य इन्धनलाई बत्ती बाल्न प्रयोग गर्ने गरेका छन । त्यसैगरी खाना पकाउने मुख्य इन्धनको रुपमासवै भन्दा बढि ९८.९४ प्रतिशत घरपरिवारले दाउरा र वाँकी १.०६ प्रतिशत घरपरिवारले अन्य इन्धन उपयोग गर्ने गरेको पाइन्छ ।

**संञ्चार सुविधाः** यस नगरपालिकामा उपलब्ध सेवा सुबिधालाई हेर्दा ३१३९ घरपरिवारले रेडियो,४३ घरपरिवारले टेलिभिजन, ५ घरपरिवारले कम्प्युटर र ११५७ घरपरिवारले मोवाइल/टेलिफोनको सुबिधाको उपयोग गरेको देखिन्छ ।

**खानेपानी तथा सरसफाईः** यस नगरपालिकामा सबै भन्दा बढी घरपरिवारले सार्वजनिक धाराको पानी उपयोग गर्ने गर्दछन । जसमा कुल घरपरिवारमध्ये ४०८२ (६३.५७ प्रतिशत) घरपरिवारले धाराको पानी, १४०८ (२१.९३ प्रतिशत) घरपरिवारले मुलको पानी, ४८३ (७.५२ प्रतिशत) घरपरिवारले कुवाको पानी उपयोग गर्दछन भने वाँकी परिवारले अन्य स्रोतको पानी उपयोग गरेको पाइन्छ ।यस नगरपालिकाको शौचालयको प्रयोगको अवस्थालाई हेर्दा कुल घरपरिवारमध्ये सबैभन्दा बढी २१०० (३२.७१ प्रतिशत) घरपरिवारले शौचालय प्रयोग गरेको पाइन्छ । जसमध्ये १७९ (२.७९ प्रतिशत) घरपरिवारले सुधारिएको शौचालय (पल्स भएको) र १९२१ (२९९२ प्रतिशत) घरपरिवारले साधारण शौचालयको प्रयोग गर्ने गरेको पाइन्छ । त्यसैगरी ४२९१ (६६.८३ प्रतिशत) घरपरिवारसँग शौचालय नभएको देखिन्छ ।

**भवन तथा आवासः** यस नगरपालिकाका बसोबास गरेको घरको स्वामित्व अनुसार परिवार संख्याको विश्लेषण गर्दा निजी घरमा बसोबास गर्ने ९८.८२ प्रतिशत रहेको छ भने भाडाको घरमा बसोबास गर्ने२.१८ प्रतिशत मात्र रहेको छ । यस नगरपालिकाको अन्तर्गत रहेका घरका छानाको आधारमा वर्गीकरण गर्दा टायल/स्लेटका छाना भएका घरहरू ५४.७७ प्रतिशत, खर/फुसका छाना भएका घरहरु ४२.५२ प्रतिशत र जस्ताको छाना भएका घरहरु १.३१ प्रतिशत रहेको पाइन्छ भने आरसिसि ढलान गरेको घरहरु जम्मा ०.११ प्रतिशत रहेको पाइन्छ । त्यसैगरी घरको जगको आधारमा वर्गीकरण गर्दा माटो वा ढुङ्गाको जग भएको घरहरू ९९.१५ प्रतिशत,

काठको खम्बा भएका ०.१९ प्रतिशत र सिमेन्ट वा ढुङ्गाको जग भएका घरहरु ०.०६ प्रतिशत रहेको छ ।

**शिक्षाः** यस नगरपालिकामा शैक्षिक क्षेत्रको विकासका लागि ८५वटा शैक्षिक संस्थाहरु स्थापना रहेको पाइन्छ । जसमध्ये १७ वटा मा.वि. तह, ४६ वटा आधारभूत तह, १ वटा वाल विकास केन्द्र, १६ वटा निजि विद्यालय र ५ वटा समनुदायिक अध्ययन केन्द्र रहेका छन । प्राविधिक शिक्षा प्रदान उद्देश्यले यस नगरपालिकामा २ वटा प्रविधिक शिक्षालय संचालनमा रहेका छन । त्यसैगरी यस नगरपालिकाको साक्षरताको अवस्था हेर्दा ५८.३२ प्रतिशत साक्षर देखिन्छ जसमा ६७.४३ प्रतिशत पुरुष र ४९.३९ प्रतिशत साक्षरता देखिन्छ ।

**स्वास्थ्यः** यस नगरपालिकाले स्वास्थ्य विषयको संवेदनशीलतालाई ध्यानमा राखी विगतका नीति तथा कार्यक्रमहरु तय गरेको पाइन्छ । हाल यस नगरपालिकामा २४ वटा स्वास्थ्य संस्थाहरु रहेका छन । यस नगरपालिकाले नेपालकै पहिलो नगर अस्पताल स्थापना गरी संचालनमा ल्याएको छ । नगरपालिकाले गोतामकोट स्वास्थ्य चौकी, स्यालाखदी स्वास्थ्य चौकी, घेत्मा स्वास्थ्य चौकी र नगर अस्पताल गरी ४ वटा संस्थामा बर्थिङ सेवा सुचारु गरेको छ । हाल यस नगरपालिकाभित्र कार्यरत स्वास्थ्यकर्मीको संख्या ९४ रहेको छ । यिनै स्वास्थ्य संस्थाहरुबाट नगरपालिका क्षेत्रभित्रका तथा छिमेकी स्थानियतहका मानिसहरुले सामान्य स्वास्थ्य सुविधा प्राप्त गरेका छन ।

**बैंक, वित्तीय संस्था तथा सहकारीः** स्थलगत सर्वेक्षणको तथ्यांक अनुसार यस नगरपालिकामा हाल ६ वटा सहकारी र ३ वटा बैंकहरु संचलनमा रहेको पाइन्छ ।

**फोहरमैला व्यवस्थापनः** यस नगरपालिकाले फोहरमैला व्यवस्थापन नियमावली, २०७५ अनुसार नगरपालिका क्षेत्रभित्रको फोहरमैला व्यवस्थापनको जिम्मेवारी नगरपालिकाले लिएको भएता पनि हालसम्म फोहरमैला व्यवस्थापनको लागि छुट्टै डम्पिङ साइट निर्माण गरिएको पाइदैन ।

## २.६ नगरपालिकाको मानवीय संशाधन

नेपालको संविधान जारी भएपश्चात् संघीयता कार्यान्वयनका पहिलो चरणस्वरूप स्थानीयतहको निर्वाचन (पहिलो निर्वाचन २०७४ वैशाख ३१ गते) सम्पन्न भई स्थानीयतहको गठन भएको हो । हाल सोही निर्वाचित जनप्रतिनिधिहरू मार्फत् नगरपालिकाको कार्य संचालन हुँदै आएको छ । यस नगरपालिकाको कर्मचारीको स्वीकृत दरबन्दीसम्बन्धी विवरण तल मा प्रस्तुत गरिएको छ ( तालिका २) ।

तालिका २: हाल कार्यरत कर्मचारी र कार्यरत शाखा

| क्र.सं. | पद | शाखा | कार्यरत संख्या | कैंफियत |
|---|---|---|---|---|
| १ | प्रमुख प्रशासकिय अधिकृत | प्रमुख प्रशासकिय अधिकृतको कक्ष | १ | |
| २ | लेखा अधिकृत | आर्थिक प्रशासन शाखा | १ | |
| ३ | शिक्षा अधिकृत | शिक्षा, युवा तथा खेलकुद शाखा | १ | |
| ४ | इन्जिनियर | पूर्वाधार विकास शाखा | १ | |
| ५ | रोजगार संयोजक | रोजगार सेवा केन्द्र | १ | |
| ६ | शिक्षा परिक्षक | शैक्षिक गुणस्तर परीक्षण केन्द्र | १ | |
| ७ | नायव सुब्बा | सार्वजनिक खरिद तथा सम्पत्ति व्यवस्थापन शाखा | १ | |
| ८ | लेखापाल | आर्थिक प्रशासन शाखा | १ | |
| ९ | सव इन्जिनियर | नगरपालिकाको कार्यालय, वडा नं. १२ | २ | |
| १० | प्राविकधिक सहायक | शिक्षा, युवा तथा खेलकुद शाखा | १ | |
| ११ | महिला विकास निरिक्षक | महिला, बालबालिका तथा समाज कल्याण उपशाखा | १ | |
| १२ | सहायक कम्प्यूटर अपरेटर | शिक्षा, युवा तथा खेलकुद शाखा | १ | |
| १३ | MIS अपरेटर | सामाजिक सुरक्षा तथा पंजीकरण उपशाखा | २ | |
| १४ | खरिदार | योजना एवं सहकारी गरिवी निवारण इकाई | १ | |
| १५ | सह लेखापाल | आर्थिक प्रशासन शाखा | १ | |
| १६ | सहायक महिला विकास निरिक्षक | महिला, बालबालिका तथा समाज कल्याण उपशाखा | १ | |
| १७ | प्रशासन सहायक चौथो | प्रशासन, योजना तथा अनुगमन शाखा, वडा नं. ६, वडा नं. ८ | ३ | |
| १८ | कम्प्यूटर अपरेटर | सूचना प्रविधि शाखा | १ | |
| १९ | अमिन | पूर्वाधार विकास तथा भुमी व्यवस्थापन उपशाखा | १ | |
| २० | प्रशासन सहायक | सामाजिक सुरक्षा तथा पंजीकरण उपशाखा, दर्ता, चलानी तथा सोधपुछ कक्ष, प्रशासन उपशाखा, वातावरण | ६ | |

| क्र.सं. | पद | शाखा | कार्यरत संख्या | कैंफियत |
|---|---|---|---|---|
| | | तथा विपद व्यवस्थापन उपशाखा, वडा नं. १ कार्यालय, वडा नं. १० | | |
| २१ | फिल्ड सहायक | सामाजिक सुरक्षा तथा पंजीकरण उपशाखा | १ | |
| २२ | असिष्टेन सव इन्जिनियर | सडक तथा पूर्वाधार विकास उपशाखा, वडा नं. १ र २, वडा नं. ४ र ५, वडा नं. ७, ९ र १०, वडा नं. ११, वडा नं. १३ र १४ | ६ | |
| २३ | प्रशासन सहायक पाँचौं | वडा नं. ४, वडा नं. ५, वडा नं. ९ | ३ | |
| २४ | कार्यालय सहायक | वडा नं. २, वडा नं. १२, वडा नं. १४ | ३ | |
| २५ | ना.प.से.प्रा. | आर्थिक विकास शाखा | १ | |
| | | **कुल जम्मा** | ४३ | |

**स्रोत:** नगरपालिकाको वेभसाइट, द्दण्ठढ

## २.७ भौतिक सम्पतिको अवस्था

यस नगरपालिकाको आफ्नै कार्यालय भवन नभएको हुनाले हाल भाडाको घरबाट कार्यालय संचालन भैरहेको छ। हाल २२ रोपनी जग्गामा यस नगरपालिकाले आफ्नो भवन निर्माण हुदैछ । यस नगरपालिकाकोवडा नं. ४ र १४ बाहेकका सबै वडा कार्यालयहरु भाडाको घरबाट कार्यालय संचालन गर्दै आइरहेका छन । त्यसैगरी कार्यलयको स्वामित्वमा रहेका मेसिन औजारलाई तथा भौतिक सम्पतिको विवरण तालिका नं. ३ मा राखिएको छ ।

तालिका ३: नगरपालिकाको भौतिक सम्पतिको विवरण

| क्र.सं. | भौतिक सम्पति | संख्या | कैफियत |
|---|---|---|---|
| १ | कार्यलय भवन | ३ | वडा नं. ४ र १४ को आफ्नै कार्यलय भवन तथा नगरपालिकाको भवन निर्माणका क्रममा रहेको |
| २ | एम्बुलेन्स | १ | |
| ३ | गाडी | २ | |
| ४ | टिप्पर | १ | |
| ५ | ट्याक्टर | २ | |

| क्र.सं. | भौतिक सम्पति | संख्या | कैफियत |
|---|---|---|---|
| ६ | डोजर | १ | |
| ७ | मोटरसाइकल | २५ | |
| ८ | प्रोजेक्टर | १ | |
| ९ | ल्यापटप कम्प्युटर | ३२ | |
| १० | प्रिन्टर | ३५ | |
| ११ | टेबुल | ४७ | |
| १२ | कुर्सी | १३६ | |
| १३ | सोफा | ११ | |
| १४ | दराज | २५ | |

स्रोत: स्थलगत सर्वेक्षण, २०७८

यस नगरपालिकाको स्वामित्वमा वा भोगचलनमा रहेका जग्गाहरुको विवरण तालिका ४ मा देखाइएको छ ।

तालिका ४: नगरपालिकाको स्वामित्व वा भोगचलनमा रहेका जग्गा

| क्र.सं. | जग्गा रहेका स्थान | कि. नं | क्षेत्रफल (वर्ग मिटर) | हालको उपयोग | भाडा वा बहाल रकम (यदि भएमा) |
|---|---|---|---|---|---|
| **क.** | **स्वामित्वमा रहेको जग्गा** | | | | |
| १ | वडा नं. ९ | ८२३ | २०० | | |
| २ | वडा नं. ९ | ११६६ | ८२० | | |
| ३ | वडा नं. ९ | २०४१ | १२५० | | |
| ४ | वडा नं. ३ | १११२ | ७०० | | |
| ५ | वडा नं. १ | २४ | ३७५ | | |
| ६ | वडा नं. ९ | १७७३ | १३१० | | |
| ७ | वडा नं. ९ | १७०६ | १५० | | |
| ८ | वडा नं. ९ | ८१३ | २०५ | | |
| ९ | वडा नं. ९ | ८१६ | २३५ | | |
| १० | वडा नं. ९ | ८२० | ३४० | | |
| ११ | वडा नं. ९ | ८३५ | १६२० | | |
| १२ | वडा नं. ९ | ८०६ | २१५ | | |
| १३ | वडा नं. ९ | ८२१ | ३९५ | | |
| १४ | वडा नं. ९ | ८३० | ६० | | |
| १५ | वडा नं. ९ | ८३४ | ३४५ | | |

| क्र.सं. | जग्गा रहेका स्थान | कि. नं | क्षेत्रफल (वर्ग मिटर) | हालको उपयोग | भाडा वा बहाल रकम (यदि भएमा) |
|---|---|---|---|---|---|
| १६ | वडा नं. ९ | ८०७ | ४३५ | | |
| १७ | वडा नं. ९ | ७८० | ८२० | | |
| १८ | वडा नं. ९ | २६३७ | ६० | | |
| १९ | वडा नं. ९ | ८१० | १०० | | |
| २० | वडा नं. ९ | ८१८ | २५० | | |
| २१ | वडा नं. ९ | ८३३ | २७५ | | |
| २२ | वडा नं. ९ | ८०१ | १६५ | | |
| २३ | वडा नं. ९ | ८२९ | २१५ | | |
| २४ | वडा नं. ३ | १११२ | ७०० | | |
| २५ | वडा नं. ९ | ८२४ | ८० | | |
| २६ | वडा नं. ९ | ८१९ | १५५ | | |
| २७ | वडा नं. ९ | ८२५ | ४० | | |
| २८ | वडा नं. ९ | ८२८ | १४५ | | |
| २९ | वडा नं. ९ | ८१७ | २२० | | |
| ३० | वडा नं. ९ | ८२२ | ११० | | |
| ३१ | वडा नं. ९ | १०१२ | १३० | | |
| ३२ | वडा नं. ९ | ८१२ | २४५ | | |
| ३३ | वडा नं. ९ | ८१५ | २३५ | | |
| ३४ | वडा नं. ९ | ८०५ | २६० | | |
| ३५ | वडा नं. ९ | ८१४ | ५८५ | | |
| ३६ | वडा नं. १० | ११९७ | १०० | | |
| ३७ | वडा नं. ९ | ८११ | ५०० | | |
| ३८ | वडा नं. ९ | ५३२ | ३७५ | | |
| **ख.** | **भोगचलनमा रहेको जग्गा** | | | | |
| | | | | | |

# परिच्छेद तीन: स्थानीय तहको राजस्व अधिकार तथा आय सम्भाव्यता

यस परिच्छेदमा नगरपालिकाको आन्तरिक आय परिचालनको सम्भावना, समस्या तथा चुनौतिहरुलाई शीर्षकगत रुपमा विश्लेषण गरिएको छ । यस विश्लेषणले नगरपालिकाको आन्तरिक आय परिचालनको सम्भावना र पहिचानमा सुधार गर्न यस राजस्व सुधार कार्ययोजनाले महत्वपूर्ण सहयोग पुऱ्याउने छ ।

## ३.१ स्थानीय तहको राजस्व अधिकार सम्बन्धी संवैधानिक तथा कानूनी व्यवस्था

नेपालको संविधानले अनुसूची ८ अनुसार स्थानीय तहलाई वित्तीय अधिकार अन्तर्गत निम्नानुसार राजस्व अधिकार प्रदान गरेको छ । चित्र २ मा राजस्व अधिकारहरुलाई देखाइएको छ ।




चित्र २: नेपालको संविधानले अनुसुची ८ अनुसार स्थानीय तहलाई वित्तीय अधिकार

संघीय कानून अन्तर्गत स्थानीय सरकार संचालन ऐन, २०७४ मा स्थानीय तहलाई निम्नानुसार आय संकलन गर्ने अधिकार प्रदान गरेको छ :




चित्र ३: तहगत राजस्व अधिकार

### (क) नगरपालिकाको एकल अधिकार:

### १) कर

- **सम्पत्ति कर:** आफ्नो क्षेत्रभित्रको घर र घरजग्गामा घर र सो घरले चर्चेको जग्गामा सम्पत्ति कर लगाई बाँकी जग्गा र घर नभएका अन्य जग्गामा भूमीकर (मालपोत) लगाउनु पर्ने । ऐनमा “घरले चर्चेको जग्गा” भन्नाले घरले ओगटेको जग्गाको क्षेत्रफल र अधिकतम सो क्षेत्रफल बराबरको थप जग्गासम्म पर्ने । *(आर्थिक ऐन, २०७५ र केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७५ बाट संशोधित व्यवस्था)*
- **भूमि कर (मालपोत):** आफ्नो क्षेत्रभित्रको जग्गामा त्यस्तो जग्गाको उपयोगका आधारमा भूमि कर लगाउने । तर, सम्पत्ति कर लगाएको अवस्थामा भूमिकर (मालपोत) लगाउन नपाइने । *(आर्थिक विधयक २०७५ बाट संशोधित व्यवस्था)*

- **घर जग्गा बहाल कर:** कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएको अवस्थामा लगाउने घर जग्गा बहाल कर ।
- **व्यवसाय कर:** पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा ।
- **सवारी कर:** टाँगा, रिक्सा, अटोरिक्सा, विद्युतीय रिक्सामा ।
- **जडिबुटी, कवाडी र जीवजन्तु कर:** आफ्नो क्षेत्रभित्र ऊन, खोटो, जडीबुटी, बनकस (खर), कवाडी माल, जीवजन्तुको हाड, सीङ, प्वाँख, छालाको व्यवसायिक उपयोग गरे वापत ।

**२) शुल्क**

- **बहाल बिटौरी शुल्क:** आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग वापत ।
- **पार्किङ् शुल्क:** आफ्नो क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ्ग सेवा उपलब्ध गराए वापत ।

**३) सेवा शुल्क**

- आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केवलकार, बञ्जी जम्प, प्याराग्लाइडिङ्ग, ट्रेकिङ्ग, कायकिङ्ग, जिपफ्लायर आदि मनोरञ्जन तथा साहसी खेलकुदसम्बन्धी सेवा वा व्यवसायमा ।
- नगरपालिकाद्वारा निर्माण, संचालन वा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार वा उपलब्ध गराएको देहायको सेवामा(खानेपानी, बिजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, फोहरमैला व्यवस्थापन, सरसफाई, ढल निकास, सडक बत्ति, शौचालय, पार्क, पौडी पोखरी, व्यायमशाला, पर्यटकीय स्थल, हाटबजार, पशु वधशाला, शवदाह गृह, धोविघाट, सडक, वसपार्क, पुल आदि) ।
- अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्यांकन सेवा शुल्क ।
- सिफारिश सम्बन्धी कुनै सेवा शुल्क ।

**४) दस्तुर**

- दर्ता, अनुमति तथा नवीकरण दस्तुर
- एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजत पत्र, विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम, ट्युसन, कोचिङ, औषधि पसल, प्लटिङ्ग ।
- ढुङ्गा, गिट्टी, वालुवा, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन् तथा उपयोग ।

- नक्सा पास दस्तुर
- पञ्जीकरण व्यवस्थापन दस्तुर
- वडा मार्फत् गरिने सिफारिश तथा प्रमाणित दस्तुर

**५) बिक्री गर्न सक्ने (केही नेपाल ऐनलाई संसोधन गर्न बनेको ऐन २०७५ बाट संशोधित व्यवस्था)**

- आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्यांकन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तुको बिक्री गर्न सक्ने ।
- आफ्नो क्षेत्रभित्रको सार्वजनिक तथा ऐलानी जग्गामा रहेको काठ दाउरा, जराजुरी, दहत्तर बहत्तर आदिको बिक्री गर्न सक्ने ।
- यस्तो बिक्रीबाट प्राप्त रकम नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने ।

**६) सामुदायिक वनबाट आय प्राप्त गर्ने**

- सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई नगरपालिकाबाट स्वीकृत गराउनु पर्ने ।
- वन पैदावारको बिक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने ।

**२) प्रदेश तथा संघीय कानून अनुसार प्राप्त हुने (दफा ११ (४)) :**

- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी
- खनिज पदार्थको उत्खनन् रोयल्टी
- सामुदायिक वनको संचालन व्यवस्थापनबाट प्राप्त रोयल्टी
- पानी घट्ट, कुलो पैनी जस्ता सेवाबाट प्राप्त रोयल्टी
- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी
- खनिज पदार्थको उत्खनन् रोयल्टी
- सामुदायिक वनको संचालन व्यवस्थापनबाट प्राप्त रोयल्टी
- खानेपानी महसुल
- स्थानीय साना सतह तथा भूमिगत सिंचाई सेवा शुल्क
- स्थानीय स्तरमा जडीबुटी तथा गैरकाष्ठ वन पैदावार उत्पादन, संकलन, प्रशोधन र बजार व्यवस्थापन
- जनरल अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र र स्वास्थ्य संस्थाको दर्ता, संचालन अनुमति

- स्थानीय सार्वजनिक यातायातको रुट अनुमति, नवीकरण
- इन्टरनेट सेवा, टेलीसेन्टर, केवल, तारविहिन टेलिभिजन प्रसारण अनुमति, नवीकरण
- स्थानीय तहको पत्रपत्रिकाको दर्ता

संघीय कानून (अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४) ले स्थानीय तहलाई निम्नअनुसार वित्तीय अधिकार प्रदान गरेको छ :

**(क) एकल कर प्रशासन सम्बन्धी व्यवस्था (आर्थिक ऐन २०७५ बाट संशोधित व्यवस्था)**

क) सवारी साधन करको दर प्रदेशले लगाउने र उठाउने । तर टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतीय रिक्सामा सवारी साधन करको दर गाउँपालिका वा नगरपालिकाले लगाउने र उठाउने

ख) घरजग्गा रजिष्ट्रेशन शुल्कको दर प्रदेशले लगाउने र गाउँपालिका वा नगरपालिकाले उठाउने ।

ग) मनोरञ्जन करको दर प्रदेशले लगाउने र नगरपालिकाले उठाउने

घ) विज्ञापन करको दर गाउँपालिका वा नगरपालिकाले लगाउने र उठाउने

(ख), (ग) र (घ) बमोजिमको करबाट उठेको रकममध्ये ६० प्रतिशत रकम गाउँपालिका वा नगरपालिकाको संचित कोषमा जम्मा गरी ४० प्रतिशत रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्ने ।

(ङ) प्रदेशले सवारी साधन करबाट उठेको रकम प्रदेश विभाज्य कोषमा जम्मा गर्नुपर्ने ।

- प्रदेश विभाज्य कोषमा जम्मा भएको रकम ६० प्रतिशत रकम प्रदेश सरकारलाई र ४० प्रतिशत स्थानीय तहलाई बाँडफाँड गरिने
- आयोगले निर्धारण गरेको निर्धारण गरेको आधार र ढाँचा बमोजिम प्रदेश सरकारले स्थानीय तहलाई बाँडफाँड गर्ने
- प्रदेशले मासिक रुपमा सम्बन्धित स्थानीय सञ्चित कोषमा जम्मा गर्नुपर्ने

**(ख) राजस्व बाँडफाँड**

- नेपाल सरकारले संकलन गरको मूल्य अभिवृद्धि कर र अन्तशुल्कबाट संकलन भएको रकमको १५ प्रतिशत स्थानीय विभाज्य कोषमा जम्मा हुने
    - आयोगले निर्धारण गरेको आधार र ढाँचा बमोजिम बाँडफाँड हुने
    - स्थानीय सञ्चित कोषमा मासिक रुपमा प्राप्त हुने

- प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको बाँडफाँड आयोगको सिफारिसमा प्राकृतिक श्रोतको उपयोगबाट प्रभावित हुने स्थानीय तहलाई २५ प्रतिशत
    - प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टी वार्षिक रुपमा प्राप्त हुने

**(ग) अनुदान**

- वित्तीय समानीकरण अनुदानः खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा आयोगको सिफारिशमा संघ र प्रदेशबाट प्राप्त हुने
- सशर्त अनुदानः कुनै योजना कार्यान्वयन गर्न आयोगले तोकेको आधारमा संघ र प्रदेशबाट प्राप्त हुने
- समपूरक अनुदानः पूर्वाधार विकाससम्बन्धी कुनै योजना कार्यान्वयन गर्न योजनाको कुल लागतको अनुपातका आधारमा संघ र प्रदेशबाट प्राप्त हुने
- विशेष अनुदानः कुनै खास उद्देश्य र योजनाको लागि संघ र प्रदेशबाट

**(घ) वैदेशिक सहायता तथा आन्तरिक ऋण**

- नेपाल सरकारको पूर्वस्वीकृति लिएर मात्र वैदेशिक अनुदान वा सहयोग लिन वा बैदेशिक अनुदान वा सहयोगमा योजना वा कार्यक्रम कार्यान्वयन गर्न गराउन सक्ने
- नेपाल सरकारको सहमति लिएर मात्र वित्त आयोगले सिफारिस गरेको सिमाभित्र आन्तरिक ऋण लिन सक्ने
- नेपाल सरकारसँग मनासिव कार्यका लागि ऋण लिन सक्ने

उपरोक्त व्यवस्थाहरूले स्थानीय तहलाई प्राप्त हुन सक्ने आयका स्रोतहरूलाई व्याख्या गरेको छ । स्थानीय तहले कानूनमा उल्लेख बाहेक आफ्नो अधिकार क्षेत्रमा कुनै कर लगाउन, उठाउन र ऋण लिन नपाउने व्यवस्था हुनुका साथै निम्न अनुसारका थप व्यवस्थाहरू रहेका छन् ।

- कर लगाउँदा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसार पसार, पूँजी तथा श्रम बजार, छिमेकी प्रदेश तथा स्थानीय तहलाई प्रतिकुल असर नहुने गरी लगाउनु पर्ने (संवैधानिक व्यवस्था)
- कर नलाग्ने : कूटनीतिक नियोग, कूटनीतिज्ञ, बैदेशिक ऋण वा सहायताबाट सञ्चालित परियोजनाबाट हुने पैठारी, सामुहिक वा संयुक्त आवासको बिक्री नभएको स्टक, सामुहिक आवासको सार्वजनिक उपयोगको क्षेत्र ।
- सेवा शुल्क असुली कार्य आफै वा व्यवस्थापन करार वा सार्वजनिक निजी साझेदारीबाट गर्न सक्ने ।

## ३.२ आन्तरिक आय परिचालनको वर्तमान अवस्था

नगरपालिकालाई प्राप्त कानूनी अधिकारको आधारमा सम्भाव्य आय शीर्षकहरूको परिचालन अवस्थाको विश्लेषण गरिएको छ । यसले नगरपालिकामा सम्भावना भएका आयका शीर्षकहरूको संभाव्यता, संकलनको अवस्था तथा दरको निर्धारणको अवस्थालाई देखाउँछ । तालिका ५ मा आयका शीर्षक र संभावनाहरु प्रस्तुत गरिएको छ ।

तालिका ५: नगरपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था

| **क्र.सं.** | **आयका शीर्षक** | **सम्भावनाको विवरण (छ/छैन)** | **दर निर्धारणको अवस्था (भएको/ नभएको)** | **संकलन (भएको/ नभएको)** |
|---|---|---|---|---|
| **(क) कर तर्फ** | | | | |
| १ | भूमि कर (मालपोत) | छ | भएको | भएको |
| २ | सम्पत्ति कर | छ | भएको | भएको |
| ३ | सवारी कर (टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सा) | छ | नभएको | नभएको |
| ४ | घर जग्गा बहाल कर | छ | नभएको | नभएको |
| ५ | व्यवसाय कर | छ | भएको | भएको |
| ६ | जडीबुटी, कवाडी र जीवजन्तु कर | छ | भएको | भएको |
| ७ | विज्ञापन कर | छ | नभएको | नभएको |
| ८ | मनोरञ्जन कर | छ | नभएको | नभएको |
| **(ख) अन्य राजस्व** | | | | |
| १ | स्लेट, ढुङ्गा, गिट्टी, वालुवा एवम् माटोजन्य वस्तुको विक्री | छ | भएको | भएको |
| २ | काठ, दाउरा, जाराजुरी, दहत्तर, बहत्तर बिक्री | छ | नभएको | नभएको |
| ३ | वन पैदावर (सामुदायिक वनको) बिक्री बापतको आय | छ | नभएको | नभएको |
| ४ | नक्सापास दस्तुर | छ | भएको | भएको |
| ५ | व्यक्तिगत घटना विलम्ब दर्ता शुल्क | छ | भएको | भएको |
| ६ | बहाल विटौरी शुल्क | छ | नभएको | नभएको |
| ७ | पार्किङ्ग शुल्क | छ | नभएको | नभएको |
| ८ | अस्पताल संचालन | छ | भएको | भएको |
| ९ | फोहरमैला व्यवस्थापन शुल्क | छ | नभएको | नगरपालिकाले जिम्मेवारी लिएको |
| १० | स्थानीय खानेपानी महसुल | छैन | नभएको | नभएको |
| ११ | स्थानीय विद्युत् महसुल | छैन | नभएको | नभएको |
| १२ | केवलकार, टेकिङ्ग, कायाकिङ्ग, वन्जीजम्प, जिप फ्लायर, प्याराग्लाइडिङ्ग आदि मनोरंजन | छैन | नभएको | नभएको |

| क्र.सं. | आयका शीर्षक | सम्भावनाको विवरण (छ/छैन) | दर निर्धारणको अवस्था (भएको/ नभएको) | संकलन (भएको/ नभएको) |
|---|---|---|---|---|
| | तथा साहसी खेलकुद सम्वन्धी सेवा तथा व्यवसायमा सेवाशुल्क | | | |
| | निर्माण, संचालन र व्यवस्थापन गरेका स्थानीय पूर्वाधार तथा सेवामा सेवा शुल्क (खानेपानी, विजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, ढल निकास, सडक वत्ति, शौचालय, पार्क, पौडी पोखरी, ब्ययमशाला, पर्यटकिय स्थल, हाटवजार, पशु वधशाला, शवदाह गृह, धोविघाट, सडक, बसपार्क, पुल आदि) | छैन | नभएको | नभएको |
| १३ | मूल्यांकन सेवा शुल्क | छ | भएको | भएको |
| १४ | दर्ता, अनुमति तथा नवीकरण दस्तुर संभावना नभएको(एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजतपत्र, विद्यालय स्थापना, स्थानीय स्तरका ब्यापारिक फर्म) | छ | भएको | भएको |
| १५ | ढुङ्गा, गिट्टी, वालुवा, नुन, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन् तथा उपयोग शुल्क | छ | भएको | भएको |
| १६ | वडा मार्फत् गरिने सिफारिश तथा प्रमाणित दस्तुर | छ | भएको | भएको |
| १७ | दण्ड जरिवाना | छ | भएको | भएको |

**स्रोतः** स्थलगत सर्वेक्षण, २०७८

## ३.३ आन्तरिक राजस्व संकलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण

नगरपालिकाले आन्तरिक स्रोत अन्तर्गत विभिन्न शीर्षकमा राजस्व संकलन गर्न सक्नेछन । जसअनुसार राजस्वका प्रमुख क्षेत्रहरुमा करराजस्व र गैह्रकर राजस्वका विभिन्न शीर्षक अन्तर्गत कर वा दस्तुर वा शुल्क लगाउन सक्नेछ । राजस्वका प्रमुख क्षेत्र अन्तर्गत कर राजस्व र गैह्र कर राजस्वका शीर्षकहरुलाई चित्र ४ मा उल्लेख गरिएको छ ।




चित्र ४: राजस्व तथा करका विभिन्न शीर्षकहरु

### ३.३.१ कर राजस्व

नगरपालिकाको राजस्वका विभिन्न स्रोतहरु मध्ये कर राजस्व अन्तर्गत हाल परिचालन भइरहेको, सम्भव्य स्रोत र सोको परिचालनका लागि गर्नुपर्ने सुधारहरु यस प्रकार रहेका छन।

#### (क) सम्पत्ति कर

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५ मा सम्पत्ति कर सम्बन्धी प्रावधान रहेको हुँदा उक्त दफा अनुसार नगरपालिकाले आफ्नो क्षेत्रभित्रको घर र सो घरले चर्चेको क्षेत्रफल वरावरसम्मको जग्गामा सम्पत्ति कर लगाउन सक्ने कानूनी व्यवस्था रहेको छ।

**विद्यमान अवस्था:** यस नगरपालिकाले कानूनी प्रावधान अनुरुपको सम्पत्ति कर निर्धारण गरेको छ। नगरपालिकाको आर्थिक ऐनको दफा २ मा नगरपालिका क्षेत्रभित्र अनुसूची १ बमोजिम सम्पति कर लगाउने उल्लेख गरिएको छ। विद्यमान कानूनी व्यवस्था अनुसार घर तथा घरले चर्चेको

जग्गा र अधिकतम सो जग्गा बराबरको थप जग्गामा मात्र सम्पत्ति कर लाग्ने व्यवस्था रहेको छ। राष्ट्रिय जनगणना २०६८ अनुसार यस नगरपालिकामा कुल घरधुरी संख्या ६४२१ रहेको छ। कुलघरधुरीमा ६३५७ घरधुरीको आफ्नै स्वामित्वको जग्गामा घर भएको पाइन्छ । यस नगरपालिकाले आ.व.२०७५/७६ मा सम्पति कर बापत रु. ८ लाख २५ हजार ९ सय ११ रुपैया, आ.व.२०७६/७७ मा रु. १ करोड ४६ लाख ७३ हजार, आ.व.२०७७/७८ मा संशोधित अनुमान रु. ५ लाख र चालू आ.व. २०७८/७९ का लागि रु. १५ लाख अनुमान गरेको पाइन्छ।

यस नगरपालिकाले प्रगतिशिल कर सिद्धान्त अनुसार सम्पत्ति करको दर निर्धारण गरेको पाइन्छ। नगरपालिकाले प्रगतिशिल सिद्धान्त अनुसार निर्धारण गरेको सम्पत्ति करको दर अनुसार पहिलो रु. ५ लाखसम्म ०.०२ प्रतिशतका दरले, ५ लाखभन्दा माथि १० लाखसम्म ०.०३ प्रतिशतका दरले, १० लाखभन्दा माथि २० लाखसम्म ०.०५ प्रतिशतका दरले, २० लाखदेखि माथि ५० लाखसम्म ०.०७ प्रतिशतका दरले, ५० लाखदेखि १ करोडसम्म ०.०९ प्रतिशतका दरले र १ करोड भन्दा माथि जतिसुकै भएपनि ०.१ प्रतिशत रहेको छ।

**संभाव्यताः**

राष्ट्रिय जनगणना २०६८ अनुसार यस नगरपालिकाको कुल घरधुरी संख्या ६४२१ रहेको छन। विद्यमान कानूनी व्यवस्था अनुसार घर तथा घरले चर्चेको जग्गा र अधिकतम सो जग्गा बराबरको थप जग्गामा मात्र सम्पत्ति कर लाग्ने व्यवस्था रहेको हुँदा कुल घरधुरीमा ६३५७ घरधुरीको आफ्नै स्वामित्वको जग्गामा घर भएकोले सो घरधुरीलाई नै कुल सम्पत्ति करदाता संख्या कायम गरिएको छ। राष्ट्रिय जनगणना २०६८ र स्थलगत सर्वेक्षण अनुसार कुल घरधुरीका स्वामित्वमा भएका घरहरुलाई घरहरूलाई कच्ची र फुस/खरले छाएका घर, ढुंगा, माटो/खर/टायल/टिनको छानो भएका घर, टायल वा ढुगांले छाएका घर, र वाल सिस्टम/पिलर सिस्टम/भूकम्प प्रतिरोधी घर गरी ४ समूहमा विभाजन गरी यी चार किसिमका घरधुरीलाई तल उल्लेखित दरमा कर निर्धारण गर्नु उपयुक्त हुने प्रस्ताव गरिएको छ। जसलाई तलको तालिका ६ मा देखाइएको छ।

तालिका ६: सम्भाव्य सम्पत्ति करदाता तथा सम्पत्ति कर

| **करदाता सम्बन्धी विवरण** | **करदाताको संख्या** | **करको औसत दर (प्रस्तावित)** | **सम्भाव्य कुल आय रु.** |
|---|---|---|---|
| कच्ची र फुस/खरले छाएको घर भएका करदाता | २७३० | ३०० | ८१९००० |
| ढुंगा, काठ, माटो र टायल/टिनको छानोको घर भएका | ३०५२ | ४०० | १२२०८०० |
| टायल वा ढुगांले छाएका सिमेन्टेड घर भएका करदाता | ३०० | ५०० | १५०००० |
| वाल सिस्टम/पिलर सिस्टम/भूकम्प प्रतिरोधी घर भएका करदाता | २७५ | ६०० | १६५००० |
| **जम्मा** | **६३५७** | | **२२१९८००** |

**स्रोतः** राष्ट्रिय जनगणना २०६८ तथा स्थलगत सर्वेक्षण, २०७८

नगरपालिकाले सम्पत्ति करलाई प्रगतिशिल करको सिद्धान्त अनुसार दर निर्धारण गरेको भएतापनि नगरपालिका क्षेत्रभित्रको सबै घररिवार अनुसार घर र घरले चर्चेको जग्गाको मुल्य निर्धारण सम्बन्धी तथ्याङ्क उपलब्ध नभएकोले सम्भाव्यताका लागि माथि उल्लेख गरिएको घरको बनावटलाई आधार मानी सम्भाव्य राजस्व संकलनको अनुमान गरिएको छ । जस अनुसार सम्पत्ति कर बापत रु. २२ लाख १९ हजार ८ सय रुपैया राजस्व संकलन हुने सम्भावना देखिन्छ ।

**सुधारका पक्षहरू:**

सम्पत्ति कर कार्यान्वयनका लागि यस नगरपालिकाले गर्नुपर्ने विषयहरू निम्न अनुसार रहेको देखिन्छ :

- नगरपालिका क्षेत्रभित्रका सम्पूर्ण घरधुरीहरुलाई सम्पत्तिकरको दायरा भित्र ल्याउने ।
- सम्पत्ति करसम्बन्धी पदाधिकारी तथा कर्मचारीहरूका लागि तालिम संचालन गर्ने ।
- सम्पत्ति कर सम्बन्धी सफ्टवेयर सबै वडाहरूका कम्प्युटरमा राखेर नगरपालिका कार्यालय तथा सबै वडारूबाट संकलन गर्ने
- सम्पत्ति कर सम्बन्धी आम जनताहरूलाई सञ्चारका विभिन्न माध्यमबाट सूचित गर्ने ।

## (ख) मालपोत वा भूमी कर

नगरपालिकाले आफ्नो क्षेत्रभित्रको जग्गामा स्थानीय सरकार सञ्चालन ऐनको दफा ५६ अनुसार जग्गाको उपयोगका आधारमा भूमिकर (मालपोत) लगाउन सक्ने व्यवस्था रहेको छ । तर सम्पत्ति कर लगाएको जग्गामा भूमिकर (मालपोत) नलगाइने उल्लेख गरिएको छ ।

**विद्यमान अवस्था:**

मालपोतलाई परम्परादेखि चल्दै आएको र दिगो राजस्वको स्रोत मानिन्छ । नगरपालिकाको आर्थिक ऐनको दफा ३ मा नगरपालिका क्षेत्रभित्र अनुसूची २ बमोजिम भूमी कर (मालपोत कर) लगाउने उल्लेख गरिएको छ । यस नगरपालिकाले आ.व.२०७५/७६ मा भूमी कर (मालपोत) बापत रु. २१ लाख १७ हजार ४ सय ५७ रुपैया, आ.व. २०७६/७७ मा रु. ३३ लाख ७२ हजार, आ.व. २०७७/७८ मा संशोधित अनुमान रु. १३  लाख र चालू आ.व. २०७८/७९ का लागि रु. ५२ लाख अनुमान गरेको पाइन्छ । घरले चर्चेको जग्गा बाहेकमा मालपोत लगाइने व्यवस्था छ । यस नगरपालिकाले प्रगतिशिल कर सिद्धान्त अनुसार भूमी करको दर निर्धारण गरेको पाइन्छ ।

**संभाव्यताः**

यस नगरपालिकाले जग्गाको वर्गिकरणको आधारमा मालपोतको दर निर्धारण तथा जमिनको मूल्यांकन गरेको देखिन्छ । जस अन्तर्गत व्यापरिक क्षेत्र, आवासिय क्षेत्र, कृर्षि क्षेत्र र बन तथा बगर क्षेत्र गरी ४ भागमा वर्गिकरण गरेको देखिन्छ ।जग्गाको वर्गीकरण तथा भूस्वामित्व अनुसार नै कर प्रत्यारोपण गर्ने नीति लिइएमा जमीनको उपयोगिता अनुसार विभिन्न दरमा कर प्रत्यारोपण गर्न सकिने भएकोले हालको भन्दा निकै बढी राजस्व संकलन गर्नसक्ने सम्भावना देखिन्छ । यस नगरपालिकाको खेतीयोग्य जमिनसम्बन्धी कुनै तथ्यांक प्राप्त नभएकोले भूमी कर शीर्षकमा विगतका वर्षहरुमा प्राप्त राजस्व र चालू आ.व. को अनुमानको आधारमा संकलन हुनसक्ने राजस्वको अनुमान गरिएको छ । नगरपालिकाले मालपोत कार्यालयसँग समन्वय गरी जग्गा धनी र जग्गाको तथ्याङ्क अध्यावधिक गर्ने हो भने मालपोत बापत रु. ६० लाख राजस्व संकलन हुने सम्भावना देखिन्छ ।

**सुधारका पक्षहरू:**

यस सम्बन्धमा अध्ययन अनुसन्धान गर्दा सुधारका पक्षहरू निम्नानुसार छन् :

- नगरपालिकाले मालपोत कार्यालयसँग समन्वय गरी जग्गा धनी र जग्गाको तथ्याङ्क अभिलेखीकरण गर्ने ।
- करको दर निर्धारण गर्दा मुख्य बजार क्षेत्र तथा सडक पहुँच भएका बढी मूल्य जाने क्षेत्रहरुमा करको दर बढी र बस्ती तथा सडकको पहुँच नभएका क्षेत्रमा करको दर कम गर्ने ।

**(ग) घरजग्गा बहाल कर**

स्थानीय सरकार सञ्चालन ऐनको दफा ५७ मा नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा नगरपालिकाले त्यस्तो बहाल रकममा बहाल कर लगाउने व्यवस्था रहेको छ ।

**विद्यमान अवस्थाः**

घरजग्गा बहाल कर नगरपालिकाको दिगो तथा बृद्धि हुदैजाने राजस्वको स्रोत हो । नगरपालिकाको आर्थिक ऐनको दफा ४ मा नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले बहालमा दिएकोमा अनुसूची ३ बमोजिम घर बहाल कर लगाउने उल्लेख गरिएको छ । राष्ट्रिय आर्थिक गणना २०७५ को प्रारम्भिक नतिजाअनुसार यस नगरपालिकामा ६०४ वटा उद्योग, व्यापार तथा व्यवसायहरु सञ्चालनमा रहेको देखिन्छ । ती व्यापार व्यवसायहरुमध्ये कतिपय आफ्नै

घर/टहरामा र केही बहालमा लिएर सञ्चालन गरिएका छन् ।त्यस्तै राष्ट्रिय जनगणना २०६८ अनुसार यस नगरपालिकाको कुल घरधुरी संख्यामध्ये १४० घरधुरी मात्र भाडाको घरमा बस्ने देखिन्छ । यस नगरपालिकाले आ.व.२०७५/७६ मा घरजग्गा बहाल कर बापत रु. ७ हजार ८ सय ८३ रुपैया, आ.व. २०७६/७७ मा रु. ५० लाख २० हजार, आ.व. २०७७/७८ मा संशोधित अनुमान रु. ३ लाख ७० हजार र चालू आ.व. २०७८/७९ का लागि रु. ५ लाख अनुमान गरेको पाइन्छ । बहाल अंकको १० प्रतिशतका दरले घरजग्गा बहाल कर लगाउँन सकिने व्यवस्था रहेको छ ।

**संभाव्यताः**

राष्ट्रिय जनगणना २०६८ अनुसार यस नगरपालिकाको कुल घरधुरी संख्यामध्ये १४० घरधुरी मात्र भाडाको घरमा बस्ने भएकोले यस नगरपालिका क्षेत्रभित्र न्यून घर तथा जग्गा मात्र बहालमा रहेको देखिन्छ । यो नगरपालिका शहर उन्मुख नगरपालिका भएकोले दिन प्रतिदिन भाडामा बस्ने परिवार र उद्योग व्यापार व्यवसाय गर्नेको संख्या बढ्ने सम्भावना भएको र नगरपालिका क्षेत्रभित्र व्यवसायिक तथा आवासीय प्रयोजनका लागि बहालमा प्रयोग भएका घर तथा जग्गाको परिमाण, मासिक बहालको दर अनुसारको लगत तयारी, बहाल करको स्वीकृत दर बमोजिमको लगत तयार र अभिलेख अध्यावधिक गरी करको दायरामा लिन सके हाल संकलन हुँदै आएको राजस्वमा बृद्धि हुने सम्भावना देखिन्छ । त्यसैले यस नगरपालिकामा भाडामा बस्दै आएका १४० घरधुरीले प्रति परिवार वार्षिक औषत रु. २४ हजारका दरले घर बहाल बुझाउँदा रु. ३३ लाख ६० हजार उठ्ने देखिन्छ । सो को १० प्रतिशतका दरले हुन आउने रु. ३ लाख ३६ हजार बहाल कर उठ्ने देखिन्छ । यसै गरी नगरपालिका क्षेत्रभित्र ६०४ उद्योग, व्यापार, व्यवसायहरु संचालनमा रहेको देखिन्छ । ती व्यापार व्यवसायहरु मध्ये केही आफ्नै घर टहरामा र केही बहालमा लिएर संचालन हुनसक्ने भएकोले नगरपालिकामा हाल करिब ४०० उद्योग, व्यापार, व्यवसायहरु भाडामा संचालन भएको अनुमान गरी सम्भावित राजस्वको प्रक्षेपण गरिएको छ । जस अनुसार ४०० संस्थाहरुले नगरपालिकाले निर्धारण गरेको करको दर अनुसार प्रति संस्था वार्षिक औषत ३०००० का दरले घर बहाल बुझाउँदा रु. १ करोड २० लाख बहाल उठ्ने देखिन्छ । सो को १० प्रतिशत हुन आउने रकम रु. १२ लाख बहाल कर उठ्ने सम्भावना देखिन्छ । यसर्थ, नगरपालिकाले यसै आधारमा बहाल कर उठाउँदा वार्षिक रु.१५ लाख ३६ हजार बहाल कर संकलन हुने सम्भावना देखिन्छ ।

**सुधारका पक्षहरूः**

- नगरपालिकाद्वारा घर जग्गा बहालमा लगाउने र वस्ने व्यक्तिहरुको विवरण अद्यावधिक गर्ने र सोही अनुसार कर असुलीका लागि सूचित गर्ने ।
- नगरपालिकाको स्वमित्वमा भएका खाली जग्गाहरु उपभोगका लागि भाडामा वा लिजमा लगाएर राजस्व/कर प्राप्त गर्न सकिन्छ ।

### (घ) व्यापार व्यवसाय कर

स्थानीय सरकार सञ्चालन ऐनको दफा ५८ मा नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारको आधारमा व्यवसाय कर लगाउने व्यवस्था रहेको छ ।

**विद्यमान अवस्थाः**

नगरपालिकाको आर्थिक ऐनको दफा ५ मा नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारका आधारमा अनुसूची ४ बमोजिम व्यवसाय कर लगाइने व्यवस्था उल्लेख गरेको छ । सोही अनुसार यस नगरपालिकाले आ.व.२०७५/७६ मा व्यवसाय कर बापत रु. ८ लाख ७९ हजार ६ सय ३० रुपैया, आ.व. २०७६/७७ मा रु. २ लाख ७ हजार, आ.व. २०७७/७८ मा संशोधित अनुमान रु. ६० लाख र चालू आ.व. २०७८/७९ का लागि रु. १० लाख अनुमान गरेको पाइन्छ । नगरपालिकाले प्रत्येक आ.व. को सुरु भएको असोज मसान्तभित्र व्यवसाय कर दाखिला गरिसक्नु पर्नेछ । तोकिएको अवधिभित्र कर दाखिला नगर्ने व्यवसायीलाई थप २० प्रतिशत जरिमाना लगाइने व्यवस्था गरेको छ । यस नगरपालिका क्षेत्रभित्र संचालनमा रहेका व्यापार व्यावसायहरुका प्रकार अनुसारको तथ्याङ्क तत्काल उपलब्ध छैन ।

**संभाव्यताः**

केन्द्रीय तथ्यांक विभागको आर्थिक गणना २०७५ को प्रारम्भिक नतिजा अनुसार यस नगरपालिका क्षेत्रभित्र ६०४ वटा उद्योग व्यवसाय उल्लेख भएको देखिन्छ । जस अनुसार नगरपालिका भित्र रहेका व्यवसायलाई १० वटा वर्गमा विभाजन गरेको छ । नगरपालिका क्षेत्रभित्र संचालनमा रहेका व्यापार व्यावसायहरुका प्रकार अनुसारको तथ्याङ्क उपलब्ध नभएका कारण यसै आर्थिक गणना २०७५ को प्रारम्भिक नतिजामा उल्लेख भएका तथ्यांकको विश्लेषणका आधारमा राजस्व संकलनको अनुमान गरिएको छ । उक्त व्यवसाय सम्बन्धी विवरणलाई तालिका ७ मा देखाइएको छ ।

तालिका ७: व्यवसाय सम्बन्धी विवरण

| व्यवसाय | संख्या | करको औषत दर (प्रस्तावित) | संभावित राजस्व (रू. मा) |
|---|---|---|---|
| कृषि, वन, माछा पालन | २१ | ३००० | ६३,००० |
| उत्पादन क्षेत्र | ४४ | ६००० | २६४,००० |
| खानी, विद्युत, ग्याँस, खानेपानी तथा निर्माण | २ | ५००० | १०,००० |
| थोक तथा खुद्रा व्यापार | ३५२ | ३००० | १,०५६,००० |
| ढुवानी, भण्डारण, सूचना र सञ्चार | १ | ४००० | ४,००० |

| व्यवसाय | संख्या | करको औषत दर (प्रस्तावित) | संभावित राजस्व (रू. मा) |
|---|---|---|---|
| होटल, लज | ८६ | ३००० | २५८,००० |
| वित्त, वीमा | ७ | ७००० | ४९,००० |
| शिक्षा | ५७ | ५००० | २८५,००० |
| मानव स्वास्थ्य र समाजिक कार्य | १२ | ५००० | ६०,००० |
| घरजग्गा, पेशागत व्यवसाय, वैज्ञानिक, प्रशासनिक, कला, मनोरञ्जन र अन्य | २२ | ३००० | ६६,००० |
| **जम्मा** | ६०४ | | **२,११५,०००** |

**स्रोत:**केन्द्रीय तथ्यांक विभाग आर्थिक गणना, द्दण्ठछ

माथि उल्लेखित तालिका ७ को आधारमा व्यवसाय कर असुली गर्दा रु. २१ लाख १५ हजार राजस्व संकलन हुने संभावना देखिन्छ । यसैगरी नयाँ व्यवसाय दर्ता तथा नविकरण गर्दा यो राजस्व रकम अझ बढ्न सक्ने सम्भावना समेत देखिन्छ ।

**सुधारका पक्षहरू:**

- नगरपालिकामा संचालित व्यवसायहरूको करको दर वस्तुपरक बनाई आर्थिक ऐनमा उल्लेख गर्ने ।
- एकै प्रकारको व्यवसायलाई व्यवसायमा भएको लगानी तथा कारोवारको आधारमा ठूला, मझौला र साना (क, ख, ग) वर्गमा वर्गीकरण गरी करको दरमा परिमार्जन गर्ने ।
- व्यवसाय कर प्रशासनमा पुरस्कार र दण्ड दुवैको व्यवस्था गर्ने ।

### (ङ) जडीवुटी, कवाडी, जीवजन्तु कर

स्थानीय सरकार सञ्चालन ऐनको दफा ६१ मा नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिवुटी, प्रचलित कानून बमोजिम निषेधित जीवजन्तु वाहेकका अन्य मृत वा मारिएको जीवजन्तुको हाड, सीङ, प्वाँख, छाला वा यस्तै प्रकृतिको वस्तुको व्यवसायिक उपयोग गरे वापत नगरपालिकाले जडिवुटी, कवाडी तथा जीवजन्तु कर लगाउने व्यवस्था रहेको छ ।

**विद्यमान अवस्था:**

यस नगरपालिकाको आर्थिक ऐनको दफा ६ मा नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, बनकस, कवाडी माल, र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, नङ, प्वाख, छाला, जस्ता वस्तुको व्यवसायिक कारोवार गरे वापत अनुसुची ५ बमोजिमको जडिबुटी, कवाडी र जिवजन्तु कर लगाइने उल्लेख गरेको छ। जस अनुसार नगरपालिकाले यार्सागुम्बामा कसल मूल्यको १ प्रतिशत, यार्सागुम्बा बाहेकका अन्य जडिबुटीमा प्रचलित बजार मूल्यको ५ प्रतिशत, कवाडी माल सिसामा

प्रतिकिलो रु. १, खोटो प्रति किलो/लिटर रु. ७ करको दर कायम गरेको छ । यस नगरपालिकाले राजस्व संकेत ११६९१ अन्य कर (कवाडी कर) शीर्षकमा आ.व.२०७५/७६ मा रु. २ लाख १२ हजार १ सय ७० रुपैया आम्दानी, आ.व. २०७६/७७ मा रु. २करोड ४५ लाख ४४हजार आम्दानी, आ.व. २०७७/७८ मा संशोधित अनुमान रु. १ करोड २० लाख र चालू आ.व. २०७८/७९ का लागि रु. ५० लाख अनुमान गरेको पाइन्छ ।

**सम्भावनाः**

यस क्षेत्रमा बहुमुल्य जडिबुटी यार्सागुम्बाका साथै पाँचऔले, कुरिलो, टिमुर, दालचिनी, गुर्जो, कटुकी, पाङर, बोझो, हर्रो, अमला, पदमचाल, सतुवा, हलहले, कुमकुम, चिराइतो, जटामसी, झलायो लगायतका जडिबुटीहरु पाइन्छ र यसको कारोवार भैरहेको छ । सामुदायिक वनले यस्ता वस्तुको संकलन तथा विक्री गर्दै आएको पाइन्छ । यहाँका प्रत्येक सामुदायिक वन क्षेत्रमा जडीवुटी खेतीलाई अझ बढी प्रवर्द्धन गरी बजारीकरण गर्न सकिने सम्भावना रहेको पाइन्छ । त्यसैगरी कवाडी मालसामान र निषेधित जीवजन्तु वाहेका जीवजन्तुको हाड, सीङ, छाला लगायतका बस्तुहरुको व्यवसायिक उपयोग राजस्व संकलन हुने सम्भावना रहेको पाइन्छ ।यहाँ हाल उत्पादन हुने जडिवुटी, कवाडी र जीवजन्तु सम्बन्धी विवरणहरु प्राप्त नभएकाले विगतका आ.व. हरुमा भएको आम्दानीलाई आधारमानी रु. ७५ लाख यस शीर्षकमा राजस्व संकलन हुने अनुमान गरिएको छ ।

**सुधार गर्नुपर्ने  पक्षहरुः**

जडिबुटी, कवाडी र जीवजन्तु कर संकलनमा सुधार ल्याउनका लागि निम्न कार्यहरू गर्न आवश्यक देखिन्छ ।

- नगरपालिका क्षेत्रमा संकलन तथा व्यवसायिक उपयोग हुने परिमाण सम्बन्धी आवश्यक तथ्याङ्क संकलन गर्ने ।
- जडिबुटीको किसिम अनुसार करको दर निर्धारण गरी आर्थिक ऐनमा उल्लेख गर्ने ।

**(च) विज्ञापन कर**

स्थानीय सरकार सञ्चालन ऐनको दफा ६४ (१) (ग) मा विज्ञापन करको दर निर्धारण र संकलन नगरपालिकाले गर्ने व्यवस्था रहेको छ । यस शीर्षक अन्तर्गत संकलित रकमको ४०% प्रदेश संचित कोषमा दालिखा गर्नु पर्दछ

**विद्यमान अवस्थाः**

यस नगरपालिकाको आर्थिक ऐन, २०७८ को दफा ८ मा नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची ७ बमोजिम विज्ञापन कर लगाइने छ । तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा

अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुने उल्लेख छ। विज्ञापन करको दर निर्धारण तथा संकलन नगरपालिकाले गर्दछ र उक्त संकलित रकममध्ये ४० प्रतिशत प्रदेश सरकारले र बाँकी स्थानीय सरकारले लिने व्यवस्था रहेको छ । नगरपालिकाले पर्यटकीय सम्भावना रहेका स्थानहरू, सडकका छेउमा होर्डिङ्ग बोर्ड राखेर विज्ञापन कर संकलन गर्न सक्नेछ। तर यस शीर्षकमा हालसम्म कुनै राजस्व संकलन भएको देखिदैन।

**सम्भावना :**

यस नगरपालिका क्षेत्रभित्र रहेका मुख्य ब्यपारीक केन्द्रहरुमा राडीज्यूला, सिमबजार, चिसापानी, छोटे बगर, त्रिवेणी रहेका छन् । यी क्षेत्रहरु विज्ञापनका लागि उपयुक्त रहेका छन । नगरपालिकामा सडक तथा बजारको विकास र विस्तारसँग विज्ञापन सामाग्रीको बृद्धि हुदै जाने देखिन्छ । नगरपालिकाले तोकेको मापदण्डभित्र रहेर मात्र सडक तथा व्यापारिक केन्द्रहरुमा विभिन्न व्यवसायिक निकायहरुको विज्ञापन राखी भविश्यमा यस शीर्षकबाट राम्रो राजस्व संकलन गर्न सक्नेसम्भावनादेखिन्छ। नगरपालिकाको क्षेत्रमा साना बोर्ड/फ्लेस करिब २०० वटा, मझौला ७५ वटा र ठूला साइजका बोर्ड करिब २० वटा स्थापना हुन सक्ने अनुमान गरी ठुलोसाइजको बोर्ड/फ्लेसको औषतमा प्रति बोर्ड/फ्लेसको रु. १०००, मझौला खालको बोर्ड/ फ्लेसको रु. ७०० र साना बोर्ड/ फ्लेसको रु. ५०० को दरले कर लगाई बिज्ञापन कर लिँदारु. १ लाख ७२ हजार ५ सय राजस्व संकलन हुने र सो को ६०% ले हुन आउने रकम रू. १ लाख ३ हजार ५ सय रकम संकलन हुने अनुमान गरिएको छ।

**सुधारका पक्षहरू:**

- विज्ञापनका लागि उपयुक्त स्थानहरूको बारेमा तथ्याङ्क संकलन गर्ने।
- विज्ञापन प्रवर्धनका लागि राष्ट्रिय, प्रदेश, जिल्ला र स्थानीय व्यवसायीसँग समन्वय र सहकार्य गर्ने।
- विज्ञापन एजेन्सीहरुसँग परामर्श र समन्वय गरी विज्ञापन सामाग्री जडानका लागि अनुरोध गर्ने।
- सम्भाव्य स्थानहरुमा विज्ञापन प्रवर्द्धनको वातावरण तयार गर्ने।

## (छ) साना सवारी कर

स्थानीय सरकार सञ्चालन ऐनको दफा ६४ (१) (क) मा नगरपालिकाले टाँगा, रिक्सा, अटो रिक्सा र इ-रिक्साको सवारी करको दर निर्धारण तथा संकलन गरी आफ्नो कोषमा जम्मा गर्न सक्ने व्यवस्था रहेको छ।

**विद्यमान अवस्थाः**

यस नगरपालिकाको आर्थिक ऐनको दफा ७ मा नगरपालिका क्षेत्रभित्र दर्ता भएका स्थानीय रुटमा सवारी साधनमा अनुसूची ६ बमोजिम सवारी साधन कर लगाइने व्यवस्था गरेको छ तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा भएको अवस्थामा सोही बमोजिम हुने उल्लेख छ। यस नगरपालिकामा हालसम्म साना सवारी कर शीर्षक अन्तर्गत राजस्व प्राप्त गरेको अवस्था देखिदैन ।यस नगरपालिकाले आर्थिक ऐनको अनुसूची ५ मा सवारी करको दर निर्धारण गरेको देखिन्छ । जसअनुसार यस नगरपालिका भित्र ठेगाना रहने गरी दर्ता भएका तथा नगरपालिका क्षेत्रभित्र चल्ने सवारी साधनमा वार्षिक सवारी कर तालिका ८ मा दुखाइएको छ ।

तालिका ८: वार्षिक सवारी कर दर

| क्र.सं. | विवरण | वार्षिक कर (रु.) | कैफियत |
|---|---|---|---|
| १ | इन्जिनबाट चल्ने जुन कुनै दुइ पाङ्ग्रे मोटर साइकाल, स्कूटर वा यस्तै सवारी साधन | ४०० | |
| २ | कार, जीप, भ्यान वा यस्तै चार पाङ्ग्रे सवारी साधन | १००० | |
| ३ | टेम्पु र ट्याक्टर वा यस्तै सवारी साधन | १००० | |
| ४ | मिनि बस, मिनि ट्रक वा यस्तै चार पाङ्ग्रे सवारी साधन | २००० | |
| ५ | ठूला बस, ट्रक वा यस्तै चार पाङ्ग्रे सवारी साधन | ३००० | |
| ६ | हभी गाडी डोजर, क्रेन वा यस्तै सवारी साधन | ५००० | |
| ७ | अन्य सवारी साधन | १००० | |

**स्रोत:** नगरपालिकाको अर्थिक ऐन, द्दण्ठड

माथि उल्लेखित तालिका अनुसार यस नगरपालिकाले सवारी साधनमा वार्षिक सवारी कर वापत राजस्व उठाएको पाइन्छ । नगरपालिकाले राजस्व संकेत ११४५१ सवारी साधनमा कर (सवारी दर्ता, वार्षिक सवारी कर) शीर्षकमा आ.व.२०७५/७६ मा रु. ५७ हजार ८ सय आम्दानी, आ.व. २०७६/७७ मा रु. १ लाख ४२ हजार आम्दानी, आ.व. २०७७/७८ मा संशोधित अनुमान रु. १ लाख५० हजार र चालू आ.व. २०७८/७९ का लागि रु. १ लाख अनुमान गरेको पाइन्छ।

**सम्भावनाः**

यस नगरपालिकामा हाल साना सवारी करको संकलन सम्भावनाको अवस्था कम देखिन्छ । आगामी वर्षहरुमा सडक कालोपत्रेभएमा मात्र मुख्य बजार केन्द्रहरुमा केही रिक्सा, अटो रिक्सा र ई- रिक्सा संचालन हुने सम्भावना देखिन्छ । साना सवारी साधन सञ्चालन नभएको हुँदा यस सम्बन्धी थप विश्लेषण गरिएको छैन ।

**सुधारका पक्षहरुः**

नगरपालिकाले यसरी ठूला सवारी साधनमा छुट्टै कर लगाउन कानूनले अनुमति दिएको देखिदैन । प्रदेशले ठूला सवारी साधनमा कर लगाएर सो करबाट उठेको रकम राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले गरेको सिफारिस अनुसार सडकको लम्वाई, जनसंख्याको आकार र वन तथा हरियालीले ढाकेको क्षेत्रको आधारमा प्रत्येक गाउँपालिका वा नगरपालिकाले हिस्सा पाउने नै हुँदा यसरी दोहोरो कर लगाउनु नेपालको संविधान र प्रचलित संघीय तथा प्रादेशिक कानून विपरित हुने ।

३.३.२ गैरकर राजस्व

नगरपालिकाको आन्तरिक राजस्वको महत्वपूर्ण स्रोत करको अतिरिक्त सेवा शुल्क, दस्तुर, विक्रीबाट प्राप्त आय लगायतको गैरकर राजस्व पनि हो । यस नगरपालिकामा यस्ता गैर करका स्रोत परिचालनबाट पनि केही राजस्व संकलन गर्न सक्ने देखिन्छ ।

**(क) अन्य बिक्रीबाट प्राप्त (प्राकृतिक एवं खानीजन्य बस्तुको बिक्री)**

स्थानीय सरकार सञ्चालन ऐनको दफा ६२ क मा खानीजन्य तथा प्राकृतिक वस्तुको बिक्री नगरपालिकाले गर्न सक्ने व्यवस्था रहेको छ । यसमा नगरपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्यांकन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुंगा, गिट्टी, वालुवा, माटोजन्य वस्तु र सार्वजनिक तथा ऐलानी जग्गामा रहेका काठ, दाउरा, जराजुरी, दहत्तर बहत्तर आदिको विक्री गर्न सक्ने र त्यसरी विक्री गरिएको रकम नगरपालिकाको संचित कोषमा दाखिला गर्ने व्यवस्था गरिएको छ ।

**विद्यमान अवस्थाः**

स्थानीय सरकार संचालन ऐन, २०७४ संशोधनसँगै खानीजन्य तथा प्राकृतिक वस्तुको बिक्री शीर्षकको राजस्व उठाउन नगरपालिकाको एकल अधिकार क्षेत्रभित्र पर्ने देखिन्छ । तर उपर्युक्त संघीय ऐनमा रहेको व्यवस्थाको प्रतिकुल हुने गरी कर्णाली प्रदेश आर्थिक ऐन २०७७ को दफा ९ दहत्तर बहत्तर शुल्कका सम्बन्धमा उपदफा १ मा संघीय कानूनले अन्यथा व्यवस्था गरेकोमा बाहेक प्राकृतिक स्रोतमध्ये आफ्नो क्षेत्रभित्र ढुङ्गा, गिट्टी, बालुवा रदहत्तर बहत्तर संकलन शुल्क प्रदेशले लगाउने उल्लेख छ । साथै ऐ.ऐ. को सोही दफाको उपदफा ६ मा ढुङ्गा, गिट्टी, बालुवा र दहत्तर बहत्तर संकलनबाट उठेको शुल्कमध्येबाट ६० प्रतिशतले हुने रकम गाउँपालिका वा नगरपालिकाले आफ्नो संचित कोषमा राखी ४० प्रतिशतले हुने रकम मासिक रुपमा प्रदेश संचित कोषमा जम्मा गर्नुपर्ने उल्लेख छ । यसरी हेर्दा संघीय कानून र प्रदेश कानूनमा फरक फरक प्रावधान रहेको देखिएकोले यसमासंवैधानिक अदालतबाट संघीय कानूनसँग बाझिएको हदसम्म प्रदेश ऐन खारेज हुने देखिन्छ ।

नगरपालिकाको आर्थिक ऐनको दफा ९क मा ढुङ्गा, गिट्टी, बालुवा र माटोमा लाग्ने दहत्तर बहत्तर कर सार्वजनिक खरिद ऐन एवं नियमावलीको अधिनमा रही नगरपालिका क्षेत्रभित्रका गिट्टी, बालुवा र माटोको उत्खनन गर्न स्थलहरुको सम्भाव्यता अध्ययन, प्रारम्भिक वातावरणीय प्रभाव मूल्यांकन तथा विस्तृत परियोजना प्रतिवेदनका आधारमा ढुङ्गा, गिट्टी, बालुवा र माटोको ठेक्का आह्वान गरिएको थियो । सार्वजनिक खरिद प्रक्रियाबाट यस्तो कर संकलन नहुने देखिएमा कर्णाली प्रदेश सरकारको आर्थिक ऐन २०७८ को दररेटमा नगर कार्यपालिकाको निर्णय बमोजिम यस्तो कर निर्धारण तथा असुल गरिने उल्लेख छ । नगरपालिकाले राजस्व संकेत १४२१३ अन्य बिक्रिबाट प्राप्त रकम शीर्षकमा हालसम्म कुनै पनि रकम असुल गरेको अभिलेखमा देखिदैन ।

**सम्भावना :**

यो नगरपालिका शहरीकरण उन्मुख नगरपालिका भएकोले नयाँ बजार केन्द्रहरु विकास दुँदै गइरहेको अवस्था हुनाले निर्माण सामग्रीको माग बढ्न सक्ने तथा गिजारखोला, ठूलोभेरी जस्ता नदीहरु यहाँ हुनाले प्राकृतिक तथा खानीजन्य बस्तुको विषेश गरी ढुङ्गा, गिट्टी, बालुवा जस्ता बस्तुको विक्री तथा उपयोगको सम्भावना भएकोले नगरपालिकाका लागि महन्वपूर्ण प्राकृतिक स्रोत हुनसक्ने देखिन्छ ।साथै यस नगरपालिकाको खानीजन्य ढुङ्गा, गिट्टी, बालुवाको माग पनि तुलनबत्मक रुपले बढदै गएको देखिन्छ । यस नगरपालिका भएर बहने गिजारखोलामा ढुङ्गा, गिट्टी तथा बालुवा उत्खनन् गर्न प्रचुर सम्भावना देखिन्छ ।नगरपालिकाको आर्थिक ऐनमा भएको कानूनी व्यवस्था अनुसार ढुङ्गा, गिट्टी तथा बालुवा उत्खनन् गर्दा रु. ६० लाख राजस्व उठ्न सक्ने अनुमान गरिएको छ ।

**सुधारका पक्षहरू :**

- नेपाल सरकारले जारी गरेको ढुंगा गिट्टी बालुवा उत्खनन्, व्यवस्थापन तथा विक्री वितरण सम्वन्धी मापदण्ड, २०७७ बमोजिम वातावरणीय परीक्षण तथा उत्खनन् र बिक्री वितरण गर्न आवश्यक सुधार समेत गर्नुपर्ने ।
- वातावरणीय अध्ययन प्रतिवेदनले सिफारिश गरेका मापदण्डभित्र रहेर मात्र उत्खनन् तथा बिक्री कार्य गर्ने गराउने ।
- ठेक्का नलाग्ने अवस्था भएमा नगरपालिका आफैले संकलन गर्न सक्ने व्यवस्थाका बारेमा आवश्यक प्रावधान सहित निर्णय गर्ने ।
- नगरपालिकाले आर्थिक ऐनमा नियम विपरित संकलन गर्ने ठेकदारलाई कारबाही, दण्ड जरिवाना गर्न सकिने प्रावधान समावेश गर्ने ।
- संकलन कार्यको नियमित रुपमा अनुगमन गरी मापदण्डभित्र मात्र रहेर उत्खनन् भए नभएको सुनिश्चित गर्ने ।

**(ख) बहाल बिटौरी शुल्क**

स्थानीय सरकार सञ्चालन ऐनको दफा ५९ मा नगरपालिकाले आफ्नो क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग वापत बहाल विटौरी शुल्क लगाउन सक्ने व्यवस्था छ भने दफा ९७ नगरपालिकाले आफ्नो क्षेत्रको सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार तथा अन्य प्रवन्ध गर्नुपर्ने जिम्मेवारी दिएको छ ।

**विद्यमान अवस्थाः**

नगरपालिकाको आर्थिक ऐन को दफा १० मा नगरपालिका क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा संचालन गरेका बमोजिमका सम्पत्तिहरुमा अनुसूची ९ मा उल्लेख भएअनुसार हाट बजार वा पसलमा सोही अनुसूचीमा भएको व्यवस्था अनुसार बहाल बिरौटी शुल्क लगाउने कानूनी व्यवस्था रहेको छ । नगरपालिकाले बहाल बिरौटी शुल्क शीर्षकमा आ.व.२०७५/७६ मा रु. २७ हजार ८ सय ८४ रुपैया आम्दानी, आ.व. २०७६/७७ मा रु. ८७ हजार आम्दानी, आ.व. २०७७/७८ मा संशोधित अनुमान रु. ५० हजार र चालू आ.व. २०७८/७९ का लागि रु. ४० हजार अनुमान गरेको पाइन्छ ।

**सम्भावना :**

बहाल बिटौरी शुल्कको सम्भावना भएका हाट, बजार तथा बाटोको दायाँ बायाँ लगायत अन्य सरकारी जग्गामा बनेका संरचनाहरुको पहिचान गरी यसको सम्भावना पहिचान गर्नुपर्ने देखिन्छ । सार्वजनिक, ऐलानी, पर्ति र सरकारी तथा सामुदायिक जग्गाको स्वामित्व नेपाल सरकारको हुने भएतापनि यसको संरक्षण, मर्मत सम्भार र अन्य प्रवन्ध सम्बन्धित नगरपालिकाले गर्नुपर्ने भएकोले नगरपालिका क्षेत्रभित्रका यस्ता जग्गाहरुको खोजिगरी लगत व्यवस्थापन गरी सो बमोजिम राजस्व असुली गर्नुपर्ने देखिन्छ । यसैगरी सार्वजनिक जग्गामा अतिक्रमण गरी बनेका संरचना वा भोग गरेका जग्गावालाले लाभ लिने तर कुनै पनि तहको सरकारलाई कर नतिर्ने हुनाले यिनीहरुलाई बहाल बिटौरी शुल्कको दायरामा ल्याउन सकिने भएकोले यस सम्बन्धी नगरपालिकाले अभिलेख अध्यावधिक गरेको खण्डमा यस बहाल बिटौरी शुल्क शीर्षकमा रु. १ लाख संकलन गर्न सक्ने संभावना देखिन्छ ।

**सुधारका पक्षहरू:**

- नगरपालिका क्षेत्रभित्रका सार्वजनिक, ऐलानी, पर्ति र सरकारी तथा सामुदायिक जग्गाहरुको खोजीगरी लगत व्यवस्थापन गर्नुपर्ने ।
- नगरपालिकाले सर्बप्रथम आफ्नो क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको लगत विवरण तयार गर्ने ।

- आय संकलन सम्बन्धी प्रावधान आर्थिक ऐनमा समावेश गर्ने ।

### (ग) वन पैदावर विक्रिबाट प्राप्त शुल्क

स्थानीय शासन सञ्चालन ऐन, २०७४ को संशोधनपश्चात् सामुदायिक वन उपभोक्ता समितिले वन पैदावारको बिक्रीबापत प्राप्त गर्ने रकमको १० प्रतिशत सम्बन्धित गाउँपालिका तथा नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था गरेको छ ।यसैगरी वन ऐन, २०७६ को दफा १८(५) मा सामुदायिक वन उपभोक्ता समूहले समूहको चाहाना र आवश्यकताको आधारमा वन व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन उपभोक्ता समूहले सम्वन्धित स्थानीय तहको परामर्शमा सामुदायिक वनको कार्ययोजना बनाउन वा आवश्यकता अनुसार संशोधन गर्न सक्ने प्रावधान रहेको छ । यसैगरी सोही ऐनको दफा २२ मा सामुदायिक उपभोक्ता समूहले कार्ययोजना बमोजिम आर्जन गरेको वार्षिक आयबाट कम्तिमा पच्चिस प्रतिशत रकम वनको विकास, संरक्षण, व्यवस्थापन कार्यमा खर्चगरी बाँकी रहेको रकमको कम्तिमा पचास प्रतिशत रकम सम्वन्धित स्थानीय तहसँग समन्वय गरी गरिबी न्यूनीकरण, महिला सशक्तिकरण तथा उद्यम विकास कार्यमा खर्च गर्नुपर्नेछ र बाँकी रहेको रकम उपभोक्ता समूहको हितमा प्रयोग गरिने उल्लेख छ ।

**विद्यमान अवस्थाः**

यस नगरपालिकाको कुल भूभागमध्ये वन क्षेत्रले करिब ५३ (३४८ वर्ग कि.मि.) प्रतिशत भूभाग ओगटेको पाइन्छ । नगरपालिकाले वन पैदावारबाट प्राप्त शुल्क शीर्षकमा आ.व. २०७६/७७ मा रु. ४३ हजार आम्दानी, आ.व. २०७७/७८ मा संशोधित अनुमान रु. १ लाखर चालू आ.व. २०७८/७९ का लागि रु. १ लाख अनुमान गरेको पाइन्छ ।

**सम्भावनाः**

यस नगरपालिकाको कुल भूभागको करिब ५३ प्रतिशत भाग वन जंगलले ओगटेको हँदा उक्त क्षेत्रले ओगटेको क्षेत्रफलमध्ये अधिकांश क्षेत्र सामुदायिक वन रहेकोअनुमान गरीती वनहरुबाट बिक्री हुने वन पैदावरबाट राजस्व प्राप्त हुने सम्भावना देखिन्छ । वन पैदावरको विक्रिीको परिमाण सम्बन्धी तथ्यांक नभएकाले वन पैदावारको परिमाण सम्बन्धी तथ्याङ्क अध्यावधिकगर्ने हो भने यसबाट रु. १ लाख राजस्व संकलन हुनसक्ने अनुमान गरिएको छ ।

**सुधारका पक्षहरूः**

- नगरपालिकामा रहेका सामुदायीक वना तथा वन पैदावर सम्बन्धी अभिलेख संकलन गर्ने ।
- सामुदायीक वन पैदाव बिक्री तथा उपयोग सम्बन्धीको वार्षिक कार्ययोजना नगरपालिकाले स्विकृत गर्ने ।
- आय संकलन सम्बन्धी प्रावधान आर्थिक ऐनमा समावेश गर्ने ।

**(घ) पाकिङ शुल्क**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६० अनुसार नगरपालिकाको आफ्नो क्षेत्रभित्र कुनै सवारीलाई पार्किङ सेवा उपलब्ध गराए बापत पार्किङ शुल्क लगाउन सक्ने कानूनी व्यवस्था रहेको छ ।

**विद्यमान अवस्थाः**

यस नगरपालिकाको आर्थिक ऐनको दफा ११ मा नगरपालिका क्षेत्रभित्र कुनैपनि सवारीलाई पार्किङसुविधा उपलब्ध गराएमा अनुसूची १० मा उल्लेख भएअनुसार  पार्किङ शुल्क लगाउने व्यवस्था गरेको छ । त्यसैगरी नगरपालिकाले तोकेको स्थानमा मात्र पार्किङ गर्नुपर्ने छ । सार्वजनिक आवागमनमा असर पुग्नेगरी पार्किङ गरेमा रु. ५०० देखि रु. ५००० सम्म जरिमाना गरिने व्यवस्था समेत गरेको छ । नगरपालिकाले तोकेको स्थानमा पार्किङ गरेवापत दुई पाङ्ग्रे सवारी साधनका लागि प्रतिघण्टा रु. १५, चार पाङ्ग्रे सवारी साधनका लागि प्रतिघण्टा रु. ३० र पाँच पाङ्ग्रे वा सोभन्दा वढीका लागि प्रतिघण्टारु. ५० शुल्क दर निर्धारण गरेको छ । तर, नगरपालिकालेयस शीर्षक अन्तर्गत हालसम्म कुनैपनि रकम असुल गरेको अभिलेखमा देखिदैन ।

**सम्भावना :**

यो नगरपालिका शहर उन्मुख नगरपालिका भएकोले दिनानुदिन यस क्षेत्रमा चल्ने सवारी साधनको संख्या बढ्दो क्रममा रहेको पाइन्छ । यसरी नगरपालिकामा नै पार्किङ हुने गरेका यस्ता सवारी साधनलाई पार्किङ शुल्क लगाउनु उपयुक्त हुन्छ । यस्तो पार्किङ शुल्क लगाउँदा नगरपालिकाले निर्माण गरेको पार्किङ स्थलमा विद्यमान व्यवस्था अनुसार नै नगरपालिकामा रहेको बसपार्क तथा अन्य पार्किङ क्षेत्रमा सवारीको किसिम अनुसार नगरपालिकाभित्र ठेगाना रहने गरी दर्ता भएका तथा नगरपालिका क्षेत्रभित्र चल्ने सवारी साधनमा तालिका नं. ९ मा उल्लेखित दरमा वार्षिक पार्किङ शुल्क लगाउन सक्ने सम्भावना देखिन्छ । यसरी वार्षिक रुपमा लगाइने पार्किङ शुल्क पनि नगरपलिकाको आर्थिक ऐनमा व्यवस्था गरी वार्षिक रुपमा पार्किङ शुल्क लगाउने हो भने नगरपालिकाभित्र ठेगाना रहने गरी दर्ता भएका तथा नगरपालिका क्षेत्रभित्र चल्ने सवारी साधनको अभिलेख अध्यावधिक गरीलाई कडाई गरेमा पार्किङ शुल्क बापत रु. ४ लाख राजस्व संकलन हुने सम्भावना देखिन्छ ।

तालिका ९: नगरपालिकामा पार्किङ गरेका सवारी साधनलाई वार्षिक पार्किङ शुल्क लगाउन सक्ने सम्भावना

| क.सं. | विवरण | अनुमानित संख्या | वार्षिक दर (रु.) | सम्भान्य रकम रु. |
|---|---|---|---|---|
| १ | मोटर साइकाल,स्कूटर वा यस्तै दुई पाङ्ग्रेसवारी साधन | १५० | ४०० | ६०००० |
| २ | कार, जीप, भ्यान वा यस्तै चार पाङ्ग्रे सवारी साधन | ५० | १००० | ५०००० |
| ३ | टेम्पु र ट्याक्टर वा यस्तै सवारी साधन | १० | १००० | १०००० |
| ४ | मिनि बस, मिनि ट्रक वा यस्तै चार पाङ्ग्रे सवारी साधन | ४० | २००० | ८०००० |
| ५ | ठूला बस, ट्रक वा यस्तै चार पाङ्ग्रे सवारी साधन | ४० | ३००० | १२०००० |
| ६ | हभी गाडी डोजर, क्रेन वा यस्तै सवारी साधन | १५ | ५००० | ७५००० |
| ७ | अन्य सवारी साधन | ५ | १००० | ५००० |
| | **जम्मा** | **३१०** | | **४०००००** |

**सुधार गर्नुपर्ने पक्षहरु :**

- नगरपालिकाभित्र ठेगाना रहने गरी दर्ता भएका तथा नगरपालिका क्षेत्रभित्र चल्ने सवारी साधनको अभिलेख अध्यावधिक गरी वार्षिक रुपमा लगाइने पार्किङ शुल्कलाई पनि नगरपलिकाको आर्थिक ऐनमा व्यवस्था गर्ने ।
- यस नगरपालिकाको स्वामित्वमा रहेका जग्गामा पार्किङका लागि संरचना निर्माण गर्ने ।
- पार्किङ शुल्क असुली विधि छनोट र कार्यान्वयन गर्ने ।

**(ङ) दर्ता तथा अनुमति दस्तुर**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) ञ (६) मा स्थानीयस्तरका व्यापारिक फर्मको दर्ता, अनुमति तथा नवीकरण लगायतको अधिकार स्थानीय तहलाई रहेको छ । यसरी व्यवसाय दर्ता, अनुमति तथा नवीकरण गर्दा नगरपालिकालाई शुल्क प्राप्त गर्न सकिन्छ ।

**विद्यमान अवस्था :**

स्थानीय तहले एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजत पत्र, विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम, ट्युसन, कोचिङ, औषधि पसल, प्लटिङ्ग, ढुङ्गा, गिट्टी, वालुवा, नुन, माटो, खरीढुङ्गा, स्लेटजस्ता

वस्तुको सर्भेक्षण, उत्खनन् तथा उपयोग आदि कार्य गर्नको लागि दर्ता, अनुमति तथा नविकरण बापत दस्तुर संकलन गर्न सक्दछन । यस नगरपालिकाले यस प्रकारको करलाई समेत व्यवसाय करकै दायरामा लिई आर्थिक ऐनको अनुसूचि- ४ मा करको दायराहरू उल्लेख गरेको छ ।यो नगरपालिकाले दर्ता तथा अनुमति दस्तुर शीर्षक अन्तर्गत हालसम्म कुनैपनि रकम असुल गरेको अभिलेखमा देखिदैन ।

**सम्भावना :**

यस नगरपालिका शहरीकरण उन्मुख भएको हुँदा व्यापारिक फर्मको दर्ता, अनुमति, नवीकरणबाट राजस्व संकलनको राम्रो सम्भावना रहेको देखिन्छ । व्यापारिक फर्महरुको अभिलेख अध्यावधिक गरी संचालनमा रहेका फर्मको नविकरण र नयाँ संचालनमा आउन चाहने फर्महरुलाई इजाजत वा अनुमती दिने प्रक्रियालाई व्यवस्थित गर्नुपर्ने देखिन्छ । यस नगरपालिका क्षेत्रभित्र विभिन्न किसिमका ६०० भन्दा बढी व्यापार व्यवसायहरु सञ्चालनमा रहेको हुनाले वार्षिक रुपमा दर्ता/नवीकरण गरी नगरपालिकालाई राजस्व प्राप्त भई रहेकोमा व्यवसाय करका अलावा प्रति व्यवसाय रु.५०० प्रति वर्ष लिँदा करिव रु. ३ लाख राजस्व प्राप्त हुने सम्भावना रहेको देखिन्छ ।

**सुधार गर्नुपर्ने पक्षहरु :**

- व्यापारिक फर्म दर्ता तथा अनुमतीका लागी छुट्टै कार्यविधि तर्जुमा गर्ने ।
- नयाँ व्यवसाय वा कारोवार संचालन गर्नुपूर्व दर्ता तथा अनुमति प्रमाणपत्र अनिवार्य गर्ने ।
- अनुमति नलिई संचालनमा रहेका व्यवसायलाई नियमित गर्न दण्ड जरिवानाको व्यवस्था गर्ने ।

**(च) नक्सा पास दस्तुर**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ मा नगरपालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्न नहुने कुरा उल्लेख गर्दै दफा ३३ (४) मा भवन निर्माण गर्ने अनुमति दिँदा लाग्ने दस्तुर नगरपालिकाले तोके बमोजिम हुनेछ भन्ने व्यवस्था रहेको छ ।

**विद्यमान अवस्थाः**

यस नगरपालिकाको विद्यमान आर्थिक ऐनमा नक्शापास दस्तुर सम्बन्धी व्यवस्था भएको देखिदैन । नगरपालिकाले नक्शापास दस्तुर शीर्षक अन्तर्गत आ.व.२०७५/७६ मा रु. २ लाख १७ हजार १ सय ३७ रुपैया राजस्व प्राप्त गरेको पाइन्छ । त्यस्तै चालू आ.व.२०७८/७९ मा यस शीर्षक अन्तर्गत रु.१० लाख राजस्व प्राप्त हुने अनुमान गरेको देखिन्छ ।

**सम्भावनाः**

यो नगरपालिका शहरोन्मुख नगरपालिका भएको हुँदा यस क्षेत्रमा पक्की घरहरू निर्माण हुने क्रम बढ्दो छ । स्थलगत सर्वेक्षणबाट प्राप्त तथ्यांक अनुसार हाल यस नगरपालिकामा करिब २५० घरहरु मात्र पक्की (RCC) भएको हुनाले आगामी दिनमा पक्की घरहरु निर्माण हुँदै जाने देखिन्छ । साथै नेपाल विपत जोखिमका दृष्टिले सम्वेदनशील देशको सूचीमा समेत पर्ने हुनाले भवन निर्माण मापदण्ड पालना गर्नु गराउनु पनि जरुरी देखिन्छ । त्यसकारण नगरपालिकाले आफ्नो आर्थिक ऐनको छुट्टै दफामा नक्सापास दस्तुर सम्बन्धी व्यवस्था गरी पहिलेनै बनेका घरहरूको अभिलेखीकरण तथा नयाँ बन्ने घरको नक्सापास अनिवार्य गर्ने हो भने सोको प्राविधिक सेवा दिए बापत नगरपालिकालाई राम्रै आम्दानी प्राप्त हुने देखिन्छ । यसर्थ, नगरपालिकाले यस शीर्षकमारु. १५ लाख आम्दानी गर्ने अनुमान गरिएको छ ।

**सुधारका पक्षहरु**

- नगरपालिकाले आफ्नो आर्थिक ऐनमा नक्सापास दस्तुरसम्बन्धी छुट्टै दफामा व्यवस्था गर्ने ।
- नक्सापास प्रक्रियाले भवन निर्माण प्रक्रियालाई नियमन समेत गर्ने भएकोले यसलाई प्रभावकारी रुपमा कार्यान्वयनमा लैजाने ।
- नक्सापाससम्बन्धी छुट्टै मापदण्ड बनाई सोही अनुसार नक्सापासको प्रावधान लागू गर्ने ।
- घरको तल्ला, बनोट तथा किसिमका आधारमा दस्तुरको दर निर्धारण गरि समयानुकुल परिमार्जन गर्दै जाने।
- नक्सापास लागू गर्नु पूर्व बनेका घरहरूको अभिलेखिकरणका लागि दस्तुर आर्थिक ऐनमा समावेश गर्ने ।
- घर अभिलेखीकरणका लागि मालपोत संकलन कार्यसँग आवद्ध गरी वार्षिक रुपमा अभियान सञ्चालन गर्ने ।

**(छ) सिफारिश तथा प्रमाणित दस्तुर :**

स्थानीय सरकार सञ्चालन ऐनको दफा ११ (२) घ (७) मा नगरपालिकाले प्रचलित कानून वमोजिम गर्ने सिफारिस तथा दफा १२ (ङ) मा वडाबाट सिफारिस तथा प्रमाणित गर्ने ३६ वटा विषयहरु उल्लेख भएका छन्। यी सिफारिस तथा प्रमाणित गरे बापत नगरपालिकाले दस्तुर प्राप्त गर्न सक्ने व्यवस्था छ ।

**विद्यमान अवस्थाः**

यस नगरपालिकाले विभिन्न किसिमका सिफारिश तथा प्रमाणित दस्तुरको दर आर्थिक ऐनको अनुसूची ४ मा उल्लेख भएअनुसार कार्यपालिकाको कार्यालय तथा वडावाट संकलन गर्दै आएको छ । नगरपालिकाले यस शीर्षकमा आ.व.२०७७/७८को संशोधित अनुमानमा रु.८ लाख प्राप्त गर्ने लक्ष्य राखेकोमा यथार्थ आम्दानी गरेको अभिलेख प्राप्त छैन । त्यसैगरी २०७८/७९ मा सिफारिस तथा प्रमाणित बापत रु.१८ लाख राजस्व प्राप्त गर्ने अनुमान गरेको देखिन्छ ।

**सम्भावना :**

नगरपालिकाको आन्तरिक आम्दानीको स्रोतको रुपमा सिफारिश तथा प्रमाणित दस्तुरको महत्वपूर्ण योगदान रहेको पाइन्छ । यो नगरपालिकाको आम्दानीको नियमित स्रोत पनि हो । विगतमा यस शीर्षकमा भएको आम्दानी र आर्थिक ऐनमा निर्धारण गरेको दरलाई विश्लेषण गर्दा नगरपालिकाको कार्यालय र सबै वडा कार्यालयहरुबाट वार्षिक विभिन्न किसिमका करिब ४५०० बटा सिफारिश तथा प्रमाणित हुने अनुमान गरिएको छ । नगरपालिकाले निर्धारण दरको वर्तमान दरको औषतमा प्रति सिफारिश वा प्रमाणित औषत रु ५०० दर कायम गर्दा वार्षिक सिफारिश तथा प्रमाणितबाट रु २२ लाख ५० हजार आय संकलन हुने सम्भावना रहेको देखिन्छ ।

**सुधारका पक्षहरू :**

- सिफारिश वा प्रमाणित गर्नु पूर्व दस्तुर तिरे नतिरेको एकीन गर्ने वा पैसा तिरेको भौचर जाँच गर्ने ।
- दस्तुर नबुझाएसम्म सम्बन्धित अधिकारीले सिफारिश वा प्रमाणित नगर्ने ।
- विभिन्न किसिमका सिफारिश तथा दस्तुरहरूको वर्गीकरण गरी दस्तुरका दर निर्धारण गर्ने ।
- वडाबाट संकलित दस्तुरहरू शीर्षकसहितको विवरण तयार गर्ने ।

## (ज) पर्यटन शुल्क

स्थानीय सरकार सञ्चालन ऐनको दफा ६२ (१) मा नगरपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केबलकार, ट्रेकिङ, कायाकिङ, बञ्जीजम्प, जिपफ्लायर, र्‍याफ्टिङ, प्याराग्लाइडिङ लगायतका स्थानीय पर्यटन, मनोरञ्जन तथा साहसिक खेलकुद सम्बन्धी सेवा वा व्यवसायमा सेवा शुल्क लगाउने व्यवस्था रहेकोछ ।

**विद्यमान अवस्था :**

यस नगरपालिकाको आर्थिक ऐनको दफा १४मा नगरपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुबाट अनुसूची १३ मा उल्लेखित दरमा पर्यटन शुल्क लगाइने र असुल गरिएको

थियो । तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ भनी उल्लेख गरेको छ । नगरपालिकाको आर्थिक ऐनको अनुसूची १३ मा पर्यटन शुल्क बापत प्रतिदिन दृश्यावलोकनका लागि स्वदेशीलाई रु. १० र विदेशीलाई १ डलर, हिमाल आरोहणका लागि स्वदेशीलाई रु. १० र विदेशीलाई १०० डलर, अध्ययन भ्रमणका लागि स्वदेशीलाई रु. १० र विदेशीलाई १ डलर, तिर्थयात्राका लागि स्वदेशीलाई रु. १० र विदेशीलाई १ डलर, ट्रेकिङका लागि स्वदेशीलाई रु. २० र विदेशीलाई १ डलर तोकेको छ ।

नगरपालिकाले यस शीर्षकमा आ.व.२०७७/७८ को संशोधित अनुमानमा रु. १ लाख प्राप्त गर्ने लक्ष्य राखेकोमा यथार्थ आम्दानी गरेको अभिलेख प्राप्त छैन । त्यसैगरी २०७८/७९ मा सिफारिस तथा प्रमाणित बापत रु. १ लाख राजस्व प्राप्त गर्ने अनुमान गरेको देखिन्छ ।

**सम्भावना :**

यो नगरपालिका पर्यटन विकासको सम्भावना बोकेको नगरपालिका हो । यस क्षेत्रभित्र ऐतिहासिक, धार्मिक तथा पर्यटकीय महत्व बोकेका केही स्थल तथा मन्दिरहरु रहेका छन । आत्रेय ऋषीको आश्रमस्थल गोतामकोट नेपालभित्रका १०० पर्यटकीय गन्तव्य स्थलभित्र पर्न सफल भएको छ । त्यसैगरी साईकुमारी, काँडादह, लाकाने गुफा, साततले गुफा लगायतका क्षेत्र यस नगरपालिका क्षेत्रभित्रका पर्यटकीय सुन्दर गन्तव्यको रुपमा विस्तार हुने क्रम जारी छ । नगरपालिकाको पर्यटकीय क्षेत्रमा पिकनिक स्पट तयार गरि प्रवेश शुल्क संकलन गर्न सकिने सम्भावना देखिन्छ । यसो गरेको खण्डमा यस नगरपालिकाले पर्यटन शुल्कवापत रु. ३ लाख ५० हजार राजस्व संकलन हुने सम्भावना देखिन्छ ।

**सुधार गर्नुपर्ने पक्षहरु :**

- पिकनिक स्पटका लागि सम्भाव्यता अध्ययन गरि पुर्वाधार विकास गर्ने ।
- पर्यटकिय सम्भावना भएका प्रमुख सार्वजनिक स्थलहरू पहिचान तथा सम्भाव्यता अध्ययन गरि नगरपालिकाको दिर्घकालिन आय आर्जन हुने संरचना विकास गर्ने ।

### (झ) व्यक्तिगत घटना दर्ता (बिलम्ब) शुल्क

स्थानीय सरकार सञ्चालन ऐनको दफा ११ (२) च (३) मा नगरपालिकाले जन्म, मृत्यु, विवाह, सम्बन्ध बिच्छेद, वसाई सराई दर्ता र पारिवारिक लगतको अभिलेख तथा पञ्जीकरण व्यवस्थापन पर्दछ । त्यसैगरी राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण ऐन २०७६ को दफा १७ (२) अनुसार नगरपालिकाको वडा कार्यालयको प्रशासकीय प्रमुखको रुपमा कामकाज गर्ने अधिकार प्राप्त कर्मचारीले स्थानीय पञ्जिकाधिकारीको रुपमा कार्य गर्नुपर्ने व्यवस्था छ । सो ऐनको दफा १९ (३) मा घटना घटेको ३५ दिनभन्दा पछि पञ्जीकरणका लागि आएमा तोकिए वमोजिम बिलम्ब शुल्क लिने व्यवस्था रहेको छ ।

**विद्यमान अवस्था :**

नगरपालिकाले आर्थिक ऐन मार्फत् व्यक्तिगत घटना दर्ता गराए वापत कार्यपालिकाको कार्यालय तथा वडाबाट बिलम्ब शुल्क तथा दस्तुर संकलन गर्दै आएको छ। नगरपालिकाको आर्थिक ऐनको अनुसूचीमा सेवा शुल्क तथा दस्तुर शीर्षक अन्तर्गत जन्म, मृत्यू, बसाइसराई, सम्बन्ध बिच्छेद र बिवाह जस्ता व्यक्तिगत घटना दर्ता शुल्क ३६ दिनभित्र निशुल्क, त्यछिको ३५ दिनसम्म रु. २०० र त्यसछि जतिसुकै दिन भएपनि रु. ५०० र प्रतिलिपि वापत रु. ५०० शुल्क निर्धारण गरेको छ।

नगरपालिकाले यस शीर्षकमा आ.व.२०७५/७६ मा रु. १ लाख ५६ हजार ७ सय ८४ रुपैया आम्दानी गरेको देखिन्छ भने आ.व.२०७८/७९ मा रु. १ लाख राजस्व संकलन गर्ने अनुमान गरेको देखिन्छ।

**सम्भावना :**

व्यक्तिगत घटना दर्ता (विलम्ब) शुल्क वापतको राजस्व नगरपालिकाको न्यून तर नियमित आय हुने शीर्षक अन्तर्गत पर्दछ । यस शीर्षकमा विगतमा प्राप्त राजस्वको विश्लेषण गर्दा रु. १ लाख ५० हजार राजस्व संकलन हुने सम्भावना रहेको देखिन्छ।

**सुधार गर्नुपर्ने पक्षहरु :**

- व्यक्तिगत घटना दर्ता (बिलम्ब) शुल्कबाट प्राप्त आयको उचित रुपमा लेखा राख्ने।
- नगरपालिकामा व्यक्तिगत घटना विशेष गरेर जन्मदर्ता गर्नको लागि प्रत्येक वडामा अभियानको रुपमा कार्यक्रम सञ्चालन गरी सबै बालबालिकाको राज्यबाट पाउने सुविधा र जन्मदर्ता हुन पाउने अधिकारको संरक्षण गर्न समेत उपयुक्त हुने।
- विपन्न तथा सिमान्तकृत समुदायलाई विलम्ब शुल्कमा विशेष व्यवस्था गर्ने।

## (ट) सेवा शुल्क (फोहरमैला व्यवस्थापन शुल्क, स्थानीय पूर्वाधार उपयोग शुल्क, अन्य सेवा शुल्क)

स्थानीय सरकार सञ्चालन ऐनको दफा ६२ (२) मा नगरपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेको स्थानीय पूर्वाधार वा उपलब्ध गराएको (यस उपदफाको (क) देखि (च) सम्मका) कुनै सेवा उपयोग गरेवापत सम्बन्धित सेवाप्रदायक तथा सेवाग्राहीलाई सेवा शुल्क लगाउन सक्ने व्यवस्था रहेको छ।

**विद्यमान अवस्था :**

नगरपालिकाको आर्थिक ऐनको दफा १३ मा सेवा शुल्क, दस्तुर अन्तर्गत नगरपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ, कायोकिङ, बञ्जीजम्प, जिपफ्लायर, ऱ्याफ्टि सेवा वा व्यवसाय गरे वापत

अनुसूची १२ बमोजिम शुल्क लगाइने व्यवस्था गरेको छ । यसैगरी सोही ऐनको दफा १५ मा फोहरमैला व्यवस्थापन शुल्क अन्तर्गत नगरपालिकाले आफ्नो क्षेत्रभित्र फोहोरमैला व्यवस्थापन गरे वापत अनुसूची १५ मा उल्लेखित दरमा फोहरमैला शुल्क लगाइने व्यवस्था छ । यस नगरपालिकाले सेवा शुल्क वापत आ.व. २०७६/०७७ मा रु. १४ लाख ८३ हजार आम्दानी, आ.व. २०७७/०७८ मा रु. ३ लाख संशोधित अनुमान र आ.व. २०७८/०७९ मा रु. २ लाख अनुमान गरिएको छ ।

**सम्भावना :**

यस नगरपालिका क्षेत्रभित्र आवश्यक सेवाहरु पहिचान गरी सोका लागि आवश्यक पूर्वाधार विकासमा लगानी गर्ने, निर्मित तथा निर्माण हुने स्थानीय पूर्वाधार उपयोग वापत सेवा शुल्कको दर निर्धारण, स्वीकृति, सेवा शुल्क संकलन गर्ने विधि निर्धारण तथा प्रभावकारी कार्यान्वयन गर्नुपर्ने देखिन्छ । यसैगरी फोहरमैला व्यवस्थापनको लागि ल्याण्डफिल साइट निर्माण गरी फोहरमैला व्यवस्थापन शुल्क उठाउन सकिन्छ। नगरपालिकालेसेवा शुल्कशीर्षकबाट राजस्व प्राप्त गर्ने तथा अन्य सेवाहरु थप गर्दै सेवा शुल्कमा बृद्धि गर्ने समेत सम्भावना देखिन्छ । सेवा शुल्क सेवा दिए वापत लिइने भएकाले स्थानीय वासिन्दा सेवा लिएर शुल्क दिन तत्पर हुने भएकोले विगतका आम्दानी तथा प्रक्षेपित आम्दानीका आधारमा सेवा शुल्कमा रु. ४ लाख राजस्व संकलन हुने देखिन्छ ।

**सुधार गर्नुपर्ने पक्षहरु :**

- फोहरमैला व्यवस्थापन को लागी डम्पिङ् साईट को संभाब्य स्थलको खोजि गरी डम्पिङ् साइट निर्माण गर्ने ।
- बिभिन्न किसिमका सेवा बाफत लिने शुल्कको दर आर्थिक ऐनमा व्यवस्था गर्ने ।
- तथ्याङ्क तथा अभिलेख प्रक्रियालाई व्यवस्थित गर्ने ।

**(ठ) सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय :**

**विद्यमान अवस्था :**

यस नगरपालिकाले आर्थिक ऐनमा विद्यमान भौतिक स्रोतहरूको प्रयोगको दर रेट तोकेको देखिदैन । यस नगरपालिकाको स्वामित्वमा रहेका निम्न भौतिक सम्पत्तिहरू बहालमा परिचालन गर्न सकिनेदेखिन्छ । नगरपालिकाले यस शीर्षकमा आ.व. २०७५/०७९६ मा २८ लाख ३९ हजार ६ सय ८५ रुपैया आम्दानी गरेको पाइन्छ भने आ.व. २०७८/०७९ मा सरकारी सम्पत्तिको बहालबाट रु. २० लाख राजस्व संकलन गर्ने अनुमान गरेको देखिन्छ ।

**सम्भावनाः**

नगरपालिकाको स्वामित्वमा भएका सम्पत्तिहरूका बहाल परिचालन सम्बन्धमा आवश्यक तथ्याङ्को आधारमा नभएकाले विगतको आम्दानी तथा चालू आ.व. मा गरिएको प्रक्षेपणका आधारमा देहाय अनुसार आम्दानी गर्न सक्ने अनुमान गरिएको छ ।

तालिका १०: नगरपालिकाको स्वामित्वमा भएका सम्पत्तिहरु

| सि.नं. | स्वामित्वमा रहेको सम्पत्ति | सम्भाव्य आय रु. |
|---|---|---|
| १ | जेसीबि (व्याक होल लोडर) | ७००००० |
| २ | डोजर | ५००००० |
| ३ | एम्बुलेन्स | ५००००० |
| ४ | प्रोजेक्टर | ३०००० |
| ५ | जेनेरेटर | ५००००० |
| | **जम्मा** | **१७८०००** |

### (ड) दण्ड, जरिवाना र जफत

संविधान तथा प्रचलित कानूनको कार्यान्वयन, नियमन, स्थानीय सरकार सञ्चालन ऐनको परिच्छेद ८ वमोजिमको न्यायिक कार्यसम्बन्धी व्यवस्था कार्यान्वयन, खरिद कार्य आदि क्रममा नगरपालिकाले दण्ड, जरिवाना र जफत गर्नुपर्ने हुनसक्छ ।

**विद्यमान अवस्था :**

नगरपालिकाको आर्थिक ऐनको दफा १६ मा कननून विपरित कार्य गर्ने व्यक्ति वा निकायलाई अनुसूची १६ बमोजिम सजाय हुने व्यवस्था गरिएको छ । नगरपालिकाले प्रशासनिक दण्ड, जरिवाना र जफत शीर्षकमा आ.व. २०७६/७७ मा रु. ८ लाख १३ हजार आम्दानी, आ.व. २०७७/७८ मा संशोधित अनुमान रु. ५ लाख र चालू आ.व. २०७८/७९ का लागि रु. २ लाख५० हजार अनुमान गरेको पाइन्छ ।

**सम्भावना :**

दण्ड, जरिवाना, जफत शीर्षक बापत प्राप्त हुने आयमा न्यूनीकरण गर्ने चाहना नगरपालिकाले सदैव राख्ने गर्दछ र यस शीर्षकमा प्राप्त हुन सक्ने आयको प्रक्षेपण गर्न पनि कठिन हुन्छ । तर पनि दण्ड, जरिवाना शीर्षकमा आय प्राप्त हुने गरेको विगत वर्षहरुले देखाउँछ । अत: नगरपालिकाको यस शीर्षकमा भएको विगतको आम्दानी र अनुमानको विश्लेषण गरी रु. ५ लाख राजस्व संकलन हुने अनुमान गरिएको छ ।

**सुधार गर्नुपर्ने पक्षहरु** :

- नगरपालिकाले दण्ड, जरिवाना, जफत शीर्षक बापत प्राप्त हुने आयमा न्यूनीकरण गर्ने गर्न सचेतना कार्यर्यक्रम संचालन गर्नुपर्ने ।
- दण्ड, जरिवाना, जफतका छुट्टाछुट्टै अभिलेख राख्ने प्रक्रियालाई व्यवस्थित गर्ने ।

# परिच्छेद चारः आय संकलनको संस्थागत क्षमता तथा अवस्था

यस परिच्छेदमा नगरपालिकाले राजस्व परिचालनमा गरेका प्रयासहरू तथा आय संकलनको अवस्थालाई मुख्य रुपमा व्याख्या गरिएको छ । यस विश्लेषणबाट नगरपालिकाको थप आय संकलनको लागि तथा संस्थागत क्षमतामा सुधार गर्नका लागि आवश्यक सहयोग पुग्ने देखिन्छ ।

## ४.१ राजस्व परिचालन सम्बन्धी नीति

राजस्व परामर्श समितिले समितिमा छलफल गरी सर्वसम्मतिले आवश्यकता अनुसार छलफल तथा बैठकहरू गरी राजस्वका दररेटहरू तथा राजस्व सम्बन्धी नीतिगत निर्णयहरू नगरसभा समक्ष पेश गर्ने गरेको छ । नगरपालिकाले विषेश गरी सबै सरोकारवाला करदाताहरूको सहभागितामा राजस्व अभिबृद्धि गरी कुल बजेटमा आन्तरिक आम्दानीको हिस्सालाई बढाइदै लगिने नीति लिएको छ । नगरपालिकाले आन्तरिक राजस्व परिचालन सम्बन्धमा लिएका नीतिहरु यस प्रकार रहेका छन्:

- संविधान बमोजिम स्थानीय तहलाई प्राप्त राजस्व सम्बन्धी अधिकारको प्रयोग गर्दै नगरपालिकालाई आर्थिक रुपमा समृद्ध एवं आत्मनिर्भर बनाउन राजस्वका सबै सम्भावना र क्षेत्रहरुको खोजी गर्दै प्रगतिशील र समतामूलक ढंगले करका दरहरु निर्धारण गरिएको थियो ।
- सम्पत्ति कर, घर बहाल कर र व्यवसाय करलाई पूर्णरुपमा कार्यानवयन गर्दै यसलाई व्यवस्थित र वैज्ञानिक बनाउन सूचना तथा संचार प्रविधिको प्रयोग गरिएको थियो ।
- राजस्व छली र चुहावट हुन नदिन आवश्यक कानूनी व्यवस्था गर्दै कर प्रशासनलाई दुस्तदुरुस्त तुल्याउन उत्प्रेरणात्मक र दण्डात्मक दुबै तरिकाहरु अवलम्बन गरिएको थियो ।
- करदाता शिक्षालाई व्यापक रुपमा फैलाउँदै कर सचेतनाको विकास गरिएको थियो ।

### ४.१.१ राजस्व परिचालन संस्थागत तथा नीति विश्लेषण

यस नगरपालिकाको राजस्व सुधार कार्ययोजना तयारीका क्रममा नगरपालिकाका पदाधिकारी तथा कर्मचारीहरुसँग कार्ययोजना निर्माणको प्राविधिक सहयोग परामर्शदाताबाट खटिएका टोलीबीच स्थलगत अध्ययनको समयमा यस नगरपालिकाको राजस्व परिचालन सम्बन्धी नीतिका विषयमा भएको छलफल तथा अन्तक्रिया गरी राजस्व परिचालन संस्थागत तथा नीति विश्लेषणलाई तालिका ११ मा देखाइएको छ ।

तालिका ११: राजस्व परिचालनको संस्थागत तथा नीतिगत विश्लेषण

| नीति निर्धारणका क्षेत्रहरु | हालको अवस्था | नीतिगत सुधारको लागि सुझावहरु |
|---|---|---|
| **क) संगठनात्मक व्यवस्था** | | |
| राजस्व शाखाको व्यवस्था संगठन संरचनामा छ की छैन ? | छ | थप व्यवसथित गर्नुपर्ने । |
| राजस्व शाखामा कुन तहका कति दरवन्दी छन् ? र हालको पदपुर्तिको अवस्था कस्तो छ ? | सहायक चौथों १ | कर्मचारीको दरबन्दी बढाउनु पर्ने । |
| राजस्व शाखाले गर्ने कामका लागि कार्यविवरण छ की छैन ? | छ | कार्य विवरणमा थप सुधार गर्नुपर्ने । |
| कर्मचारीहरुलाई उनीहरुको जिम्मेवारी स्पष्ट र लिखित रुपमा दिईएको छ छैन ? | छैन | |
| कर्मचारीहरुलाई आवश्यक पर्ने स्थान, फर्निचर, यातायात साधन, कम्प्युटर, मसलन्द आदिको व्यवस्था कस्तो छ ? | छ | थप व्यवस्थित गर्नुपर्ने । |
| सूचना प्रविधिको प्रयोगको अवस्था कस्तो छ ? (सफ्टवयर, एसएमएस, इमेल, टेलिफोन आदि) | छ | कर्मचारीलाई क्षमता विकास तालिमको व्यवस्था गर्नुपर्ने । |
| कर्मचारीको राजस्व परिचालन सम्बन्धी क्षमता विकासको लागि के गरिएको छ ? | छैन | कर्मचारीको क्षमता विकासको तालिमको व्यवस्था गर्नुपर्ने । |
| राजस्व परिचालनका लागि वडा लाई दिईएको जिम्मेवारी के छ ? | छ | |
| **ख) राजस्व प्रशासन संचालनको अवस्था** | | |
| करदाताहरुको नाम तथा कर लाग्ने आधारको अभिलेख व्यवस्था कस्तो छ ? कर अभिलेख आवश्यक पर्ने स्रोतहरु – सम्पत्ति, व्यवसाय, सवारी साधन, विज्ञापन, बहाल आदि | छैन | करदाता विवरण अद्यावधिक गर्नुपर्ने । |
| गाँउ/नगरपालिकाको स्वामित्वमा रहेका स्थायी सम्पत्तिहरुको विवरण तथा सोको परिचालन कस्तो छ ? | परिचालन छ | सफ्टवेयर प्रणालीको विकास गरी अभिलेखलाई थप व्यवस्थित गर्नुपर्ने |
| कर निर्धारणको लागि सम्पत्ति वा आय वा | आवश्यकता | सेवा, वस्तु र समय |

| **नीति निर्धारणका क्षेत्रहरु** | **हालको अवस्था** | **नीतिगत सुधारको लागि सुझावहरु** |
|---|---|---|
| खर्च वा कारोवारको मूल्यांकन कत्तिको सहि रुपमा भएको छ ?मूल्यांकन अनुसार कर निर्धारण भएको छ छैन ? | अनुसार भएको छ | अनुसार मुल्यांकन हुनुपर्ने |
| चुहावट हुन सक्ने सम्भावनाहरु के के छन् र तिनको नियन्त्रणको लागि कस्तो नीति लिईएको छ ? | छैन | आवश्यक कानूनी व्यवस्था गर्दै कर प्रशासनलाई दुस्तदुरुस्त तुल्याउन उत्प्रेरणात्मक र दण्डात्मक दुबै तरिकाहरु अवलम्बन गर्नुपर्ने |
| व्यवस्थाको वर्खिलाप गरेमा दण्डको व्यवस्था कस्तो छ ? | प्रचलित कानून अनुसार | दण्डको व्यवस्थालाई थप कडाईका साथ कार्यान्वयन गर्नुपर्ने |
| समयमा तिर्नेलाई छुट र ढीलो बुझाएमा जरीवाना लाग्ने व्यवस्था सबै आय स्रोतहरुमा कसरी लागु गरिएको छ ? | छुट छैन तर जरीवानाको व्यवस्था रहेको | आ.व. भित्र कर नबुझाउने करदातालाई १०% जरिवाना लिने व्यवस्थालाई कडाईका साथ कार्यान्वयन गर्नुपर्ने |
| करदाताहरुलाई उनीहरुले तिर्नुपर्ने कर रकम बारे अग्रिम जानकारी गराउने व्यवस्था के छ र कत्तिको प्रभावकारी छ ? | वडागत अभियान संचालन हुने व्यवस्था छ | करदाता शिक्षालाई व्यापक गर्दै कर सम्बन्धी सचेतनाको विकास गर्ने |
| गाँउ/नगरपालिकाले निर्धारण गरेको कर तथा शुल्कमा चित्त नबुझेमा गुनासो वा उजुरी गर्नेसक्ने व्यवस्था केकस्तो छ ? | व्यवस्था भएको तर उजुरी नपरेको | गुनासो वा उजुरीको सुनुवाई प्रभावकारी कार्यान्वयन हुनुपर्ने |
| राजस्व शाखाको कार्य प्रकृया, चुहावट नियन्त्रणको प्रयास, लक्ष तथा असुली अवस्थाको अनुगनमनको व्यवस्था के छ ? | आवश्यकता अनुसार अनुगनमन हुने (प्रशासकीय प्रमुखबाट) | कार्यकारी प्रमुख तथा राजस्व परामर्स समितिद्वारा अनुगमन गर्ने व्यवस्था गर्नुपर्ने |

| नीति निर्धारणका क्षेत्रहरु | हालको अवस्था | नीतिगत सुधारको लागि सुझावहरु |
|---|---|---|
| सार्वजनिक निजी साझेदारी अवधारणाको कार्यान्वयनको अवस्था कस्तो छ ? | छैन | सार्वजनिक निजी साझेदारी अवधारणाको नीतिगत व्यवस्था गर्नुपर्ने |
| **ग) सूचना तथा समन्वयको अवस्था** | | |
| करदाताहरुलाई कर तथा शुल्क सम्बन्धी जानकारी दिन के कस्तो कार्य गरिएको छ ?(शिक्षामूलक कार्यक्रम, प्रचार प्रसार, होर्डिङ्ग वोर्ड, बेव साईट आदि) | छैन | करदाता शिक्षालाई व्यापक गर्दै कर सम्बन्धी सचेतनाको विकास गर्ने |
| करको दर निर्धारण तथा समिक्षामा सरोकार पक्षहरुको सहभागीता कस्तो छ ? | सन्तोषजनक सह भागिता | |
| राजस्व परामर्श समिति तथा अन्य समितिहरुको प्रभावकारीता कस्तो छ ? ( बैठक संख्या, निर्णयहरु आदि) | वर्षमा १ पटक | राजस्व परामर्श समिति बैठक नियमित बस्नुपर्ने तथा निर्णयहरु सार्वजनिक गर्नुपर्ने । |
| राजस्व असुलीमा सरोकार पक्षहरुको सकारात्मक सहभागीताको अवस्था कस्तो छ ? | सहभागिता नरहेको | सरोकारवाला पक्षहरुको सहभागीतालाई ध्यान दिनुपर्ने । |
| राजस्व शाखालाई अन्य शाखा तथा निकायबाट प्राप्त सहयोग कस्तो छ ? | वडा कार्यालयबाट तथा उद्योग वाणिज्यबाट साम ान्य सहयोग हुने गरेको | राजस्व शाखालाई सहयोग गर्ने वातावरण बनाउनु पर्ने । |
| आयका स्रोतहरुको अभिलेख व्यवस्था कस्तो छ ? | कम्प्यूटर प्रणालीमा रहेको | सफ्टवेयर प्रणालीमार्फत थप व्यवस्थित गर्नुपर्ने । |
| नगरपालिकाको आयको आय विवरण सार्वजनिक हुने गरेको छ छैन ? | वडा कार्यालयबाट सार्वजनिक हुने गरेको | निरन्तरता दिनुपर्ने । |

| नीति निर्धारणका क्षेत्रहरु | हालको अवस्था | नीतिगत सुधारको लागि सुझावहरु |
|---|---|---|
| आयको आलेप तथा मलेप हुने गरको छ छैन ? छ भने आएका बेरुजुहरु कसरी सम्बोधन भएका छन् ? | आयको आलेप तथा मलेप हुने गरको र संपरीक्षकबाट, फरछ्यौंटबाट सम्बोधन हुने | शुन्य वेरुजुको अवधारणा अवलम्बन गर्नुपर्ने । |

## ४.२ आय संकलनको संस्थागत क्षमता

आन्तरिक राजस्वलाई प्रभावकारी रुपमा संकलन गर्ने भूमिका राजस्व प्रशासनको भएकाले राजस्व संकलनका लागि नगरपालिकाको संस्थागत अवस्था र क्षमताका विषयमा विश्लेषण गरिएको छ ।

### ४.२.१ स्थानीय राजस्व परामर्श समिति

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६५ मा स्थानीय राजस्व परामर्श समिति सम्बन्धी व्यवस्था रहेको छ । यस समितिले राजस्व सम्बन्धी नीति तथा कानून तर्जुमा, संशोधन, परिमार्जन र सोको परिपालना सम्बन्धी परामर्श, राजस्वको स्रोत, दर, दायरा विश्लेषण गरी प्राप्त हुनसक्ने राजस्वको विश्लेषण, अनुमान, कर, गैरकर, सेवा शुल्क, दस्तुर आदिको दर सम्बन्धमा परामर्श दिने जस्ता कार्यहरु गर्दछ । यस नगरपालिकाको स्थानीय राजस्व परामर्श समिति तालिका १२ मा देखाइएको छ ।

तालिका १२: राजस्व परामर्श समिति

| क्र.सं. | नम | पद | जिम्मेवारी |
|---|---|---|---|
| १ | श्री गिता नेपाली | उपाध्यक्ष | संयोजक |
| २ | श्री मनिराज शाह | वडा अध्यक्ष | सदस्य |
| ३ | श्री कल्पना खड्का | कार्यपालिका सदस्य | सदस्य |
| ४ | श्री नवराज बुढा | कार्यपालिका सदस्य | सदस्य |
| ५ | श्री दिनेश चन्द | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ६ | श्री जय बहादुर बुढा | राजस्व उपशाखा प्रमुख | सदस्य सचिव |

यस नगरपालिकाको राजस्व परिचालनमा प्रभावकारिता ल्याउनका लागि नगरपालिका उपाध्यक्ष श्री हिमाली रोकायाको संयोजकत्वमा राजस्व परामर्श समितिको बैठक बसी आवश्यक निर्णयहरु हुने गरेको देखिन्छ । राजस्व परामर्श समितिको बैठकमा सरोकारवाला पक्षको सहभागिता

हुन सकेको देखिदैन । साथै राजस्व परामर्श समितिका सदस्यहरुलाई राजस्वका स्रोतगत आधारमा वस्तुपरक अनुमान गर्ने, स्रोतहरु पहिचान गर्ने र राजस्व नीतिको प्रभावकारी कार्यन्वयन गर्ने सम्बन्धमा क्षमता विकास गर्न आवश्यक देखिन्छ ।

### ४.२.२ राजस्व शाखा तथा राजस्व प्रशासन

यस नगरपालिकाको संगठन संरचनामा राजस्व प्रशासन उपशाखाको व्यवस्था गरिएको छ । हाल यस उपशाखामाएकजना सहायक चौथो तहको कर्मचारी उपशाखा प्रमुख भई राजस्व प्रशासन सम्बन्धी कामकाज हुदै आएको छ । कार्यकक्ष तथा कार्यस्थलको पर्याप्तताका साथै फर्निचर, कम्प्यूटर, प्रिन्टर तथा अन्य भौतिक सुविधाहरुको ठिकै व्यवस्था भएको देखिन्छ । यस उपशाखामा पर्याप्त संख्यामा आवश्यक कर्मचारी तथा सफ्टवेयरको व्यवस्था भएको देखिदैन । नगरपालिकाको राजस्व प्रशासनलाई अझ प्रभावकारी बनाउने नीति चालु बजेटमार्फत पनि नगरपालिकाले लिएको छ ।

## ४.३ नगरपालिकाको आन्तरिक आय परिचालन

नगरपालिकालाई आन्तरिक आय परिचालनसम्बन्धी प्राप्त कानूनी अधिकार अनुसार आन्तरिक आय परिचालनको अवस्थालाईयहाँ विश्लेषण गरिएको छ । यसनगरपालिकामा सम्भावना भएका आन्तरिक आयका शीर्षकहरूको संभाव्यता, दरको निर्धारण तथा संकलनको अवस्थालाई तालिका १३ मा प्रस्तुत गरिएको छ ।

तालिका १३: नगरपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था

| **क्र.सं.** | **आयका शीर्षक** | **सम्भावनाको विवरण (छ/छैन)** | **दर निर्धारणको अवस्था (भएको/ नभएको)** | **संकलन (भए/ नभएको)** |
|---|---|---|---|---|
| **(क) कर तर्फ** | | | | |
| १ | भूमि कर (मालपोत) | छ | भएको | भएको |
| २ | सम्पत्ति कर | छ | भएको | भएको |
| ३ | सवारी कर (टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सा) | छ | नभएको | नभएको |
| ४ | घर जग्गा बहाल कर | छ | नभएको | नभएको |
| ५ | व्यवसाय कर | छ | भएको | भएको |
| ६ | जडीबुटी, कवाडी र जीवजन्तु कर | छ | भएको | भएको |
| ७ | विज्ञापन कर | छ | नभएको | नभएको |
| ८ | मनोरञ्जन कर | छ | नभएको | नभएको |

| क्र.सं. | आयका शीर्षक | सम्भावनाको विवरण (छ/छैन) | दर निर्धारणको अवस्था (भएको/ नभएको) | संकलन (भए/ नभएको) |
|---|---|---|---|---|
| **(ख) अन्य राजस्व** | | | | |
| १ | स्लेट, ढुङ्गा, गिट्टी, वालुवा एवम् माटोजन्य वस्तुको विक्री | छ | भएको | भएको |
| २ | काठ, दाउरा, जाराजुरी, दहत्तर, बहत्तर बिक्री | छ | नभएको | नभएको |
| ३ | वन पैदावर (सामुदायिक वनको) बिक्री बापतको आय | छ | नभएको | नभएको |
| ४ | नक्सापास दस्तुर | छ | भएको | भएको |
| ५ | व्यक्तिगत घटना विलम्ब दर्ता शुल्क | छ | भएको | भएको |
| ६ | बहाल विटौरी शुल्क | छ | नभएको | नभएको |
| ७ | पार्किङ्ग शुल्क | छैन | भएको | नभएको |
| ८ | अस्पताल संचालन | छ | भएको | संकलन नभएको |
| ९ | फोहरमैला व्यवस्थापन शुल्क | छ | नभएको | नभएको ( नगरपालिकाले जिम्मेवारी लिएको) |
| १० | स्थानीय खानेपानी महसुल | छैन | नभएको | नभएको |
| ११ | स्थानीय विद्युत् महसुल | छैन | दर निर्धारण नभएको | नभएको |
| १२ | केवलकार, टेकिङ्ग, कायाकिङ्ग, वन्जीजम्प, जिप फ्लायर, प्याराग्लाइडिङ्ग आदि मनोरंजन तथा साहसी खेलकुद सम्वन्धी सेवा तथा व्यवसायमा सेवाशुल्क | छैन | दर निर्धारण नभएको | नभएको |
| | निर्माण, संचालन र व्यवस्थापन गरेका स्थानीय पूर्वाधार तथा सेवामा सेवा शुल्क ( खानेपानी, विजुली, धारा, | छैन | नभएको | नभएको |

| क्र.सं. | आयका शीर्षक | सम्भावनाको विवरण (छ/छैन) | दर निर्धारणको अवस्था (भएको/ नभएको) | संकलन (भए/ नभएको) |
|---|---|---|---|---|
| | अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, ढल निकास, सडक वत्ति, शौचालय, पार्क, पौडी पोखरी, ब्ययमशाला, पर्यटकिय स्थल, हाटवजार, पशु वधशाला, शवदाह गृह, धोविघाट, सडक, बसपार्क, पुल आदि) | | | |
| १३ | मूल्यांकन सेवा शुल्क | छ | भएको | भएको |
| १४ | दर्ता, अनुमति तथा नवीकरण दस्तुर संभावना नभएको( एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजतपत्र, विद्यालय स्थापना, स्थानीय स्तरका ब्यापारिक फर्म) | छ | भएको | भएको |
| १५ | ढुङ्गा, गिट्टी, वालुवा, नुन, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन् तथा उपयोग शुल्क | छ | भएको | भएको |
| १६ | वडा मार्फत् गरिने सिफारिश तथा प्रमाणित दस्तुर | छ | भएको | भएको |
| १७ | दण्ड जरिवाना | छ | भएको | भएको |

## ४.४ विगतको राजस्व संकलनको अवस्था

यस नगरपालिकाकाले स्थानीय सरकार संचालन ऐन, २०७४ ले दिएको अधिकार बमोजिमका क्षेत्रहरुमा नगरपालिकाको आर्थिक ऐनमा भएको व्यवस्था तथा राजस्व परामर्श समितिको सिफारिसमा आन्तरिक राजस्वका विभिन्न शीर्षकहरुमा करको दर निर्धारण गरी कार्यान्वयनमा ल्याएको छ । यस नगरपालिकाको विगत ३ वर्षको आय विवरणलाई तालिका १४ मा प्रस्तुत गरिएको छ ।

तालिका १४: विगत ३ वर्षको आय विवरण

| राजस्वका शीर्षक | आ.व. २०७६/७७ को यथार्थ आय | आ.व. २०७७/७८ को संशोधित | आ.व. २०७८/७९ को अनुमानित |
|---|---|---|---|
| आन्तरिक स्रोत | ५५१९४००० | ४२०००००० | ३७८२०००० |
| बाँडफाँड भई प्राप्त हुने मु.अ.कर | ७४३६९००० | ८२४१०००० | ५६३४९००० |
| बाँडफाँड भई प्राप्त हुने अन्तःशुल्क | १३९७८००० | ३०००००००० | ५६३४९००० |
| बाँडफाँडबाट प्राप्तहुने सवारी साधन कर | | | १६८६००० |
| समानिकरण अनुदान | १२२३४५००० | १२२२१८००० | १२५५७७००० |
| शसर्त अनुदान | २१६५८८००० | ४१२७०४००० | ३१०३१२००० |
| विषेश अनुदान | २८५००००० | ७४०००००० | |
| समपुरक अनुदान | १३३००००० | ४८२००००० | |
| समपुरक अनुदान पुँजीगत | | | २८९००००० |
| शसर्त पूँजीगत अनुदान | | | ३२४००००० |
| विशेष पूँजीगत अनुदान | | | २३६००००० |
| अन्य अनुदान | | २५७०००००० | २६०००००० |
| जनशहभागिता | ० | ० | ० |
| **जम्मा** | **५२४२७४०००** | **१०६८५३२०००** | **९३२९९३०००** |

## ४.५ राजस्व परिचालनमा रहेका सवालहरू

संविधान तथा कानून प्रदत्त वित्तीय अधिकार बमोजिम नगरपालिकाको राजस्व परिचालनमा सुधार ल्याउनका लागि योजनाबद्ध प्रयास अपरिहार्य देखिन्छ । राजस्व परिचालनका मुख्य सवालहरु, नीगित व्यवस्था, कर प्रशासन, दर निधारण, करको दायरा आदि रहेका छन्। यस नगरपालिकाले सम्बोधन गर्नुपर्ने राजस्व परिचालनका प्रमुख सवालहरुलाई निम्नानुसार उल्लेख गरिएको छ ।

### (क) राजस्व प्रशासनका लागि उपयुक्त संगठन निर्माण तथा क्षमता विकास

न्गरपालिकामा राजस्वसम्बन्धी कार्य गर्न नगरसभालेसंगठन संरचनामा सुधार गरी कार्यबोझका आधारमा शाखा, उपशाखा तथा इकाइहरुको लागि आवश्यक कर्मचारीको व्यवस्था गर्नुपर्ने देखिन्छ । साथै, जिम्मेवारीअनुसार कर्मचारीको दक्षताअभिवृद्धिका आवश्यक क्षमता विकासका तालिम उपलब्ध गराउँदै लैजानु पर्ने देखिन्छ ।

**(ख) आन्तरिक आय परिचालन नीति तथा कार्यविधि**

नगरपालिकाले आय परिचालन सम्बन्धी नीति तथा मुख्य आय शीर्षकहरूबाट आय संकलन गर्ने तरिका, प्रतिवेदन बुझाउने ढाँचा, नगद दाखिला सम्बन्धी व्यवस्था, अनुगमन जस्ता विषवस्तु समेटिएको कार्यविधि तयार गरी वडा समितिहरूलाई समेत उपलब्ध गराउनु पर्ने देखिन्छ । हाल कतिपय शीर्षकमा के कति राजस्व संकलन भइरहेको छ भन्ने अष्पटताको अवस्था अन्त्य गरी शीर्षकगत रुपमा आय स्पष्ट हुने गरी लेखा राख्नु पर्ने देखिन्छ ।

**ग) आर्थिक ऐनमा सुधार**

नगरपालिकाको आर्थिक ऐन भएपनि ऐनलाई सुधार गरी व्यवहारिक तथा वस्तुपरक बनाउनुपर्ने देखिन्छ । किनभने आर्थिक ऐनमा सवारी करको व्यवस्था गरिएको छ तर प्रचलित संघीय कानूनी व्यवस्था अनुरुप यो कर सबै सवारी साधनमा लिन नपाइने व्यवस्था छ । यसैगरी नगरपालिकाको यन्त्रउपकरण जस्ता भौतिक सम्पत्तिको भाडा दर ऐनमा उल्लेख नभएको हुँदा यिनीहरुलाई ऐनमा समावेश गर्नुपर्ने देखिन्छ ।

**(घ) राजस्वका दर निर्धारण तथा प्रचार प्रसार**

नगरपालिकाले हालको कानूनी व्यवस्था अनुसार राजस्व संकलनका लागि पहिचान भएका क्षेत्रहरुको राजस्व उठाउने र सम्भाव्य क्षेत्र पहिचान गर्ने तथा करको दर निर्धारण गरी समुदायस्तरमा त्यसको प्रचार प्रसार गर्न आवश्यक देखिन्छ । त्यसैगरी करदातालाई आफूले तिर्नुपर्ने करसम्बन्धी जानकारी र समयमा राजस्व नतिरेमा दण्ड जरिवाना लाग्ने विषयमा समुदायस्तरमा**कर शिक्षा कार्यक्रम**संचालन गर्नुपर्ने देखिन्छ ।

**(ङ)तथ्याङ्क संकलन तथा नियमित अद्यावधिकरणको पद्धति स्थापना**

नगरपालिकालाई राजस्वका क्षेत्रधिकारसँग सम्बन्धित व्यक्तिगत सम्पत्तिहरू, व्यापार व्यवसायहरू, सेवा तथा सुविधाहरू आदिको अभिलेख तयार गरि हरेक वर्ष अद्यावधिक गर्नुपर्ने देखिन्छ । अद्यावधिक अभिलेखबिना राजस्व सम्बन्धी नीति निर्धारण, प्रक्षेपण, असुली व्यवस्थाको अनुगमन प्रभावकारी हुन सक्दैन ।यसले करको दर, दायरा तथा समग्र राजस्वको सम्भावित आकार अनुमान गर्न सहयोग पुऱ्याउँदछ ।

**(च) समन्वय संयन्त्रको प्रभावकारिता वृद्धि**

राजस्व परिचालनसम्बन्धी नीति निर्माण, शुल्क तथा दस्तुरको दर निर्धारण, राजस्व संकलन विधि निर्धारण जस्ता कार्यमा सम्बन्धित आन्तरिक तथा बाह्य निकायहरूसँग समन्वय अपरिहार्य हुन्छ । यसका लागि राजस्व परामर्श समितिको भूमिकालाई सक्रिय बनाउनु आवश्यक हुन्छ । राजस्व तथा कर संकलनमा वडा समितिको भूमिकालाई स्पष्ट व्याख्या गरी वडा र राजस्व उपशाखाबीच

निरन्तर समन्वय हुन जरुरी देखिन्छ । साथै  राजस्व बाँडफाँट सम्बन्धमा केन्द्र, प्रदेश तथा अन्य स्थानीय तहहरूसँग समन्वय गर्न आवश्यक देखिन्छ ।

**(छ) चुहावट नियन्त्रण, पारदर्शिता र जवाफदेहिता**

नगरपालिकाले आय व्ययको विवरण आवधिक रूपमा प्रकाशमा ल्याउनु पर्दछ । साथै करदातासँग निरन्तर संवाद गर्नुपर्दछ । यसका लागि सूचना प्रविधि तथा सामाजिक मिडिया मार्फत् राजस्व र खर्चको विवरणबारे जनता तथा सरोकारवाला पक्षहरुलाई जानकारी गराउनु यस दिशातर्फको केही सकारात्मक प्रसासहरू हुन सक्दछन् । नगरपालिकामा आयको संकलन अवस्थाको अनुगमन गरी राजस्व चुहावट भएको पाइएमा त्यसलाई नियन्त्रण गर्न तत्काल आवश्यक कार्य गर्नु पर्दछ ।

# परिच्छेद पाँच: राजस्व सुधार कार्ययोजना

यस परिच्छेदमा नगरपालिकाको आगामी आ.व. को राजस्व परिचालनलाई प्रभावकारी बनाउनका लागि उपयुक्त कार्ययोजनाहरु प्रस्तुत गरिएको छ । परामर्शदाताद्वारा संकलितसूचनाहरु तथा तथ्याङ्कहरुको विश्लेषणबाट प्राप्त नतिजाहरू र नगरपालिकासँग सम्बद्ध सरोकारवालापक्षहरुसँग गरिएको छलफल तथा अन्तर्क्रियालाई समेत समावेश गरी कार्ययोजनाको मस्यौदा तयार गरिएको हो । राजस्व सुधारका कार्ययोजना तलका तालिकाहरुमा विस्तृतमा उल्लेखित गरिएको छ ।

## ५.१ नगरपालिकाको राजस्व सुधार कार्ययोजना

नगरपालिकाको राजस्व सुधार कार्ययोजना तयारीका सन्दर्भमा सर्वप्रथम प्रारम्भिक कार्यशाला संचालन गरिएको थियो । नगरपालिकाको आयोजना र परामर्शदाताको सहजीकरणमासम्पन्न उक्त कार्यशालामा नगरँपालिका पदाधिकारी, नगरपालिका तथा वडाका कर्मचारीहरू, प्रमुख राजनीतिक दलका प्रतिनिधिहरू लगायतका व्यक्तिहरूको सहभागिता रहेको थियो । यस कार्ययोजनाका क्रियाकलापहरूलाई ३ वटा उप शीर्षकमा विभाजन गरिएको छ ।

(क) कर राजस्व सुधार योजना

(ख) गैरकर राजस्व सुधार योजना

(ग) राजस्व प्रशासन सुधार योजना

**(क) कर राजस्व सुधारका योजनाहरु**

कर राजस्व सुधार योजना अन्तर्गत स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले निर्दिष्ट गरेबमोजिम करका दर र दायरा वृद्धि गर्न नगरपालिका पदाधिकारीहरुसँग छलफल गरी निम्नानुसार गर्ने गरी प्रस्ताव गरिएको छ ।

तालिका १५: कर राजस्व सुधार कार्ययोजना

| क.स | सुधारका लागि गर्नु पर्ने कार्यहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| १ | भूमिकर तथा मालपोत | | |
| | १. जग्गाको मूल्यांकनको दर निर्धारण गरी मालपोतको दर परिमार्जन गर्ने । | २०७९ असार मसान्त | राजस्व परामर्श समिति |
| | २. घुम्ती सेवा सञ्चालन गरी समयमा मालपोत तिर्न उत्साहित गर्ने । | २०७९ पौष देखि अर्धवार्षिक रुपमा नियमित | राजस्व शाखा, वडा कार्यालय |
| २ | सम्पत्ति कर | | |

| क.स | सुधारका लागि गर्नु पर्ने कार्यहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| | १.आर्थिक ऐनमा सम्पत्ति कर लगाउने स्पष्ट व्यवस्था गर्ने । | २०७९ असार मसान्त | राजस्व परामर्श समिति |
| | २.सम्पत्ति कर व्यवस्थापन कार्यविधिलाई अद्यावधिक गर्ने । | २०७९ पौषसम्म | राजस्व परामर्श समिति |
| | ३.वडामा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने । | २०७९ मंसिर देखि नियमित | राजस्व शाखा, वडा कार्यालय |
| | ४.सम्बन्धीत कर्मचारी तथा पदाधिकारीका लागि तालिमको व्यवस्था गर्ने । | २०७९ चैत्र मसान्तसम्म | प्रमुख प्रशासकीय अधिकृत |
| ३ | घर जग्गा बहाल कर | | |
| | १. प्रतगतिशिल करको दर अवलम्बन गर्ने | २०७९ असार मसान्त | राजस्व परामर्श समिति |
| | २. बहालमा भएका घर तथा जग्गाहरुको लगत संकलन गर्ने । | २०७९ पौषसम्म | राजस्व शाखा, वडा कार्यालय |
| | ३. बहालमा लगाएका घरधनीहरूलाई जानकारी गराई करको दायरमा ल्याउने । | २०७९ भाद्र देखि निरन्तर | राजस्व शाखा, राजस्व परामर्श समिति, वडा कार्यालय |
| ४. | व्यवसाय कर | | |
| | १. व्यवसाय कर व्यवस्थापन सम्बन्धी कार्यविधि तर्जुमा गरि लागु गर्ने । | २०७९ माघसम्म | प्रमुख प्रशासकीय अधिकृत |
| | २. व्यवसाय कर सम्बन्धमा दण्ड सजाय तथा पुरस्कारको व्यवस्था गर्ने । | २०७९ माघसम्म | राजस्व परामर्श समिति |
| | ३. दर्ता भएका व्यवसायहरुको लगत अद्यावधिक गर्ने तथा दर्तामा नआएकालाई दर्ता गर्न प्रोत्साहन गर्ने । | नियमित | राजस्व शाखा, वडा कार्यालयहरु |
| | ४. व्यवसाय दर्ता तथा कर संकलनका लागि मुख्य बजारक्षेत्रहरुमा घुम्ती सेवा तथा अभियान सञ्चालन गर्ने । | २०७९ षौष देखी अर्धवार्षिक रुपमा | राजस्व शाखा, वडा कार्यालयहरु |
| ५. | जडीबुटी, कवाडी र जीवजन्तु कर | | |
| | १.जडीबुटी तथा कवाडी संकलनको सम्भाव्य क्षेत्र पहिचान गरी बिक्री हुने परिमाण यकिन गर्ने । | २०७९ आषाढ मसान्त | राजस्व शाखा, राजस्व परामर्श समिति |
| | २. जडीबुटी र कवाडी करको दर निर्धारण गरी सो अनुसार ठेक्का वन्दोवस्त गर्ने गर्ने । | २०७९ आषाढ मसान्त | नगरसभा, कार्यपालिका |

## ख. गैरकर राजस्व सुधार योजना

गैरकर राजस्व सुधार योजना अन्तर्गत स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले निर्दिष्ट गरेबमोजिम करका दर र दायरा बृद्धि गर्न नगरपालिका पदाधिकारीहरुसँग छलफल गरी निम्नानुसारको गैरकर राजस्व सुधार योजना प्रस्ताव गरिएको छ ।

तालिका १६: गैरकर राजस्व सुधार कार्ययोजना

| क.स | सुधारका लागि गर्नु पर्ने कार्यहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| **१** | **कानूनी तथा नीतिगत व्यवस्था** | | |
| | १. आर्थिक ऐन पुनरावलोकन गरी परिमार्जन गर्ने ।<br>➢ हालको राजस्व अधिकारका सम्भाव्य शीर्षकहरु अनुसार शीर्षक हेरफेर गर्ने ।<br>➢ व्यवहारिक नदेखिएका, लागु नहुने तथा संघीय कानूनसँग बाझिने प्रावधानहरुलाई हटाउने ।<br>➢ राजस्व असुलीको व्यवस्थासंगै दण्ड, सजाय तथा पुरस्कारको व्यवस्था पनि उल्लेख गर्ने ।<br>➢ जग्गाको मूल्यांकनको दर निर्धारण गरी मालपोतको दर परिमार्जन गर्ने । | २०७९ असार मसान्त | राजस्व परामर्श समिति |
| | २. राजस्व नीति सामर्थ्यमा आधारित तथा Tax-benefit Principleमा आधारित बनाउने | २०७९ कार्तिक मसान्त | नगरपालिका |
| **२** | **सांगठनिक व्यवस्था (शाखा, जनशक्ति, पूर्वाधार र सूचना व्यवस्था)** | | |
| | १. राजस्व उपशाखालाई शाखाको रुपमा स्थापना गर्ने । | २०७९ चैत मसान्त सम्म | नगरपालिका |
| | २. राजस्व शाखाका लागि थप कर्मचारी, सफ्टवेयर तथा भौतिक सुविधाको व्यवस्था गर्ने । | २०७९ चैत मसान्त सम्म | प्रमुख प्रशासकीय अधिकृत |
| | ३. राजस्व सफ्टवेयर सम्बन्धी तालिमको व्यवस्था गर्ने । | २०७९ असार मसान्तसम्म | प्रमुख प्रशासकीय अधिकृत |

| क.स | सुधारका लागि गर्नु पर्ने कार्यहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| | ४. विभिन्न स्रोतका आन्तरिक आयलाई सम्बन्धित शीर्षक अन्तर्गत आम्दानी बाँध्ने । | २०७९ असार मसान्त | प्रमुख प्रशासकीय अधिकृत, आर्थिक प्रशासन शाखा |
| **३** | **करदाता लक्षित कार्यक्रम तथा पारदर्शिता** | | |
| | १. विभिन्न सञ्चार माध्यमबाट कर असुलीका लागि चेतनामूलक सूचनाहरु प्रचार प्रसार गर्ने । | २०७९ मंसिरदेखि निरन्तर | राजस्व परामर्श समिति र वडा कार्यालय |
| | २. चौमासिक रुपमा खर्चसँगै आन्तरिक आय संकलनको विवरण सार्वजनिक गर्ने । | चौमासिक | आर्थिक प्रशासन शाखा, प्रमुख प्रशासकीय अधिकृत |
| **४** | **राजस्व सुधार कार्ययोजना कार्यान्वयन** | | |
| | १. यस कार्ययोजनामा उल्लेख भएका क्रियाकलापहरु कार्यान्वयनको सुनिश्चितता गर्ने । | २०७९ साउनदेखि निरन्तर | प्रमुख प्रशासकीय अधिकृत |
| | २. कार्ययोजना कार्यान्वयनका लागि आवश्यक पर्ने बजेट व्यवस्था गर्ने । | २०७७ माघ मसान्त | कार्यपालिका,नगरसभा |

### (ग) राजस्व प्रशासन सुधार योजना

समग्र राजस्व परिचालनलाई प्रभावकारी बनाउन के गर्न सकिन्छ भनी सहभागितामूलक रुपमा छलफल गरी प्राप्त भएका बुँदाहरुका आधारमा राजस्व प्रशासन सुधार योजना प्रस्ताव गरिएको छ ।

तालिका १७: गैरकर राजस्व सुधार योजना

| क.स | सुधारका लागि गर्नु पर्ने कार्यहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| १ | राजस्व शाखाका लागि थप कर्मचारी दरबन्दी सिर्जना तथा पदपूर्ति गर्ने । | २०७९असार मसान्त | नगरसभा तथा नगरपालिका |
| २ | राजस्व सम्बन्धी सफ्टवेयर खरिद तथा संचालन गर्ने । | २०७९असोजमसान्त | नगरपालिकाको कार्यालय |
| ३ | राजस्व सम्बन्धी हेल्पडेस्क स्थापना गर्ने । | २०७९असार मसान्त | राजस्व शाखा |
| ४ | व्यवसायीहरुलाई कर, शुल्क, दस्तुर जरिवाना सम्बन्धमा अभिमुखीकरण गर्ने र नियमित कर बुझाउने करदातालाई पुरस्कृत गर्ने । | २०७९ असार पहिलो हप्ता | राजस्व शाखा |

| क्र.स | सुधारका लागि गर्नु पर्ने कार्यहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| ५ | नगरपालिकाका कर्मचारी तथा जनप्रतिनिधिहरुलाई राजस्व प्रशासन सम्बन्धमा अभिमुखीकरण गर्ने । | २०७९असार मसान्त | राजस्व शाखा |
| ६ | राजस्वको दर, बुझाउने समय, जरिवाना, पुरस्कार आदिको बारेमा नगरपालिकाभित्र पर्चा, पम्प्लेट, माइकिङ, एफएम रेडियोको माध्यमद्धारा प्रचारप्रसार गर्ने । | २०७९ असार मसान्त | नगरपालिका, वडा कार्यालयहरु |
| ७ | राजस्व संकलन सम्बन्धी ठेक्कापट्टा (गिट्टी, बालुवा, विज्ञापन कर आदि) टेण्डर आह्वान गर्ने । | २०७९ असोज मसान्त | राजस्व शाखा |
| ८ | नगरपालिकाको स्वामित्वमा रहेका सम्पत्तिहरु घर, जग्गा, सार्वजनिक भवन/ जमिन र अन्य संरचनाको अभिलेख व्यवस्थापन गर्ने । | नियमित | राजस्व शाखा |

# परिच्छेद छः आगामी तीन वर्षको आय प्रक्षेपण

यस परिच्छेदमा नगरपालिकाको आगामी तीन वर्षसम्मका लागि नगरपालिकाको राजस्व प्रक्षेपण गरिएको छ । नगरपालिकाको राजस्व अधिकार, हालको आय संकलन अवस्था तथा राजस्व सुधार कार्ययोजना समेतलाई मध्यनजर गर्दै आगामी तीन वर्षको आय प्रक्षेपण गरिएको छ । उक्त प्रक्षेपण गर्दा महालेखा परीक्षकले स्वीकृत गरेको एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ को आधारमा गरिएको छ । यस प्रक्षेपणले नगरपालिकाको बजेट तर्जुमा गर्न उल्लेखनिय सहयोग पुग्नेछ ।

## ६.१ राजस्व सुधार कार्ययोजनाका आधारमा राजस्व प्रक्षेपण

राजस्व सुधार कार्ययोजनाको कार्यान्वयनपश्चात् आगामी तीन वर्ष (आ.व. २०७९/८० देखि २०८१/८२) को लागि आय प्रक्षेपण गरिएको छ । यो आय अनुमान राजस्व सुधार योजनामा प्रस्ताव गरिएका क्रियाकलापहरूको आधारमा गरिएको छ । धेरैजसो शीर्षकहरूको आय प्रक्षेपण प्राप्त तथ्याङ्कमा आधारित छ भने भविष्यमा आयका आधारको दायरा बढ्न गई सोबाट हुने योगदानलाई समेत मध्यनजर गरिएको छ । त्यसैगरि केही शीर्षकहरूको आय प्रक्षेपण गर्दा विगतको आय संकलनको वृद्धिदरलाई आधार मानिएकोछ ।

तालिका १८: आगामी तीन आ.व.का लागि राजस्व प्रक्षेपण

| राजस्व संकेत | राजस्व शीर्षक | कुल सम्भाव्यता | आगामी आ.व.को लागि प्रक्षेपणको आधार |
|---|---|---|---|
| **क** | आन्तरिक आय तर्फ | | |
| ११३१३ | सम्पत्ति कर | २२१९८०० | आ.व. २०७९/८० मा कुल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |
| ११३१४ | भूमी कर (मालपोत) | ६०००००० | आ.व. २०७९/८० मा कुल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |
| ११३२१ | घर बहाल कर | १५३६००० | आ.व. २०७९/८० मा कुल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |
| ११३२२ | बहाल विटौरी शुल्क | १००००० | आ.व. २०७९/८० मा कुल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |
| ११३५१ | व्यवसाय कर | २११५००० | आ.व. २०७९/८० मा कुल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा १० |

| राजस्व संकेत | राजस्व शीर्षक | कुल सम्भाव्यता | आगामी आ.व.को लागि प्रक्षेपणको आधार |
|---|---|---|---|
| | | | प्रतिशतले बढ्दै जाने |
| ११४५१ | सवारी साधन कर (साना सवारी) | | आ.व. २०७९/८० मा ८० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |
| ११४७२ | विज्ञापन कर | १०३५०० | आ.व. २०७९/८० मा कूल संभावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |
| ११६१३ | व्यवसाय रजिष्ट्रेशन/ नविकरण दस्तुर | ३००००० | आ.व. २०७९/८० मा कुल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |
| १४२९१ | पर्यटन शुल्क | ३५०००० | आ.व. २०७९/८० मा कूल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |
| १४१५१ | सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय | १७८०००० | आ.व. २०७९/८० मा कूल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |
| ११६३२ | जडिबुटी तथा कवाडी कर र सामुदायिक वनको वन पैदावार बिक्रीबाट प्राप्त हुने आय | ७५००००० | आ.व. २०७९/८० मा कूल संभावनाको ९० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |
| १४२१३ | अन्य बिक्रिबाट प्राप्त रकम (ढुंगा, गिट्टी, बालुवा बिक्री तथा माछा बिक्री) | ६०००००० | आ.व. २०७९/८० मा कुल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |
| १४२४१ | पार्किङ्ग शुल्क | ४००००० | आ.व. २०७९/८० मा कुल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |
| १४२४२ | नक्सापास दस्तुर | १५००००० | आ.व. ०७९/८० मा कुल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा १० |

| राजस्व संकेत | राजस्व शीर्षक | कुल सम्भाव्यता | आगामी आ.व.को लागि प्रक्षेपणको आधार |
|---|---|---|---|
| | | | प्रतिशतले बढ्दै जाने |
| १४२४३ | सिफारिश दस्तुर | २२५०००० | आ.व. २०७९/८० मा कुल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |
| १४२४४ | व्यक्तिगत घटना दर्ता (बिलम्ब) दस्तुर | १५०००० | आ.व. २०७९/८० मा कुल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |
| १४२४९ | अन्य दस्तुर (दर्ता, इजाजत, अनुमती आदि) | ४००००० | आ.व. २०७९/८० मा कुल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |
| १४३११ | न्यायिक दण्ड, जरिवाना र जफत | | अनुमान नगरिएको |
| १४३१२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | ५००००० | आ.व. २०७९/८० मा कुल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |
| १४५२९ | अन्य राजस्व ( विविध आय) | ५५००००० | आ.व. २०७९/८० मा कुल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |
| **ख** | राजस्व बाँडफाँड | | |
| **ख १** | संघीय सरकार | | |
| ११४११ | बाँडफाँड भई प्राप्त हुने मु.अ.कर | ५६३४९००० | आ.व. २०७९/८० मा चालु आ.व. मा अनुमान गरिएको आयको ५ प्रतिशत र त्यस पछिका आ.व. मा क्रमश: ५ प्रतिशतले बढ्दै जाने |
| ११४२१ | बाँडफाँड भई प्राप्त हुने अन्त: शुल्क | ५६३४९००० | |
| १४१७० | बाँडफाँड भई प्राप्त आय | | |
| **ख २** | प्रदेश सरकार | | |
| ११४५६ | बाँडफाँडबाट प्राप्त हुने सवारी साधन कर | १६८६००० | आ.व. २०७९/८० मा चालु आ.व. मा अनुमान गरिएको आयको ५ प्रतिशत र त्यस पछिका आ.व. मा क्रमश: ५ प्रतिशतले बढ्दै जाने |

| राजस्व संकेत | राजस्व शीर्षक | कुल सम्भाव्यता | आगामी आ.व.को लागि प्रक्षेपणको आधार |
|---|---|---|---|
| ११४७१ | बाँडफाँडबाट प्राप्त हुने मनोरञ्जन कर | | |
| ११४७३ | बाँडफाँडबाट प्राप्त हुने जलस्रोत रोयल्टी | | |
| **ग** | अनुदान तथा वित्तीय हस्तान्तरण | | |
| **ग १** | संघीय र सरकार | | |
| १३३११ | समानिकरण अनुदान | ११३४०००००० | आ.व. २०७९/८० मा चालु आ.व. मा अनुमान गरिएको आयको ५ प्रतिशत र त्यस पछिका आ.व. मा क्रमशः ५ प्रतिशतले बढ्दै जाने |
| १३३१२ | शसर्त अनुदान चालु | २६८३४५००० | |
| १३३१३ | शसर्त अनुदान पूँजीगत | | |
| १३३१४ | विषेश अनुदान चालु | ७६४०१४५७ | |
| १३३१५ | विषेश अनुदान पूँजीगत | १६६००००० | |
| १३३१६ | समपुरक अनुदान चालु | ५०२५९४८१ | |
| १३३१७ | समपुरक अनुदान पूँजीगत | १३९००००० | |
| १३३१८ | अन्य अनुदान (सामाजिक सुरक्षा, निर्वाचन क्षेत्र विकास तथा अन्य) | १३००००००० | |
| **ग २** | प्रदेश सरकार | | |
| १३३११ | समानिकरण अनुदान | १२१७७००० | आ.व. २०७९/८० मा चालु आ.व. मा अनुमान गरिएको आयको ५ प्रतिशत र त्यस पछिका आ.व. मा क्रमशः ५ प्रतिशतले बढ्दै जाने |
| १३३१२ | शसर्त अनुदान चालु | | |

| राजस्व संकेत | राजस्व शीर्षक | कुल सम्भाव्यता | आगामी आ.व.को लागि प्रक्षेपणको आधार |
|---|---|---|---|
| १३३१३ | शसर्त अनुदान पूँजीगत | ३२४०००००० | |
| १३३१४ | विषेश अनुदान चालु | | |
| १३३१५ | विषेश अनुदान पूँजीगत | ७०००००० | |
| १३३१६ | समपुरक अनुदान चालु | | |
| १३३१७ | समपुरक अनुदान पूँजीगत | १५००००० | |
| १३३१८ | अन्य अनुदान | १३०००००० | |
| **ग ३** | अन्य आन्तरिक अनुदान | | |
| १३४११ | अन्य संस्थागत आन्तरिक अनुदान | | अनुमान नगरिएको |
| १३४१२ | अन्य व्यक्तिगत आन्तरिक अनुदान | | |

## ६.२ नगरपालिकाको आगामी तीन आर्थिक वर्षको राजस्व प्रक्षेपण

यस नगरपालिकाको आगामी तीन वर्षको प्रक्षेपित राजस्व/आयको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ। माथिका अध्यायहरूमा प्रस्ताव गरिए अनुसार नगरपालिकाको आर्थिक ऐनमा करका दायरा बिस्तार गर्न सकेको खण्डमा नगरपालिकाको आय बृद्धि हुने देखिन्छ । आय शीर्षकको सम्भाव्यता तथा राजस्व सुधार कार्ययोजनाको कार्यान्वयनलाई आधार मानी नगरपालिकाको आगामी तीन आर्थिक वर्षको आन्तरिक राजस्वको प्रक्षेपण तालिका १९ मा प्रस्तुत गरिएको छ।

## तालिका १९: नगरपालिकाको आगामी ३ आर्थिक वर्षको आन्तरिक राजस्वको प्रक्षेपण

| राजस्व संकेत | राजस्व शीर्षक | यथार्थ (विगत तीन आ.व.को) | | | अनुमानित आय (चालू आ.व.को) | कुल संभावना | प्रक्षेपित आय (आगामी तीन आ.व.कों | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | २०७५/०७६ | २०७६/०७७ | २०७७/०७८ | २०७८/०७९ | | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ |
| १०००० | राजस्व तथा अनुदान | | | | | | | | |
| ११००० | कर | | | | | | | | |
| ११३०० | सम्पत्ति कर | | | | | | | | |
| ११३१० | अचल सम्पत्तिमा लाग्ने कर | | | | | | | | |
| ११३११ | व्यक्तिगत सम्पत्तिमा लाग्ने वार्षिक कर | | | | | | | | |
| ११३१२ | संस्थागत सम्पत्तिमा लाग्ने वार्षिक कर | | | | | | | | |
| ११३१३ | सम्पत्ति कर | ८२५९१०।७० | १४६७३००० | ५००००० | १५००००० | २२१९८०० | १७७५८४० | १९५३४२४ | २१४८७६६।४ |
| ११३१४ | भूमी कर (मालपोत) | २११७४५७।२५ | ३३७२००० | १३००००० | ५२००००० | ६०००००० | ४८००००० | ५२८०००० | ५८०८००० |
| ११३२० | खुद सम्पत्तिमा लाग्ने चालु कर | | | | | | | | |
| ११३२१ | घर बहाल कर | ७८८२१५२ | ५०२०००० | ३७०००० | ५००००० | १५३६००० | १२२८८०० | १३५१६८० | १४८६८४८ |
| ११३२२ | बहाल बिटौरी शुल्क | २७८८४१०० | ८७००० | ५०००० | ४०००० | १००००० | ८०००० | ८८००० | ९६८०० |
| ११३५० | वित्तीय र पूँजीगत कारोबारमा लाग्ने कर | | | | | | | | |
| ११३५१ | व्यवसाय कर | ८७९६३०१०० | २०७००० | ६०००००० | १०५०००० | २११५००० | १६९२००० | १८६१२०० | २०४७३२० |
| ११४०० | वस्तु तथा सेवामा आधारित कर | | | | | | | | |
| ११४१० | मुल्य अभिवृद्धि कर | | | | | | | | |
| ११४११ | बाँडफाँड भई प्राप्त हुने मु.अ.कर | | ७४३६९००० | ८२४१०००० | ५६३४९००० | ५६३४९००० | ५९१६६४५० | ६२१२४७७२।५ | ६५२३१०११।१३ |
| ११४२० | अन्त: शुल्क | | | | | | | | |
| ११४२१ | बाँडफाँड भई प्राप्त हुने अन्त: शुल्क | | १३९७८००० | ३०००००००० | ५६३४९००० | ५६३४९००० | ५९१६६४५० | ६२१२४७७२।५ | ६५२३१०११।१३ |
| ११४४० | विशेष सेवामा लाग्ने कर | | | | | | | | |
| ११४४२ | स्वास्थ्य सेवा कर | ३०४५२८०।२० | | | | | | | |
| ११४४३ | शिक्षा सेवा शुल्क: शैक्षिक संस्था | | | | | | | | |
| ११४४४ | शिक्षा सेवा शुल्क: वैदेशिक अध्ययन | | | | | | | | |
| ११४५० | पुर्वाधार सेवाको उपयोग तथा सवारी साधनमा लाग्ने कर | | | | | | | | |

| राजस्व संकेत | राजस्व शीर्षक | यथार्थ (विगत तीन आ.व.को) | | | अनुमानित आय (चालू आ.व.को) | कुल संभावना | प्रक्षेपित आय (आगामी तीन आ.व.कों | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | २०७५/०७६ | २०७६/०७७ | २०७७/०७८ | २०७८/०७९ | | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ |
| ११४५१ | सवारी साधनमा कर (सवारी दर्ता, वार्षिक सवारी कर) | ५७८००।०० | १४२००० | १५०००० | १००००० | १००००० | १०५००० | ११५५०० | १२७०५० |
| ११४५२ | पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर | | | १५०००००० | १०००००००० | १०००००००० | १०५०००००० | ११५५००००० | १२७०५००० |
| ११४५६ | बाँडफाँडबाट प्राप्त हुने सवारी साधन कर | | | | १६८६००० | १६८६००० | १७७०३०० | १८५८८१५ | १९५१७५५।७५ |
| ११४७० | मनोरंजन कर | | | | | | | | |
| ११४७१ | सिनेमा डकुमेन्ट्री | | | | | | | | |
| ११४७२ | विज्ञापन कर | | | | | १०३५०० | ८२८०० | ९१०८० | १००१८८ |
| ११४७३ | अन्य मनोरंजन कर | | | १०००० | १०००० | १०००० | ८००० | ८८०० | ९६८० |
| ११६०० | अन्य कर | | | | | | | | |
| ११६१० | व्यवसायले भुक्तानी गर्ने | | | | | | | | |
| ११६१३ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | | | | | | | | |
| ११६१४ | रेडियो, एफ.एम. संचालन दस्तुर | | | | | | | | |
| ११६२० | व्यवसाय बाहेक अन्यले भुक्तानी गर्ने | | | | | | | | |
| ११६२१ | चालक अनुमती पत्र, सवारी दर्ता किताब सम्बन्धी दस्तुर | | | | | | | | |
| ११६३० | कृषि तथा पशुजन्य कारोवारमा लाग्ने कर | | | | | | | | |
| ११६३१ | कृषि तथा पशुजन्य वस्तुको व्यवसायिक कारोवारमा लाग्ने कर | | | | | | | | |
| ११६३२ | ओखेटोपहारमा लाग्ने कर | | ४३००० | १०००० | १०००० | १००००० | ८०००० | ८८००० | ९६८०० |
| ११६९० | अन्य कर | | | | | | | | |
| ११६९१ | अन्य कर (कवाडी कर) | २१२१७०।०० | २४५४४००० | १२०००००० | ५०००००० | ७५००००० | ६७५०००० | ७४२५००० | ८१६७५०० |
| १३००० | अनुदान | | | | | | | | |
| १३१०० | द्धिपक्षीय वैदेशिक अनुदान | | | | | | | | |
| १३११० | द्धिपक्षीय वैदेशिक चालू अनुदान | | | | | | | | |

| राजस्व संकेत | राजस्व शीर्षक | यथार्थ (विगत तीन आ.व.को) | | | अनुमानित आय (चालू आ.व.को) | कुल संभावना | प्रक्षेपित आय (आगामी तीन आ.व.कों | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | २०७५/०७६ | २०७६/०७७ | २०७७/०७८ | २०७८/०७९ | | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ |
| १३१११ | द्धिपक्षीय वैदेशिक चालू अनुदान | | | | | | | | |
| १३१२० | द्धिपक्षीय वैदेशिक पुँजीगत अनुदान | | | | | | | | |
| १३१२१ | द्धिपक्षीय वैदेशिक पुँजीगत अनुदान | | | | | | | | |
| १३२०० | बहुपक्षीय वैदेशिक अनुदान | | | | | | | | |
| १३२१० | बहुपक्षीय वैदेशिक चालु अनुदान | | | | | | | | |
| १३२११ | अन्तरसरकारी अन्तराष्ट्रिय संस्थाबाट प्राप्त चालु अनुदान | | | | | | | | |
| १३२१२ | गैह्र सरकारी अन्तराष्ट्रिय संस्थाबाट प्राप्त चालु अनुदान | | | | | | | | |
| १३२२० | बहुपक्षीय वैदेशिक पूँजीगत अनुदान | | | | | | | | |
| १३२२१ | अन्तरसरकारी अन्तराष्ट्रिय संस्थाबाट प्राप्त पूँजीगत अनुदान | | | | | | | | |
| १३२२२ | गैह्र सरकारी अन्तराष्ट्रिय संस्थाबाट प्राप्त पूँजीगत अनुदान | | | | | | | | |
| १३३०० | अन्तरसरकारी वित्तीय हस्तान्तरण | | | | | | | | |
| १३३१० | अन्तरसरकारी अनुदान | | | | | | | | |
| | संघीय सरकार | | | | | | | | |
| १३३११ | समानिकरण अनुदान | | १२२३४५००० | १२२२१८००० | १२५५७७००० | १२५५७७००० | १३१८५५८५० | १३८४४८६४२।५ | १४५३७१०७४।६ |
| १३३१२ | शसर्त अनुदान | | २१६५८८००० | ४१२७०४००० | ३१०३१२००० | ३१०३१२००० | ३२५८२७६०० | ३४२११८९८० | ३५९२२४९२९ |
| १३३१३ | विषेश अनुदान | | २८५००००० | ७४०००००० | | ७६४०१४५७ | ८०२२१५३०।११ | ८४२३२६०६।६२ | ८८४४२३६।९५ |
| १३३१४ | समपुरक अनुदान | | १३३००००० | ४८२००००० | | ५०२५९४८१ | ५२७७२४५४।६८ | ५५४११०७७४१ | ५८१८१६३१।२८ |
| १३३१५ | अन्य अनुदान | | | २५७०००००० | २६०००००० | २६०००००० | २७३००००० | २८६६५०००० | ३००९८२५०० |
| १३३२० | समपुरक अनुदान पुँजीगत | | | | २८९००००० | २८९००००० | ३०३४५००० | ३१८६२२५० | ३३४५५३६२।५ |
| १३३२१ | शसर्त पूँजीगत अनुदान | | | | ३२४००००० | ३२४००००० | ३४०२०००० | ३५७२१००० | ३७५०७०५० |
| १३३२२ | विशेष पूँजीगत अनुदान | | | | २३६००००० | २३६००००० | २४७८०००० | २६०१९००० | २७३१९९५० |

| राजस्व संकेत | राजस्व शीर्षक | यथार्थ (विगत तीन आ.व.को) | | | अनुमानित आय (चालू आ.व.को) | कुल संभावना | प्रक्षेपित आय (आगामी तीन आ.व.कों | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | २०७५/०७६ | २०७६/०७७ | २०७७/०७८ | २०७८/०७९ | | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ |
| १४००० | अन्य राजस्व | | | | | | | | |
| १४१०० | सम्पत्तिबाट प्राप्त आय | | | | | | | | |
| १४११० | व्याज | | | | | | | | |
| १४१११ | वित्तीय निकायबाट प्राप्त व्याज | | | | | | | | |
| १४११२ | व्यापारिक निकायबाट प्राप्त व्याज | | | | | | | | |
| १४११३ | औद्योगिक निकायबाट प्राप्त व्याज | | | | | | | | |
| १४११४ | सेवामुलक निकायबाट प्राप्त व्याज | | | | | | | | |
| १४११९ | अन्य निकायबाट प्राप्त व्याज | | | | | | | | |
| १४१२० | लाभांश | | | | | | | | |
| १४१२१ | वित्तीय निकायबाट प्राप्त लाभांश | | | | | | | | |
| १४१२२ | व्यापारिक निकायबाट प्राप्त लाभांश | | | | | | | | |
| १४१२३ | औद्योगिक निकायबाट प्राप्त लाभांश | | | | | | | | |
| १४१२४ | सेवामुलक निकायबाट प्राप्त लाभांश | | | | | | | | |
| १४१२९ | अन्य निकायबाट प्राप्त लाभांश | | | | | | | | |
| १४१५० | भाडा तथा रोयल्टी | | | | | | | | |
| १४१५१ | सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय | २८३९६८५।०० | | | २०००००० | १७८०००० | १४२४००० | १५६६४०० | १७२३०४० |
| १४१५२ | क्यासिनोबाट प्राप्त रोयल्टी | | | | | | | | |
| १४१५९ | अन्य स्रोतबाट प्राप्त बाँडफाँड नहुने रोयल्टी | | | | १२००००० | १२००००० | ९६०००० | १०५६००० | ११६१६०० |
| १४१७० | राजस्व बाँडफाँडबाट प्राप्त आय | | | | | | | | |
| १४१७१ | वन रोयल्टी | | | | | | | | |
| १४१७२ | खानी रोयल्टी | | | | | | | | |
| १४१७३ | जलस्रोत रोयल्टी | | | | | | | | |
| १४१७४ | पर्वतारोहण रोयल्टी | | | | | | | | |
| १४१७५ | पदयात्रा रोयल्टी | | | | | | | | |

| राजस्व संकेत | राजस्व शीर्षक | यथार्थ (विगत तीन आ.व.को) | | | अनुमानित आय (चालू आ.व.को) | कुल संभावना | प्रक्षेपित आय (आगामी तीन आ.व.कों | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | २०७५/०७६ | २०७६/०७७ | २०७७/०७८ | २०७८/०७९ | | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ |
| १४१७६ | पर्यटन सेवा शुल्क रोयल्टी | | | | | | | | |
| १४१७७ | घरजग्गा रजिष्ट्रेशन रोयल्टी | ४७९६०९९।०० | | | | | | | |
| १४१७८ | सवारी साधन कर | | | | | | | | |
| १४१७९ | अन्य बाँडफाँड हुने राजस्व | | | | | | | | |
| १४२०० | बस्तु तथा सेवा बिक्रिबाट प्राप्त रकम | | | | | | | | |
| १४२१० | बस्तु तथा सेवा बिक्रिबाट प्राप्त रकम | | | | | | | | |
| १४२११ | कृषी उत्पादनको बिक्रिबाट प्राप्त रकम | | | | २००००० | २००००० | १६०००० | १७६००० | १९३६०० |
| १४२१२ | सरकारी सम्पत्ति बिक्रिबाट प्राप्त रकम | | | | | | | | |
| १४२१३ | अन्य बिक्रिबाट प्राप्त रकम (ढुङ्गा, गिट्टी, बालुवा र माटो) | ३१२०००।०० | ४८१०००० | ५०००००० | १०००००० | ६०००००० | ४८००००० | ५२८०००० | ५८०८००० |
| १४२१६ | निजी धारा बापतको शुल्क | | | | | | | | |
| १४२१७ | खानेपानी, नहर तथा कुलो उपयोग बापतको शुल्क | | | | | | | | |
| १४२१८ | विद्युत्त सेवा शुल्क | | | | | | | | |
| १४२१९ | अन्य सेवा शुल्क | | | | | | | ० | ० |
| १४२२० | प्रशासनिक सेवा शुल्क | | | | | | | | |
| १४२२१ | न्यायिक दस्तुर | ११३८०।०० | | | | | | | |
| १४२२३ | शिक्षा क्षेत्रको आम्दानी | | | | ७००००० | ७००००० | ५६०००० | ६१६००० | ६७७६०० |
| १४२२४ | परीक्षा शुल्क | १६१८२८३।०० | | | २००००० | २००००० | १६०००० | १७६००० | १९३६०० |
| १४२२५ | यातायात क्षेत्रको आम्दानी | | | | २५०००० | २५०००० | २००००० | २२०००० | २४२००० |
| १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | ९१८९२२।४८ | | | | | | | |
| १४२४० | दस्तुर | | | | | | | | |
| १४२४१ | पार्किङ्ग शुल्क | | | | | ४००००० | ३२०००० | ३५२००० | ३८७२०० |
